मानवका लागि मानव अधिकार

मानव अधिकारका लागि उपयुक्त संस्कृति

प्राची

संचेतना द्वैमासिक पूर्णाङ्क ६७, भदौ-असोज ०६५

समावेशीकरणका सवालहरू

RESEARCHERS

STUDENTS

ACADEMICS

ACTIVISTS

Visit INSEC Library to have access to Human Righs Resources and Information

Books on Human Rights Including :

- Children, Child Rights
- Women, Women's Rights
- Conflict & Peace Studies
- Economics
- Social Sciences
- Media Studies
- Law, Rights, & Politics
- News clippings
- Reports
- Photographs
- Video footages

Facilities :

- Photocopy
- Internet Access
- Computerised Catalogue

NATIONAL AND INTERNATIONAL NEWSLETTERS AND JOURNALS ON HUMAN RIGHTS

Informal Sector Service Centre (INSEC)

Syuchatar, Kalanki, P. O. Box : 2726, Kathmandu, Nepal

Tel : 977-01-4278770, Fax : 977-01-4270551

Email : insec@insec.org.np

Web-site : www.inseconline.org

मानवका लागि मानवअधिकार
मानवअधिकार लागि
उपयुक्त संस्कृति

प्राची

संचेतना द्वैमासिक

वर्ष १६, पूर्णाङ्क ६७, भदौ-असोज २०६५

समावेशीकरणका सवालहरू

- लोकतान्त्रिक पद्धति र समावेशीकरणको सवाल ७
- सङ्घीय संरचना र दलित समुदायको समावेशीकरण १४
- सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा मधेसी समावेशीकरणको सवाल १९



- श्रम शोषणका रुपमा बाली प्रथा कायम ३१
- दुःखद कपिलवस्तु घटना र त्यसको एक वर्ष ३२
- लोकतान्त्रिक पद्धतिमा युवाका सवाल ३८
- कविता : उधिन्नुपर्यो चिहानहरु: शाषकीय मनहरु ४२
- कथा : ऐंजेरु ४३
- आँसु र निराशामा मिजेका स्वहरु ४४

नियमित स्तम्भहरु

- यथावत् २
- कार्टून २
- सम्पादकीय ३
- इतिहासको पानाबाट ४
- पाठक-प्रतिक्रिया ५
- सामयिक ६
- जनमत ४०
- मानवअधिकार सामान्य ज्ञान ४५
- अन्तर्वार्ता ४६

संस्थापक
सुशील-प्रकाश

सल्लाहकार
सुबोधराज प्याकुरेल
कुन्दन अर्याल

सम्पादक
मदन पौडेल

आवरण ले-आउट
गोविन्दप्रसाद त्रिपाठी

फोटो
विमलचन्द्र शर्मा
इन्सेक जिल्लाप्रतिनिधि

व्यवस्थापन
शैलेश शर्मा

इन्सेक insec

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
द्वारा प्रकाशित
पत्र मञ्जुषा : २७२६ काठमाडौं
टेलिफोन : ४२७८७७०
फ्याक्स : ४२७०५५१
इमेल : prachi@insec.org.np
वेबसाइट : www.inseconline.org

मुद्रक
इन्द्रेणी अफसेट प्रेस
अनामनगर, काठमाडौं
फोन : ४७७१४४८

परिवर्तन अनुसार नचले कारबाही गरिन्छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल

निजामति सेवा दिवसमा आयोजित कार्यक्रममा बोल्दै, ०६५ भदौ २२ गते

छ महिनाभित्रमा मुलुकमा जनताले शान्ति सुरक्षा अनुभूति गर्नेछन् ।

उपप्रधानमन्त्री तथा गृहमन्त्री बामदेव गौतम

सुरक्षा प्रमुखलाई निर्देशन दिंदै, ०६५ भदौ १५ गते

काम चलाउ सरकारले संविधान निर्माण गर्न ध्यान दिने कार्य मात्र गर्नुपर्छ, ठूला ठूला कुरा गर्न हुँदैन र सक्दैन पनि ।

गिरिजाप्रसाद कोइराला

डेमोक्र्याटिक लयर्स एशोसिएसनको कार्यक्रममा काठमाडौंमा बोल्दै, ०६५ भदौ २८

प्रधानमन्त्री प्रचण्डले हस्तक्षेप गर्न खोजे मन्त्री र पार्टीबाट समेत राजिनामा दिन्छु ।

मातृकाप्रसाद यादव, भूमिसुधार मन्त्री

सिराहाको मिर्चैयाको जग्गा कब्जा गर्नुअघि राजविराजमा आयोजित पत्रकार सम्मेलनमा आफ्नो भनाइ राख्दै, ०६५ भदौ ३०

कार्टून

नेपालका कर्मचारी सदाचारी हुने भएपछि अब हामी पनि शाकारी बन्ने प्रण गरे कसो होला ?!

साभार
अन्नपूर्ण पोष्ट
०६५ भदौ ३१ गते

प्रिय पाठक !

तपाइँलाई प्राचीको यो अङ्क कस्तो लाग्यो ?
प्राचीमा कस्ता सामग्री आऊन् भन्ने तपाइँको अपेक्षा छ ?
कृपया प्रतिक्रिया लेख्न नभुल्नु होला।

email : prachi@insec.org.np

सम्पादक

नयाँ नेपालका लागि समावेशी संविधान

देश संविधानसभाको निर्वाचनपछि नयाँ संविधान निर्माण गर्ने चरणमा प्रवेश गरिसकेको छ । विगतमा विभिन्न आन्दोलनहरूपश्चात् निर्माण गरिएका संविधानले सबै तह र तप्काका जनताको भावना समेट्न नसकेकोले नै ती संविधानहरु असफल भएका हुन् । तसर्थ नयाँ बन्ने संविधानले सबै तह र तप्काका जनताको भावनालाई समेट्नुपर्दछ ।

नयाँ संविधानले नेपाली जनतालाई समावेशी लोकतन्त्रको अनुभूति दिलाउनको लागि राज्यभित्र सबैले आ-आफ्नो भिन्न अवस्था, धर्म, संस्कृति, परम्परा, रीतिरिवाज, भाषा र रहनसहनको पहिचानलाई कायम राख्दै राज्यको राजकीय तथा सार्वजनिक मामलालगायतका राज्य प्रणालीमा बिना भेदभाव हिस्सेदार बन्न पाउने अधिकारको प्रत्याभूति गराउनुपर्दछ । नेपालजस्तो विभिन्न जाति, धर्म, संस्कृति र पहिचान भएको मुलुकको लागि समावेशी लोकतन्त्र नै सबैभन्दा उपयुक्त शासन प्रणाली हो भन्दा अत्युक्ति हुँदैन । त्यसैले नयाँ संविधानले यसतर्फ पहल गर्न जरुरी देखिन्छ । जनआन्दोलन ०६२/६३ पश्चात पुनर्स्थापित संसदले नेपाललाई धर्म निरपेक्ष राज्य घोषणा गर्नुका साथै सबै भाषालाई राष्ट्रिय भाषाको मान्यता दिएर समावेशीकरणको दिशामा अगाडि बढेको देखिन्छ यसलाई संस्थागत गर्नको लागि नयाँ बन्ने संविधानले समावेशीकरणमा जोड दिनुपर्ने देखिन्छ ।

नेपालको सन्दर्भमा हेर्दा विगतदेखि नै समावेशीकरणको कुरा उठ्दै आए पनि यो मुद्दालाई केवल राजनीतिक स्वार्थपूर्तिको साधन मात्र बनाइयो र वञ्चित समुदायको समावेशीकरण केवल दलहरूको निर्वाचन जित्ने हतियार मात्र बन्नपुगेको थियो । लोकतान्त्रिक आन्दोलनको सफलतापश्चात बनेको अन्तरिम संविधानको धारा २१ ले सामाजिक न्यायको हक अन्तर्गत आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिलेपछि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेसी समुदाय, उत्पीडित वर्ग, गरीब किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको संरचनामा सहभागी हुने पाउने अधिकार प्रदान गर्नुका साथै धारा ३३ र १५८ ले पनि मधेसी समावेशीकरणको सुनिश्चितता गरेको छ । यसरी हेर्दा राजनीतिक दलहरू समावेशीकरणको सवालमा केही अगाडि बढेको देखिन्छ तर उनीहरूले विगतमा गरेको प्रतिवद्धतालाई व्यवहारमा उतार्ने बेला आएको छ यसको लागि राजनीतिक दलहरुले नयाँ बन्ने संविधानमा सबै वर्ग, जातजाति तथा समुदायलाई समेट्नुका साथै र समावेशी लोकतन्त्रको प्रत्याभूति दिलाउनुपर्दछ अन्यथा जसरी विगतमा उत्कृष्ट भनिएका संविधानहरू असफल भए त्यसरी नै जनताको त्याग र तपस्याबाट प्राप्त संविधानसभाले बनाएको संविधानले समेत त्यही नियत भोग्नुनपर्ला भन्न सकिन्न तसर्थ राजनीतिक दलहरु यस दिशातर्फ संवेदनशील बन्न जरुरी छ ।

कैलाली, कञ्चनपुर र बर्दियाका कमैयाहरू

शङ्करहरू मृत्युपश्चात् मात्र मुक्त हुन्छन्। वर्षौंपहिले, शङ्कर नामका एक यस्तो पात्रको सिर्जना कालजयी कथाशिल्पी प्रेमचन्दले गरेका थिए, जो गाउँको महाजनकहाँबाट पैंचो ल्याएको 'सवा सेर गहुँ' आफ्नो जीवनकालभरि चुक्ता गर्न सक्दैन। पैंचो ल्याएको भन्दा कैयन गुना बढी तिरिसकेर गोरु, घर, खेत साहूलाई जिम्मा लगाउँदा पनि शङ्करले सपरिवार २० वर्षसम्म साहूकहाँ बँधुवा मजदुर भएर नारकीय जीवन बिताउनु पऱ्यो। र, मरिसकेपश्चात् मात्र उनले मुक्ति पाउन सके। शङ्करको मृत्युपश्चात् साहूले उनका छोराको टाउकोमा सारा ऋणको बोझ थुपारिदिए।

'सवा सेर गहुँ'को अन्त्यमा प्रेमचन्दले लेखेका छन्, "पाठक ! यस वृत्तान्तलाई कपोलकल्पित नठान्नोस्। यो सत्य घटना हो। यस्ता शङ्करहरू र यस्ता साहूहरूको दुनियाँमा कमी छैन।"

प्रेमचन्द कुनै तथ्याङ्कविद् थिएनन्। तर, उनले सवा सेर गहुँद्वारा हाम्रोजस्तो सामाजिक परिवेशको अप्रेसन गरेका थिए।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले २०४८/४९ मा करिब ११ महिनासम्म बर्दिया, कैलाली र कञ्चनपुर जिल्लामा गरेको अध्ययन-अनुसन्धानले नेपालका त्यस्ता थुप्रै अभागी शङ्करहरूलाई दुनियाँको आँखाअगाडि उभ्याइदिएको छ।

आज पनि पश्चिम नेपालका ती जिल्लामा साहूले दिएको अति न्यून पारिश्रमिक 'बिघा' र अपुरो आहार 'मसौरा'ले धान्न नसकेर शङ्कर चौधरी वा शङ्कर थारूहरू तिनै साहूहरूसँग ऋण-'सौंकी' काढिरहेका छन्। उनीहरू दिन परदिन 'सौंकी'को डोरीले कस्सिंदैछन्। र, पुस्तौनीसम्म गुलामीको जीवन बाँचिरहेछन्।

कञ्चनपुरको देखत मुलीमा जन्मेर त्यहीँ हुर्केका ५६ वर्षीय छिदुवा खुना प्रेमचन्दको शङ्करकै अर्को संस्करण हुन्। उनले गाउँकै एक जना साहूसँग ०३४ मा जेठो छोराको विवाह गर्न पाँच हजार रुपियाँ ऋण लिएका थिए। उक्त ऋणको मुख दिनानुदिन यति ठूलो हुँदै जाँदैछ कि ११ बिघा जमिन तिनै साहूलाई जिम्मा लगाउँदा पनि साहूको चित्त नबुझेपश्चात् उनी दुई वर्ष साहूको कमैया भएर बस्न पुगे। ऋणको मुख झन् ठूलो भएपछि उनले आफ्नो साटो तीन जना छोरा र एउटी बुहारीलाई पनि तिनै साहूको कमैया बनाइदिए र १० वर्षभन्दा बढी भयो सारा परिवार साहूको बँधुवा बनेको छ। तर, सौंकी घटेको छैन, ५० हजार पुगिसक्यो।

सौंकी यस्तो हतियार हो, जसको चलाखीपूर्वक सञ्चालन गर्दै साहूहरू मानिसको मानिस भएर ज्यूने हक खोस्छन्।

भनिन्छ, न्यूनतम बेतन पनि नपाउने गरी खास अवधिको करारमा कुनै काम गर्नु नै बँधुवा हुनु हो। कमैया प्रथामा खेतीको काम गर्ने घरबारविहीन किसानलाई वर्षदिनको करारमा कमैया बनाई राखिन्छ। कमैयाको पूरै परिवार नै साहूको सेवामा जुट्छ- साहूले दिएको सानो बुकुरामा बस्छ। कमैयाकी स्वास्नी बुकरही भएर दिनरात घरवारको काम गर्छे, कमैयाका छोराछोरी ग्वाला-ग्वाल्नी भएर असमान कामका बोझ उठाउँछन्। यस्ता कमैयाहरूलाई थाहा छैन- मजदुरहरूले ठूलो सङ्घर्ष गरेर १८८६ को पहिलो मईदेखि नै दैनिक कार्य अवधि आठ घन्टामा सीमित पारिसके। उनीहरूलाई मई दिवस भनेको पनि थाहा छैन। उनीहरू बिहान ३ बजे नै उठ्छन् र मेसिन जसरी काम गर्दागर्दै आधा रात नभई सुत्न पाउँदैनन्। त्यसैले कमैयाहरू बँधुवा मजदुर नै हुन्। झन् सौंकी लिने कमैयाहरू त पुस्तौनीको बँधुवा हुन पुग्छन्।

कमैयाहरूलाई प्रत्येक वर्ष माघमा सरसुविधा आदिका आधारमा मालिक छान्ने नाम मात्रको अवसर प्रदान गरिन्छ। तर, मालिक वा साहूहरूले वर्षौंदेखि कमैयाहरूका लागि तय गरिएका कुनै कुराहरूमा थप गरेका छैनन्। दरिद्रतामा तड्पिरहेका सोझा भूमिहीन किसानहरू त्यस्तो अवस्थामा कुनै न कुनै मालिकको जालोमा फस्छन् नै। र, कमैयालाई बँधुवा बनाउने साहूहरूसँग भएको हतियार हो- सौंकी। साहूहरू कमैयालाई अत्यन्त कम खुराकी र नगद ज्याला दिन्छन् र उनीहरूलाई सौंकी लिन बाध्य तुल्याउँछन्। र, निमुखा अनपढ कमैयाहरूको सौंकी यति तीव्र बेगले बढ्दै जान्छ कि दैनिक १८ घन्टा काम गर्दा पनि उनीहरू जीवनभर सौंकी फच्चे गर्न सक्दैनन्।

सौंकी भएको कमैयाले पहिलो माघ वा माघ महिनामा आफूले चाहेको मालिककहाँ जान पाउँदैन। किनभने, कुनै मालिकले उसको सौंकी पुरानो मालिकलाई तिरिसकेपश्चात् मात्र उसले पुरानो मालिककहाँबाट छुटकारा पाउन सक्छ। यसरी सौंकी लिने कमैयाले जस्तोसुकै सर्तहरू मानेर भए पनि जीवन बिताउनु पर्ने हुन्छ। यस्ता कमैयाहरू पूर्णतः बँधुवा हुन पुग्छन्। र, यसरी मानिसको किनबेचलाई खुला छुट दिने तारतम्य मिलाइन्छ। कैलाली, बर्दिया र कञ्चनपुरमा रहेका करिब १८ हजार कमैयाहरूमध्ये ३१ प्रतिशतले सौंकी लिएका छन्। र, त्यसैले हाम्रो देशका पाँच हजारभन्दा बढी कमैयाहरू पूर्णतः पशुको जीवन ज्यून बाध्य तुल्याइएका छन्।

३५ वर्षसम्म कमैया जीवन बिताउने र चार-चार पुस्तासम्म बँधुवा भएर काम गर्ने लौटन थारू, भङ्गी राना र नेसीराम चौधरीहरू कैलाली, कञ्चनपुरमा २५, ८ र १४ प्रतिशत कमैयाहरू आफू कति पुस्तादेखिको कमैया हुँ भन्ने पनि बताउन नसक्ने स्थितिमा छन्।

कमैयाहरू वनजङ्गलमा काठदाउराका लागि जाँदा पक्राउ परे भने उनीहरू आफैंले फर्स्याउनु पर्छ। तर, उनीहरूले काम गर्दागर्दै मालिकको केही नोक्सानी भयो भने सौंकी लागिहाल्छ।

यतिसम्म कि मालिकको काम गर्दा चोटपटक लाग्दासमेत उनीहरूले उपचार खर्च र अवसर पाउँदैनन्। मरेपछि मात्र कामबाट बिदा पाउने कमैयाहरूले मानवअधिकारको नाममा कुनै पनि अधिकार देख्न पाएका छैनन्। कमैयाकी सुत्केरीले पनि १०/१२ दिन बिदा पाई भने धेरै आराम गरेको ठहरिन्छ।

स्वतन्त्रता कुन चरीको नाम हो, हाम्रा शङ्कर कमैयाहरूलाई थाहा छैन, कमैयाले आफ्नी नवविवाहिता पत्नी पनि सर्वप्रथम मालिकलाई चढाउनुपर्ने चलनसमेत यदाकदा देखिने गरेको छ।

राजधानीका विशिष्ट स्थलहरूमा 'नेपालमा दास प्रथाको अन्त्य चन्द्रशमशेरकै समयमा भइसक्यो' भनेर दाबी गर्ने वरिष्ठ नागरिकहरूको दृष्टि कैलाली, कञ्चनपुर र बर्दियातर्फ पनि पुगेको छ कि छैन ? यदि पुगेको छ भने संविधानत: हरेक नागरिकलाई सामाजिक र आर्थिक न्याय प्रदान गरी हरप्रकारका शोषणहरूको अन्त्य गर्नु राज्यको दायित्व हो कि होइन ? के त्यस दिशामा सरकारले सानो कदम मात्र भए पनि चालेको छ ?

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)द्वारा कमैयाहरूका विषयमा तयार पारिएको प्रतिवेदन 'नेपालमा कमैया प्रथाभित्र बाँधा मजदुर'मा सरकारलाई कमैयाका विषयमा के कसो गर्दा उपयुक्त हुन्छ भन्ने छानबिन गर्न मानवअधिकार कार्यकर्तासमेतको सहभागिता हुने गरी एउटा उच्चस्तरीय आयोग बनाउने सुझाव प्रदान गरिएको छ। तत्कालका लागि सरकारलाई त्यति मात्र गर्न पनि कसले रोकिरहेछ ? मानवअधिकारप्रति प्रतिबद्ध सरकारको प्रतिबद्धतामाथि यस सवालले पनि अर्को प्रश्नवाचक चिह्न तेर्स्याइदिएको छ।

- विन्देसर मण्डल

(प्राची संचेतना द्वैमासिक, पुस-माघ, ०४९, वर्ष १, अङ्क २, पूर्णाङ्क ९)

पाठक प्रतिक्रिया

सम्पादकज्यू,

प्राचीको पूर्णाङ्क ६६ समयमै अध्ययन गर्ने मौका पाएँ। सामग्रीका हिसाबले प्राचीका धेरै जसो अङ्कहरू सङ्ग्रहणीय हुन्छन्। यो अङ्क पनि त्यस्तै लाग्यो। प्राचीका नियमित स्तम्भहरू फिचर, मानवअधिकार सामान्य ज्ञान, इतिहासको पानाबाट आदि पठनीय छन्। यो अङ्कमा समेटिएको अभिव्यक्ति स्वतन्त्रताको अधिकार विषयक आवरणले सूचनाको हक र यसका चुनौती र अवसरलाई छर्लङ्ग्याएको छ। आगामी दिनमा यस्तै सामग्रीको अपेक्षा गर्दछु।

प्रयास पोखरेल

काठमाडौं सेन्ट्रल कलेज, बानेश्वर

सम्पादकज्यू,

प्राची पूर्णाङ्क ६६ अद्योपान्त पढें। सुबोधराज प्याकुरेले लेख्नु भएको सूचनाको हक विषयक लेख रोचक लाग्यो। जनतालाई सूचना प्रवाह गर्ने कुरामा सरकारी निकाय उदासीन छन् भन्ने कुरा उहाँको लेखमा उल्लेख छ। यस्ता विषयले प्राथमिकता पाउनुपर्ने हाम्रो सरकार र सरकारी निकाय सूचनालाई कसरी लुकाउने भनेर दत्तचित्त भएर लागिपरेका छन्। जनताले सूचनाबाट वञ्चित हुनु भनेको लोकतान्त्रिक शासन पद्धतिको बर्खिलाप हो।

सुमनकुमार भुजेल

श्री सार्वजनिक उच्च मावि

बेंगाडावर, धनुषा

सम्पादकज्यू,

प्राचीको ६६ औं अङ्क अध्ययन गर्दा लोकतन्त्रलाई संस्थागत विकास गर्नका लागि सूचनाको हकसम्बन्धी लेख असाध्यै राम्रो लाग्यो। विचार अभिव्यक्ति स्वतन्त्रताका लागि नयाँ संविधान निर्माण गर्नका लागि यस अङ्कले ठूलो टेवा पुऱ्याउन सक्नेछ भन्ने हामी पाठकलाई उत्साह थपेको छ। यस अङ्कमा गत जनआन्दोलनको फोटो प्रकाशित भएको रहेछ । आगामी अङ्कमा नयाँ संविधान निर्माण प्रक्रियामा सभासद्हरूलाई घच्घच्याउनका लागि र नयाँ नेपालको खाका तयार पार्नका लागि संविधानसभासम्बन्धी विज्ञ कानुनविद्हरूका लेखहरूलाई समावेश गरी खोजमूलक लेख र चेलीबेटी बेचबिखनसम्बन्धी लेखहरूलाई समावेश गरिदिनु भएमा अति नै राम्रो हुने थियो।

रुद्रबहादुर खड्का

सल्लाहकार, रिलेक नेपाल सिन्धुली जिल्ला शाखा

हार्दिक बिदाइ

विगत १८ महिनादेखि प्राचीको सम्पादनको जिम्मेवारी सम्हाल्दै आउनु भएका लक्ष्मणदत्त पन्तले आमसञ्चारका अन्य क्षेत्रमा सक्रिय हुने जनाउँदै इन्सेकबाट विदा लिनु भएको छ । उहाँको उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

इन्सेक परिवार

समावेशी नेपालको निर्माण

- सुबोधराज प्याकुरेल

कानुनमा समानता भएको ठाउँमा पनि व्यवहारमा समानता रहेन । त्यसैले समानतामा आधारित कानुन बनाउने र त्यसलाई व्यवहारमा परिपालना गर्ने दृढ इच्छाशक्ति भएको सरकार आजको नेपालको पहिलो आवश्यकता हो।

जनआन्दोलनपछिको नेपाली राजनीतिको मुख्य कार्यभार सबैखाले विभेद र छुवाछूतबाट मुक्त समन्यायमा आधारित प्रगतिशील राष्ट्रको निर्माण गर्नमा केन्द्रित रहेको छ। राजतन्त्रलाई संविधानसभाको प्रक्रिया पुऱ्याएर अन्त्य गरिएपछि सामन्तवादको माथिल्लो निकाय अब समूल हटेको छ। यस बेलामा हामीले आफ्नो व्यवहार, चिन्तन र शैलीलाई सामाजिक न्यायको सिद्धान्तअनुसार परिमार्जन गर्नुपर्ने, सुधार गर्नुपर्ने अति जरुरी छ। सिद्धान्तका हिसाबले हाम्रा नेताहरू पोख्त देखिन्छन्। तर, व्यवहारका मामिलामा अनेकन कमजोरी देखापर्ने गरेको छ। निर्वाचित भइसकेपछि र दर्जामा पुगिसकेपछि पार्टी विशेष मात्रको घेराबाट माथि उठ्नुपर्ने चिन्तन र व्यवहारमा कमी-कमजोरी पाइने गरेको छ। अरूप्रति उदारभाव राख्ने, अरूका कुरा उनीहरूकै सन्दर्भ र परिस्थितिको आँखाले हेर्ने र बुझ्ने प्रयत्न गर्ने शैली आत्मसात् नगरूञ्जेल कोही पनि समावेशी बन्न सक्दैन। यसरी अर्कालाई बुझ्ने, चिन्ने र आत्मसात् गर्ने समावेशी शैलीको सुनिश्चितता गर्न केही प्रक्रिया निर्धारण गरिएको हुन्छ। जसका बारेमा निर्णय गरिने हो, त्यो समुदायसँग खुला र जिम्मेवार बहसको प्रक्रिया अपनाउने गरियो भने निर्णयप्रति जनताले आफ्नो पनि स्वामित्व छ भनेर अनुभूति गर्छन्।

अहिले हाम्रो देशमा शब्दहरूको गलत व्याख्या गर्ने र राजकीय संरचनाको विभेदकारी संस्कृतिलाई जाति विशेषसँग मात्र जोडेर जनतालाई भ्रममा पार्ने खालको होहल्लाको राजनीति पनि सुरु भएको छ। प्रत्येक व्यक्तिलाई आफ्नो पहिचान आफैँ छान्ने सार्वभौम अधिकार रहन्छ। 'तँ फलानो होस्' भन्न पाइन्न। जात, भाषा र बसोबासको अधिकार सांस्कृतिक अधिकारको अभिन्न अङ्ग हो। नेपालमा कानुनले नै विभेद गरेर शासनमा एकाधिकार राख्ने चलन २००७ सालयताको परिवर्तनले समाप्त पार्दै लगेको हो। तर, व्यवहारमा भने विभेद कायमै रह्यो । कानुनमा समानता भएको ठाउँमा पनि व्यवहारमा समानता रहेन । त्यसैले समानतामा आधारित कानुन बनाउने र त्यसलाई व्यवहारमा परिपालना गर्ने दृढ इच्छाशक्ति भएको सरकार आजको नेपालको पहिलो आवश्यकता हो। दोस्रो आवश्यकता भनेको यस्तो सरकारको निरन्तर अनुगमन गर्ने र आफ्नो सरोकारलाई खुला रूपमा सार्वजनिक गरेर त्यसको औचित्य पुष्टि गरिरहने नागरिक र राजनीतिक आन्दोलन हो।

तेस्रो कुरा समन्याय नै हो। युगौँदेखि जो पछाडि पारिए, तिनीहरूलाई राज्यले बढी ध्यान दिनैपर्छ। एउटा राज्यका हामी सम्पूर्ण नागरिक एउटा परिवारका सदस्यजस्तै हुन्छौँ। परिवारको एक जना मात्र पनि अपाङ्ग, रोगी भयो भने सारा परिवार पछाडि पर्छ। कमजोर सदस्यलाई बढी हेरचाह गरेर चाँडो निको पार्नुपर्छ। राज्यस्तरमा पनि यस्तै नीतिको आवश्यकता छ।

चौथो कुरा के हो भने खुकुरीको चोट अचानोलाई थाहा हुन्छ। पछाडि पारिएकाहरूले आफ्नो कुरा राख्दा अर्कालाई हेप्ने काम गर्नुहुन्न। उनीहरूले समानताको कुरालाई उदारतापूर्वक स्वीकार्नु पर्छ र आफूले जुन खाले आदर्श व्यवहारको माग गरेको हो, त्यस्तो व्यवहार अरूप्रति पनि दर्शाउन सक्नुपर्छ।

राजनीतिक प्रतिनिधित्वका लागि चुनाव भन्दा राम्रो विकल्प पत्ता लागेको छैन। तर, जसरी भए पनि चुनाव जित्नका लागि भ्रमको खेती गर्ने र भावुकतालाई भड्काउनेहरूको पनि कमी छैन। जातीय र धार्मिक विभाजन सबभन्दा खतरनाक कुरा हो। यसले सँगै हुर्किएका दौँतरीलाई पनि छुट्याइदिन्छ। हामी हाम्रो दिनचर्या र भविष्यको निर्माणका सहयात्री हौँ। विकास भनेको अर्काको आरिस गर्नु होइन।

उल्लिखित चार कुरा र एक प्रवृत्तिलाई स्वीकार गऱ्यौँ भने हामीले समावेशी नयाँ नेपालको निर्माण गर्ने छौँ।

लोकतान्त्रिक पद्धति र समावेशीकरणको सवाल

कुन्साङ लामा (योन्जन), अधिवक्ता

सामन्यत: लोकतन्त्र र प्रजातन्त्र उस्तैउस्तै अर्थ लाग्ने शब्द अर्थात् पर्यायवाची शब्दका रुपमा बुझिने भए तापनि लोकतन्त्र र प्रजातन्त्र शब्दको प्रयोग र व्यावहारिकताका दृष्टिले भिन्नता देखिन्छ।

१. **विषय प्रवेश**

मानव समानता र विकासको प्रगतिशील कदमका रूपमा लिइने लोकतन्त्र मानव स्वतन्त्रता र सिद्धान्तमा आधारित भई सामूहिक जनकल्याणका आदर्शलाई लिएर अगाडि बढ्ने शासन प्रणाली भएको हुँदा विश्वव्यापी रूपमा लोकतन्त्रको लोकप्रियता बढ्दै गइरहेको छ। लोकतन्त्रको महत्त्वपूर्ण विशेषताका रूपमा खुला प्रतिस्पर्धात्मक माध्यमबाट जनताले आफ्ना लागि आफैँ शासक छान्नसक्ने भएकाले लोकतान्त्रिक व्यवस्थाले तानाशाही निरङ्कुश व्यवस्थालाई सदैव अस्वीकार गर्दछ। युगलाई परिवर्तनकारी विचारधाराका रूपमा लिइने लोकतन्त्रलाई मानव समानताको विकासको एक प्रगतिशील कदमका रूपमा समेत मानिन्छ। यसर्थ, आज विश्वव्यापी रूपमा लोकतन्त्रको संरक्षण, सम्बर्द्धन र संस्थागत विकासको आवश्यकता महसुस गरिएको पाइन्छ।

लोकतन्त्र (Democracy) युनानी शब्द Demos/Cratia मिलेर बनेको हो, जसको अर्थ क्रमश: जनता (People) र शासन (Rule) हुन्छ। यसरी हेर्दा शब्द उत्पत्तिको दृष्टिले लोकतन्त्र जनताको शासन (Rule of the people) हो भने विकासको दृष्टिले शासन सदैव जनताको हातमा हुन्छ र त्यसको प्रयोग सदैव जनताका प्रतिनिधिहरूद्वारा गरिन्छ। 'लोक' शब्दको अर्थ एक अर्थमा 'जनता' र 'दुनिया' हुन्छ भने अर्को अर्थमा 'कुनै ठाउँ वा स्थान' हुन्छ। नेपाली बृहत् शब्दकोषका अनुसार लोकतन्त्रलाई 'जनताद्वारा चुनिएको प्रतिनिधिहरूको सम्मतिअनुसर देशको सार्वजनिक कार्य सञ्चालन हुने व्यवस्था हो' भनी उल्लेख गरिएको छ। लोकतन्त्र सरकार तथा शासनको स्वरूप, राज्यको प्रकार र समाजको व्यवस्था हो। लोकतान्त्रिक शासन सदैव जनताको शासन हुन्छ। जनता आफैँले देशको राजकीय सत्ता र सार्वभौमसत्ता सञ्चालन गर्ने विधि नै लोकतन्त्र भएको हुँदा लोकतान्त्रिक शासन व्यवस्थालाई जनताको शासन व्यवस्था भनिएको हो।

सामन्यत: लोकतन्त्र र प्रजातन्त्र उस्तैउस्तै अर्थ लाग्ने शब्द अर्थात् पर्यायवाची शब्दका रूपमा बुझिने भए तापनि लोकतन्त्र र प्रजातन्त्र शब्दको प्रयोग र व्यावहारिकताका दृष्टिले भिन्नता देखिन्छ। प्रजा भन्नेबित्तिकै परनिर्भर, कसैबाट शासित अथवा रैँतीका रूपमा लिने गरिन्छ। परम्परागत मान्यताअनुसार राजालाई प्रजापालकका रूपमा लिइने हुँदा प्रजातन्त्रलाई पनि लोकतन्त्रको जस्तै प्रजा वा प्रजाका प्रतिनिधिहरूबाट चल्ने देशको शासन प्रणाली भन्ने गरिए तापनि यो आफैँमा आत्मनिर्भर नभई सदैव परनिर्भर हुन्छ। प्रजातन्त्रमा प्रजाभन्दा माथि कोही अर्थात् शासक छ भन्ने मानसिकता रहन्छ। वर्तमान समयमा कोही पनि कसैको प्रजा हुन नसक्ने भएकाले जनताले आफ्नो व्यवस्था आफैँ सञ्चालन गर्ने भएको हुँदा यस प्रकारको व्यवस्थालाई लोकतन्त्र भन्ने गरिन्छ र यो विधि सबैभन्दा सर्वोत्कृष्ट विधिको रूपमा लिइने गरिन्छ।

वर्तमान समयमा लोकतन्त्रलाई व्यापक जनसमर्थन प्राप्त गरेको सरकारको स्वरूपका रूपमा लिन सकिन्छ। यद्यपि, लोकतन्त्रको सन्दर्भमा विभिन्न राजनीतिक विचारधारा र विद्वान्हरूको मतऐक्यता भने छैन। विद्वान् **हल**का अनुसार, 'लोकतन्त्र राजनीतिक सङ्गठनको एउटा स्वरूप हो, जसमा जनताको नियन्त्रण रहन्छ।' अर्का विद्वान् अब्राहम लिङ्कनका अनुसार, 'जनताको जनताद्वारा जनताका लागि गरिने शासन व्यवस्था नै लोकतन्त्र हो।'

उपरोक्त विद्वान्हरूको मतलाई हेर्दा लोकतन्त्र कुनै वर्ग, जाति, क्षेत्र र लिङ्ग विशेषको शासन मात्र नभई यसमा सार्वभौम सत्ता सम्पन्न सम्पूर्ण जनता प्रत्यक्ष रूपमा अर्थात् आफ्ना प्रतिनिधिहरूमार्फत शासन सञ्चालनमा सहभागी हुन्छन्। लोकतन्त्रमा सार्वभौम

सत्ता सम्पन्न जनता राज्यसत्ताको स्रोत भएकाले लोकतान्त्रिक सरकार सदैव जनताप्रति उत्तरदायी हुन्छन्।

२. लोकतन्त्रका आधारभूत सिद्धान्तहरू

कुनै पनि मुलुकमा लोकतन्त्र रहे नरहेको कुरा लोकतन्त्रका लागि चाहिने आधारभूत सर्त अर्थात् सिद्धान्तहरूको व्यावहारिक कार्यान्वयन भए नभएको कुरा अर्थात् लोकतन्त्रका आधारहरूका आधारमा थाहा पाउन सकिन्छ।

स्वतन्त्रता : लोकतन्त्रका धेरै आधारहरूमध्ये प्रमुख आधारका रूपमा स्वतन्त्रतालाई लिन सकिन्छ। अन्य सरकार सञ्चालनका ढाँचाहरूको तुलनामा लोकतान्त्रिक शासन व्यवस्थामा नागरिकहरू बढी स्वतन्त्र हुन्छन्। कुनै पनि लोकतान्त्रिक मुलुकहरूमा नागरिक स्वतन्त्रताका अलावा छापाखाना तथा प्रेस स्वतन्त्रता, मौलिक हकको रक्षा, स्वतन्त्र न्यायपालिकालगायतको आधारभूत सर्तहरू हुन्।

समानता : लोकतन्त्रले समानतामा जोड दिनुका साथै सबै नागरिक कानुनको दृष्टिमा समान हुन्छन्। कुनै पनि धर्म, वर्ग, लिङ्ग, जाति र क्षेत्रका आधारमा भेदभाव गरिँदैन। सबै नागरिकलाई सामाजिक, आर्थिक र राजनीतिक समानता प्राप्त हुन्छ। अमेरिका, बेलायत, जापान, जर्मनी, फ्रान्स, बेल्जियम, डेनमार्क, स्वीडेन, हल्यान्ड, इटलीलगायतका मुलुकहरूमा सामाजिक, आर्थिक एवम् राजनीतिक समानता कायम गर्ने व्यापक प्रयास गरिएको छ भने बङ्गलादेश, भारत, श्रीलङ्का, र माल्दिभ्सलगायतका दक्षिण एसियाली मुलुकहरूमा राजनीतिक स्वतन्त्रताको तुलनामा आर्थिक समानता कायम हुन सकेको छैन।

भ्रातृत्व : लोकतान्त्रिक व्यवस्थाको अर्को आधारभूत सिद्धान्तका रूपमा भ्रातृत्व लिन सकिन्छ। मानव समाजको अत्यावश्यक सर्तका रूपमा रहेको विश्व भ्रातृत्व र बन्धुत्व लोकतन्त्रका आधारभूत सर्त हुन्।

राज्यसत्ताको स्रोत जनता : लोकतान्त्रिक व्यवस्थामा सदैव राज्यसत्ताको स्रोत जनतामा हुन्छ। सरकारले आफ्नो सबै शक्ति यसबाट नै प्राप्त हुन्छ। लोकतान्त्रिक व्यवस्थामा निर्वाचनको माध्यमबाट जनताको शक्ति प्राप्त गर्छ।

मौलिक हक : लोकतान्त्रिक शासन व्यवस्थामा जनताका मौलिक हकको संरक्षण प्रमुख आधारका रूपमा लिइन्छ।

स्वतन्त्र न्यायपालिका : लोकतन्त्रमा स्वतन्त्र न्यायपालिका र कानुनी शासन लोकतन्त्रका आधारभूत सर्त हुन्। लोकतन्त्रमा जनता साध्यका रूपमा रहन्छन् भने राज्यलाई साधनको रूपमा लिने गरिन्छ। लोकतन्त्र जनता आफैँ वा उसका प्रतिनिधिहरूमार्फत सञ्चालन हुने शासन व्यवस्था भएको हुँदा राज्य व्यवस्था कुनै पनि वर्ग वा जाति विशेषको रूपमा नभई सम्पूर्ण जनताको हितमा ध्यान दिइन्छ।

३. लोकतन्त्रका प्रकारहरू

लोकतन्त्रलाई सामान्यत: दुई भागमा विभाजन गरी हेर्ने गरिन्छ। जसमा,

३.१ प्रत्यक्ष लोकतन्त्र :

सामान्यतया साना राज्यहरूमा प्राचीनकालमा प्रचलनमा रहेको प्रत्यक्ष लोकतन्त्र वर्तमान समयमा ज्यादै कम प्रयोग हुने गर्दछ। प्राचीन युनान, चीन र भारतलगायतका मुलुकहरूमा प्रचलनमा रहेको प्रत्यक्ष लोकतन्त्र प्राचीन समाजमा निकै फस्टाएको भए तापनि आधुनिक कालमा कमै देशहरूमा यसको प्रयोग भइरहेको पाइन्छ। वर्तमान समयमा स्वीजरल्यान्डको एक पूर्ण क्यानटन (ग्लेरस) र चार अर्ध क्यान्टन (अबो बाल्डेन, इनर अपैन्जल, र आउटर अपैनजल) मा कायम रहेको छ। सामान्यतया प्राचीनकालमा जनसङ्ख्या कमी, मानिसहरूको आवश्यकता सीमित, दास प्रथाका कारण राजनीतिमा लाग्ने व्यक्तिहरूको कमी, राजनीतिक एवम् आर्थिक जटिलताको कमीका कारण यो व्यवस्था सफल भएको पाइन्छ। प्रत्यक्ष लोकतन्त्रमा जनता स्वयम् एक स्थानमा जम्मा भएर शासनसम्बन्धी नीति बनाउने, कानुन निर्माण गर्ने र सरकारी कर्मचारीहरू निर्वाचनद्वारा नियुक्त गर्दछन्। आवश्यकता अनुसार सार्वजनिकसभा सञ्चालन गरी आफ्नो इच्छाको अभिव्यक्त गर्ने गर्छन्। प्रत्यक्ष लोकतन्त्र वर्तमान स्वीस शासन पद्धतिको एउटा अनौठो विशेषता हो। आजको विश्वमा प्रत्यक्ष लोकतन्त्र सम्भव भएको भए शासनको स्वरूप सर्वोत्तम हुन सक्थ्यो।

प्रत्यक्ष लोकतन्त्रमा कुनै पनि नियम तथा निर्णयलाई सामान्यतया स्वीकृतिका लागि जनतासमक्ष जनमतसङ्ग्रहका माध्यमबाट लाने गरिन्छ। जनताको निर्णय सरकारका लागि मान्य हुन्छ। कुनै पनि महत्त्वपूर्ण कानुनी तथा संवैधानिक प्रश्नको छिनोफानो जनताको प्रत्यक्ष मतको बहुमतका आधारमा निर्णय लिने गर्दछ। त्यस्तै, जनताले स्वविवेकको प्रयोग गर्ने अर्थात् प्रस्तावधिकारको अधिकार प्रत्यक्ष लोकतन्त्रमा रहेको हुन्छ। जनताको कुनै निश्चित अधिकारको माध्यमबाट कानुन निर्माणका लागि हस्ताक्षर सङ्कलन आवेदन अथवा अनुरोधपत्र प्रस्तुत गर्दछ। यसका आधारमा जनता स्वयम्ले विधेयकको मस्यौदा तयार पारी पारित गर्नका लागि व्यवस्थापिकामा पठाउँछन्। प्रत्यक्ष लोकतन्त्रमा प्रत्याह्वनको प्रयोग गरी कर्तव्य पूरा नगर्ने प्रतिनिधिहरूलाई सम्बन्धित पदबाट फिर्ता बोलाउन सक्छ। यस व्यवस्थाले जनताका प्रतिनिधिहरू र सरकारमा रहेका मन्त्रीहरूलाई आ-आफ्नो पदीय जिम्मेवारी निभाउन र सदैव सजग गराउनुका साथै जनताप्रति जिम्मेवार तुल्याउँछ। कुनै राजनीतिक महत्त्वका विषयहरूमा जनताको मत सम्बन्धमा जानकारी लिन लोकमत सङ्कलन गरिन्छ। लोकमतको अधिकार प्राय: राजनीतिक अधिकार, प्रादेशिक अखण्डता र संविधानको स्वरूपजस्ता विषयहरूमा गरिन्छ भने जनमतसङ्ग्रह महत्त्वपूर्ण कानुनी प्रश्नमा जनताको बहुमत बुझ्नका लागि गरिन्छ।

३.२ अप्रत्यक्ष लोकतन्त्र :

अप्रत्यक्ष लोकतन्त्रलाई प्रतिनिधिमूलक लोकतन्त्रका रूपमा पनि लिने गरिन्छ। अप्रत्यक्ष लोकतन्त्रमा जनताले आफ्नो प्रतिनिधिहरूको माध्यमबाट शासन कार्यमा भाग लिन्छन। जनप्रतिनिधिहरू बालिग मताधिकारको आधारमा कुनै निश्चित अवधिको लागि

निर्वाचित हुन्छन्। जनताको प्रतिनिधिहरू मार्फत देशको कानून निमार्ण गर्ने, शासन सत्ता संचालन गर्ने, राष्ट्रिय नीतिहरू को निमार्ण गर्ने लगायतका कार्य गर्दछ। जनताको प्रतिनिधि मार्फत शासनमा नियन्त्रण गर्दछन्। जनउत्तरदायी सरकार, आवधिक निर्वाचन, कानुनी राज्य, स्थानीय स्वायत्तता, बालिग मताधिकार, प्रेस स्वतन्त्रता, जनतामा निहित सार्वभौम सत्ता, मौलिक हकको रक्षा, वैयक्तिक स्वतन्त्रता आदिको रक्षा गर्ने कार्य गर्दछ। यसको पक्षमा राजनीतिशास्त्री एवम् विद्वान्हरू जे.एस. मिल, बेन्थाम, ब्राइस, गार्नरलगायतले लोकतन्त्र आधुनिक युगको सर्वश्रेष्ठ शासन प्रणाली हो भनी आफ्नो मत प्रकट गरेका छन्।

वर्तमान अवस्थामा राज्यको विशालता र जनसङ्ख्याको अवस्थासमेतलाई मध्यनजर राख्दा प्रत्यक्ष लोकतन्त्र व्यावहारिक नभएको अवस्थामा अप्रत्यक्ष लोकतन्त्रले लोकप्रियता दिनानुदिन बढ्दै गइरहेको छ।

४. समावेशी लोकतन्त्र के हो ?

लोकतान्त्रिक शासन प्रणाली अनुसार देशको सार्वभौमसत्ता जनताका हातमा रहने शासन-प्रणालीलाई लोकतन्त्र भनिन्छ। आवधिक निर्वाचन, दलीय शासन-प्रणाली र बालिक मताधिकारजस्ता विशेषताहरूलाई सामान्य अर्थमा लोकतन्त्रका विशेषताका रूपमा बुझ्ने गरिन्छ। विशेष अर्थमा लोकतन्त्रलाई व्यापकतम दायरासहितको राज्य सञ्चालन प्रणालीका रूपमा हेर्ने गरिन्छ। सामान्यतया लोकतान्त्रिक शासन-प्रणालीले समावेशीकरण, परिवर्तनशीलता र विकासलाई आत्मसात् गर्न सक्नुपर्छ भन्ने मान्यता राख्छ। लोकतन्त्रमा जनताले आफ्ना प्रतिनिधिहरू निर्वाचित गरी राज्य सञ्चालनको भूमिका दिएका हुन्छन्। यसरी जनताबाट निर्वाचित भई राज्य सञ्चालनको जिम्मेवारी पाएका व्यक्तिहरूले सच्चा जनप्रतिनिधिको भूमिका निर्वाह गर्नुपर्दछ। लोकसम्मति र जनताको इच्छा अनुरूप जनताको विश्वासलाई लिएर उनीहरूको सर्वोत्तम हितका लागि कार्य गर्नु जनप्रतिनिधिहरूको प्रमुख दायित्व हो।

मार्क्सका अनुसार पुँजीवादी व्यवस्थाभित्र निषेध गर्नुपर्ने, निरन्तरता दिनुपर्ने र परिमार्जनसहित ग्रहण गर्नुपर्ने भनी तीनओटा पक्षको उल्लेख गरेका छन्। अन्य विद्वान्हरूका अनुसार पनि विचारमा पूँजीवादका सम्पूर्ण अवशेषहरूलाई समाप्त पारेर समाजवादको जन्म हुन सक्दैन। पुँजीवादबाट नै समाजवाद जन्मिने हुँदा त्यसका राम्रा पक्षलाई ग्रहण गर्नुपर्दछ। यसैगरी, हामीले समावेशी लोकतन्त्रलाई विभिन्न वर्ग र समुदायहरूका प्रतिनिधित्व प्रणालीको रूपमा विकास गर्न सक्नुपर्दछ। समाजमा रहेका सबैखाले द्वन्द्वहरू शत्रुतापूर्ण र विनाशकारी हुँदैनन्। द्वन्द्वले शत्रुतापूर्ण रूप लिँदा सङ्घर्षको माध्यमबाट समस्याको समाधान गरिन्छ। मित्रतापूर्ण द्वन्द्वहरूको व्यवस्थापन मैत्रीपूर्ण ढङ्गबाट गर्नुपर्ने हुन्छ। दुई विपरीत तत्त्वहरूबीच सङ्घर्ष मात्र नभएर समन्वय पनि हुन्छ। मानव समाजमा जबसम्म वर्गहरू रहन्छन्, तबसम्म वर्गीय विचारधाराहरू अभिव्यक्त भई नै रहन्छन्। त्यसैले पूर्वी युरोपका पूर्वसमाजवादी मुलुकहरू र चीनमा समेत विभिन्न वर्गका पार्टीहरूलाई समानुपातिक प्रतिनिधित्व गर्न दिइएको थियो। वर्तमानमा बेस्टमिनिस्टरियल प्रणालीमा रहेको बहुमतीय ढाँचाभन्दा समावेशी ढाँचा यस सन्दर्भमा बढी प्रगतिशील मानिएको छ।

सामान्यतया प्रतिनिधिमूलक र समावेशी गरी लोकतन्त्रका दुई प्रकारका स्वरूप हुन्छन्। प्रतिनिधिमूलक लोकतन्त्रमा राजनीतिकर्मीहरूले जनता र राज्यबीच नियमित सम्बन्ध राख्ने कार्य गर्दछ। समावेशी लोकतन्त्रमा जनता आफ्ना लागि आफैँ निर्णय गर्दछन्। अर्थात् सबैको निर्णय प्रक्रियामा समावेशी सहभागिता हुने गर्दछ। राज्यभित्र रहेका विभिन्न जाति, भाषा, धर्म सम्प्रदाय, वर्ग, लिङ्ग र क्षेत्रसँग सम्बन्धित सङ्घ, सङ्गठन तथा समुदायहरूका मागहरू पूरा गर्ने दायित्व राज्यको हो।

स्वतन्त्रतापछिको अमेरिकाबाट समावेशी लोकतन्त्रको सुरुवात आंशिक रूपमा भएको भए तापनि व्यवस्थित रूपमा प्रयोग युरोपको पुँजीवादी देश स्वीट्जरल्यान्डबाट सन् १८४८ देखि भएको हो। त्यहाँ सन् १८४७ मा २६ दिनसम्म चलेको गृहयुद्धपछि विभिन्न धार्मिक तथा जातीय समुदायहरूबीच एकआपसमा सहमति भई नयाँ संविधान बनाउन, सत्ता साझेदारी, समानुपातिक प्रतिनिधित्व र सहमतीय शासनसहित क्यान्टोनहरूलाई स्वायत्तता प्रदान गरी मुलुक अगाडि बढ्ने सहमति भयो। स्वीट्जरल्यान्ड बाहेक युरोपका अन्य देशहरूमा 'एक जाति एक राज्य'का नारासहित चर्केको विद्रोहहरूले समस्त युरोपलाई नै विखण्डित तुल्याए। सन् १९१४ सम्म लगभग सबैजसो देशहरू जातीय आधारमा पुनःगठिन भए। तर, स्वीट्जरल्यान्डले भने शासनमा साझेदारी र स्वायत्तताका सिद्धान्तका आधारमा आफ्नो देशको विभाजनलाई बचाउन सक्यो। वर्तमान समयमा रूस, चीन, भारत, अमेरिका, क्यानाडा, ब्राजिल, बेल्जियम, स्पेन, फिनल्यान्ड, न्युजिल्यान्ड, मलेसिया, नाइजेरिया र दक्षिण अफ्रिकालगायतका बहुजातीय र बहुसांस्कृतिक विविधता भएका मुलुकहरूले समावेशी लोकतन्त्रको ढाँचालाई विविध रूपमा आ-आफ्ना देशमा लागू गरी समावेशी लोकतन्त्रलाई संस्थागत रूपमा नै विकास गर्दै गएको पाइन्छ।

आजको विश्वमा बहुजातीय एवम् बहुसांस्कृतिक मुलुकहरूलाई एक जातीय बनाउने प्रयासको सर्वत्र रूपमा नै विरोध भइरहेको छ। विश्वव्यापीकरणको यस युगमा विश्वका अधिकांश मुलुकहरू बहुजातीय बनिसकेका राष्ट्र राज्यको अवधारणालाई बदली संयुक्त राष्ट्र सङ्घले अगाडि सारेको राज्य-राष्ट्र अवधारणालाई ग्रहण गर्न थालिएको छ। राष्ट्र-राज्यले एकजातीय राज्य बनाउँछ भने राज्य-राष्ट्रले भौगोलिक सीमाभित्र बाँडिएको सम्पूर्ण जातिलाई राष्ट्र मान्छ। समावेशीकरणको नीतिले बहुसांस्कृतिक देशमा एउटै जातिबीच सद्भाव बढाउने स्वशासन र त्यहाँ भएका सबै जातिहरूबीच शासनमा साझेदारी कायम हुन्छ। यसो हुँदा राष्ट्र-राज्यको विकल्पमा राज्य-राष्ट्र हुन जान्छ। यस प्रकारको राज्य-राष्ट्रमा जाति, भाषा, धर्म र संस्कृतिको पहिचान शान्तिपूर्ण सहअस्तित्व तथा सहयोगात्मक रूपले एउटै राज्यभित्र रहन सक्छ। वर्तमान

समयमा विश्वका कतिपय देशहरूले आंशिक समावेशीकरणको नीति लिएको पाइन्छ। तर, आंशिक समावेशीकरणको नीति अपनाएका देशहरूमा जातीय विद्रोहहरू दिनानुदिन सङ्गठित भइरहेको पाइन्छ। विद्रोह नभएका, नियन्त्रित अवस्थामा रहेका र विद्रोह दबिएका समुदायहरू राज्यको मूल प्रवाहबाट टाढा हुनुपर्दा भित्रभित्रै असन्तुष्ट महसुस गरिरहेका छन्। संयुक्त राष्ट्रसङ्घ, यूएनडीपी र अन्य कतिपय विश्व संस्थाहरूले वर्तमान विविधतायुक्त समाजको विकासका लागि सामुदायिक समावेशीकरणको विकल्प नभएको कुरामा जोड दिएका छन्। समावेशी लोकतन्त्र भएका मुलुकहरूको स्थान उच्च रहेको मूल्याङ्कन यूएनडीपीको मानव विकास प्रतिवेदन सन् २००४ ले गरेको छ।

बहुमतीय ढाँचामा हुने निरपेक्ष ढङ्गको प्रतिस्पर्धालाई हेर्दा समानताजस्तो देखिए तापनि सामन्यतया त्यहाँ अभिजात वर्गका जातीय समुदायहरूको नै वर्चस्व हुने कुरा विश्व अभ्यासले बताइरहेकै छ। दक्षिण एसियाका अभ्यासहरूलाई नै नियाल्ने हो भने पनि नेपाल, भारत, बङ्गलादेश र श्रीलङ्काजस्ता देशहरूमा बहुमतीय प्रणालीअन्तर्गत अभिजात वर्गका अभिजात वर्ग र ठालूहरू नै निर्वाचनमा विजयी भएका पर्याप्त उदाहरणहरू हाम्रासामु छन्। बहुमतीय ढाँचामा साना समुदाय प्रायः विलीन भएर जाने वा अस्तित्व समाप्त हुने स्थितिमा पग्ने गर्दछ। जातीय-क्षेत्रीय स्वायत्तता र समानुपातिक प्रतिनिधित्व प्रणाली भएका मुलुकहरूमा त्यहाँका कमजोर वर्ग, कमजोर जातीय समुदायहरू, उत्पीडित भाषा-भाषीहरू, पछाडि परेका आर्थिक समुदायहरू, लैङ्गिक समूहहरू सबैले समानुपातिक प्रतिनिधित्व पाउँछन्, जसको कारण राज्यको शासन व्यवस्थामा ती वर्गको प्रत्यक्ष सहभागिता र अवसर पाउँछन्। त्यसैले जातीय समानता, भ्रातृत्व र सहभागितामूलक व्यवस्थाका लागि समावेशी लोकतन्त्रभन्दा उपयुक्त शासन विधि हो ।

५.१ समावेशीकरणको अर्थ :

समावेशी लोकतन्त्र भनेको राज्यभित्र सबैले आ-आफ्नो भिन्न अवस्था, धर्म, संस्कृति, परम्परा, रीतिरिवाज, भाषा र रहनसहनको पहिचानलाई कायम राख्दै राज्यको राजकीय तथा सार्वजनिक मामलालगायतका राज्य प्रणालीमा बिना भेदभाव हिस्सेदार बन्न नपाएका वा नसकेका सम्पूर्ण वर्ग, पेसा र तहका समुदायहरूलाई नीति-निर्माण र कार्यान्वयनलगायत शक्ति र अधिकारको साझेदारी गरी सहभागिता तथा समानुपातिक प्रतिनिधित्वको माध्यमबाट समान रूपमा अंशियार बनाउँदै सबैले सहभागी हुन पाउने कानुनी प्रत्याभूति हो।

५.२ समावेशीकरणका पक्षमा देखिएका मत :

सामान्यतया विभिन्न जाति, धर्म, संस्कृति र पहिचान भएका मुलुकहरूमा समावेशी लोकतन्त्र सबैभन्दा उपयुक्त शासन प्रणाली हो। विशेष गरी विकासशील देशहरूमा संसदीय प्रकृतिको बहुमतीय प्रणालीबाट उत्पन्न अस्थिरताको समस्या हल गरी लोकतन्त्रलाई स्थायित्व प्रदान गर्न समावेशीकरणको नीतिले मद्दत गर्दछ। यसले राजनीतिक शक्तिहरूबीच सन्तुलन कायम गर्दै तिनीहरूबीच रहेको सङ्घर्ष समाधान गर्न र देश निर्माणका लागि सहमति खोज्न प्रेरित गर्दछ। जाति, भाषा, धर्म, लिङ्ग र क्षेत्र सबैको प्रतिनिधित्वलाई अधिकारका रूपमा संवैधानिक व्यवस्था गर्दछ। आफ्ना अगुवा पार्टीका माध्यमबाट वर्गीय सहभागिताका लागि मुलुकका क्रियाशील वर्गलाई मार्ग प्रशस्त गरिन्छ। बहुमतीय प्रणालीअन्तर्गत असमानहरूका बीच समान प्रतिस्पर्धा गराउने विधिको सट्टामा साना एवम् कमजोर समुदायहरूबीच आफू वा आफू बराबरका समुदायहरूलाई मात्र प्रतिस्पर्धा गराई साना तथा कमजोर वर्ग, जाति र समुदायको प्रतिनिधित्वलाई सुनिश्चित गर्दछ। सडकबाट संसद् र सरकारसहितका राज्य प्रणालीहरूमा मुलुकमा देखापर्ने द्वन्द्वलाई पुऱ्याउने हुँदा यसले सामाजिक द्वन्द्वलाई लोकतान्त्रिक निकास दिने गर्दछ। राज्यका साधन र स्रोतहरूलाई सुविधा सम्पन्न सहरहरू र राजधानीमा मात्र केन्द्रित नगरी स्थानीय निकायसम्म पुग्ने गरी समानुपातिक रूपमा वितरण गर्दछ। समावेशी लोकतन्त्रमा राजनीतिक र सामुदायिक शक्तिहरूबीच साझेदारी कायम हुने हुँदा राज्यद्वारा शक्तिको एकपक्षीय रूपमा प्रयोग हुन पाउँदैन, बरू शक्तिमा नियन्त्रण र सन्तुलन कायम हुन्छ। देशका ठूला-साना सबै पार्टी र जातिहरूबीच सहकार्य हुने हुँदा वैदेशिक हस्तक्षेप एवम् चलखेल हुन पाउँदैन। बहुजातीय, बहुसांस्कृतिक देशमा जातीय एवम् क्षेत्रीय उत्पीडनका कारण उत्पन्न हुने हिंसात्मक द्वन्द्वको व्यवस्थापन गरी देशका सबै सांस्कृतिक समुदायहरू समान रूपमा साझेदार हुने हुँदा राष्ट्रिय एकतालाई समेत समावेशी लोकतन्त्रले मजबुत पार्ने कार्य गर्दछ।

५.३ समावेशीकरणको विपक्षमा देखिएका मत :

समावेशीकरणका धेरै सकारात्मक पक्षहरू हुँदा हुँदै पनि कमी-कमीजोरीहरूबाट भने मुक्त रहन सकेको छैन। वर्गीय, लैङ्गिक, जातीय र क्षेत्रीय रूपले सबैलाई सहभागी बनाइने समावेशी लोकतन्त्र अथवा समावेशीकरण कहिलेकाहीँ सबैका लागि हो कि होइन ? भन्ने प्रश्न खडा हुने गर्दछ। समावेशी लोकतन्त्रले सापेक्ष लोकतन्त्रको मान्यतामा जोड दिन्छ। समावेशी लोकतन्त्रमा समानुपातिक प्रतिनिधित्वको अधिकार सुरक्षित हुने हुँदा यसबाट प्रतिस्पर्धात्मक क्षमता कमजोर हुन जान्छ। यसले राज्यको दक्षतामा आधारित शासन प्रशासनलाई नियन्त्रण गर्दछ। यो सहमतीय शासनमा आधारित हुने हुँदा निर्णय प्रक्रियामा तीव्रता नभई ढिलासुस्ती हुने सम्भावनाहरू हुन्छ। सामान्यतया निर्णयहरू वार्ता अथवा सौदाबाजीमा निर्भर रहने हुँदा पर्याप्त मात्रामा सन्तुष्टि प्राप्त हुँदैन। जनताको अभिमत अनुसार राजकीय सत्ता र शासन-प्रणालीमा प्रतिनिधित्व हुने भए तापनि आफू स्वयम्को अथवा आफ्ना पार्टीको दृष्टिकोणमा मात्र आधारित भएर चल्न सकिँदैन। सत्ता साझेदारीका आधारमा आफ्नो नीति तथा कार्यक्रम बनाई चल्नुपर्ने हुन्छ।

५.५ समावेशीकरणको क्षेत्र र सीमा :

धार्मिक, सामाजिक, सांस्कृतिक विविधता भएको बहुलवादी समाजमा सबै वर्ग, समुदाय र क्षेत्रका नागरिकहरू राष्ट्रिय मामिलाहरूमा समान रूपबाट सहभागी गराइने नै समावेशीकरणको मूल उद्देश्य हो। लोकतन्त्रको व्यावहारिक रूपान्तरण पनि यही नै हो। सबै वर्ग, जाति र क्षेत्रको सहभागिता र प्रतिनिधित्व कुन क्षेत्रमा, के कुन आधारमा कसरी गर्ने ? भन्ने सम्बन्धमा स्पष्टता हुनु आवश्यक हुन्छ। सबैको प्रतिनिधित्व नाम मात्रको नभई अधिकारपूर्ण, सहभागितामूलक र अर्थपूर्ण हुनु आवश्यक छ। यसो भएमा मात्र लोकतन्त्रको व्यावहारिक र वास्तविक उपादेयता सावित हुन्छ। समावेशीकरणका क्षेत्रहरू आफैँमा व्यापक रहेको छ तथापि समावेशीकरणको प्रमुख क्षेत्रहरूलाई देहायबमोजिम उल्लेख गर्न सकिन्छ :

(क) **पहिचानका लागि समावेशीकरण** : कुनै पनि जाति र समुदायको पहिचानको पहिलो आधार उनीहरू बस्दै आएको पितृभूमि हो। कुनै पनि जातिको जातीय पहिचान झल्कने ऐतिहासिक भूमि तथा क्षेत्रको नामकरण र सीमाङ्कन सम्बन्धित समुदायको सहभागिता र प्रतिनिधित्वमा आधारित हुन्छ। यी क्षेत्रभित्रको प्राकृतिक स्रोत र साधनहरू जस्तै, जमिन, नदीनाला, वनजङ्गल, खोला, ताल, खनिज, चरन क्षेत्र र खेतीयोग्य भूमिको उपभोगको कानुनी स्वामित्व र त्यसको उपयोगसम्बन्धी सम्पूर्ण अधिकार सम्बन्धित समुदायको हुने व्यवस्था गर्नुपर्छ। जाति, आदिवासी, जनजातिलगायत समुदायको भाषा, धर्म, संस्कृति, रीतिरिवाज, परम्परा र भेषभूषाहरूले सम्बन्धित समुदायको पहिचान दिने भएको हुँदा पहिचानकै आधारमा एकअर्को समुदायहरूबीच भिन्नता छुट्याउन सकिन्छ। कुनै पनि समुदाय वा जातिको सामुदायिक र जातीय पहिचानका आधारहरूको संरक्षण र सम्वर्द्धन उनीहरूको प्रमुख चासोको विषय हो। प्राकृतिक स्रोतहरूको पहिचान, परिचालन र बाँडफाँटसम्बन्धी नीति-नियम तथा कानुनी प्रावधानको व्यवस्था उनीहरूको प्रत्यक्ष सहभागिताबाट नै हुनुपर्दछ। मातृभाषामा शिक्षा लिनेलगायतका शिक्षा पद्धतिको छनोट, भाषिक प्रयोगको स्वतन्त्रता, धार्मिक आस्थाको स्वतन्त्रता, सांस्कृतिक सम्पदाको जगेर्ना र पम्परागत ज्ञान एवम् सीपको सदुपयोग गर्नेलगायतका अधिकार र कार्यहरू समुदायका अधिकार क्षेत्रअन्तर्गत सुरक्षित गरी पहिचानको ग्यारेन्टी गर्नु आवश्यक छ।

(ख) **प्रतिनिधित्वका लागि समावेशीकरण** : बहुमतीय प्रतिनिधित्व प्रणाली अझै पनि विश्वका विभिन्न देशमा प्रचलित रहेको भएता पनि बहुमतीय प्रणालीअन्तर्गतको प्रतिनिधित्व प्रणालीले जनचाहनाअनुसार सबैको प्रतिनिधित्व गर्न सक्दैन। राज्यका हरेक निकाय, संरचनालगायत नीति-निर्माण तहसम्म सबै वर्ग, क्षेत्र, जाति, लिङ्गका व्यक्तिहरूको समानुपातिक र समावेशी तरिकाले सहभागी र प्रतिनिधित्व गराउने कार्य प्रतिनिधित्व प्रणालीले गर्दछ। सबैको अर्थपूर्ण प्रतिनिधित्व प्रणालीले कुनै पनि राज्यको राजनीतिक प्रणालीलाई सवल र सक्षम बनाउँछ। पश्चिमी युरोप, दक्षिण अफ्रिका र अफगानिस्तानजस्ता मुलुकहरूले दलीय प्रतिनिधित्वमा मात्र सीमित हुने राजनीतिक पद्धतिलाई फराकिलो पारी परम्परागत संस्कृति, धर्म, क्षेत्रीयता, भाषा र अन्य कुनै पहिचानका आधारमा सङ्गठित अवस्थामा रहेका समुदायको प्रतिनिधित्वलाई स्थान दिन थालेका छन्। यो एक यस्तो समावेशी अथवा समानुपातिक प्रणाली हो, जसले सबै वर्ग, समुदाय, जाति, भाषा, धर्म र सम्प्रदायसँग सम्बन्धित व्यक्तिहरूका इच्छा र आकाङ्क्षाअनुसारको प्रतिनिधित्वलाई स्थान दिन्छ। वर्तमान समयमा पश्चिमी युरोप, दक्षिण अफ्रिका र अफगानिस्तानजस्ता मुलुकहरूले दलीय प्रतिनिधित्वमा मात्र सीमित हुने राजनीतिक पद्धतिलाई फराकिलो पारी परम्परागत संस्कृति, धर्म, क्षेत्रीयता, भाषा र अन्य कुनै पहिचानका आधारमा सङ्गठित अवस्थामा रहेका समुदायको प्रतिनिधित्वलाई स्थान दिन थालेका छन्। प्रतिनिधित्व प्रणाली आफैँमा समावेशी अथवा समानुपातिक प्रणाली हो, जसले सबै वर्ग, समुदाय, जाति, भाषा, धर्म, लिङ्ग, क्षेत्र र सम्प्रदायसँग सम्बन्धित व्यक्तिहरूका इच्छा र आकाङ्क्षाअनुसारको प्रतिनिधित्वलाई उचित स्थान दिन्छ।

(ग) **पहुँचका लागि समावेशीकरण** : विश्वका कतिपय विकासशील देशहरूका साधन र स्रोतहरूमा अभिजात र लामो समयदेखि सत्तासीन वर्ग एवम् समुदायको युगौँयुगदेखि एकाधिकार कायम रहँदै आएको तीतो सत्य सबैका सामु रहेको छ। अन्य जाति, वर्ग र समुदाय राज्यको स्रोत साधनमाथिको पहुँचबाट सधैँ टाढा रहँदै आएका छन्, जसले गर्दा यी समुदायहरूको सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिकलगायतका अन्य विकासहरू अन्यन्त न्यून रहन गएको छ। आज पनि यिनीहरू गरिबीको रेखामुनि जीवनयापनको अवस्थामा रहेका छन्। तसर्थ, स्रोत र साधनमाथिको अधिकार र पहुँच अवसरको अर्थमा नभई मूलभूत अधिकारको विषय हो। समावेशी लोकतन्त्र भएका मुलुकहरूमा राज्यका साधन र स्रोतमाथि सबै जाति, वर्ग, लिङ्ग र समुदायहरूको पहुँच हुन्छ। नीति-निर्माण र त्यसको कार्यान्वयनमा समेत तिनीहरूको सहभागिता र महत्त्वपूर्ण भूमिका रहन्छ। त्यसैले समावेशीकरणको सिद्धान्त अनुरूप राज्यप्रणालीको रूपान्तरण गरिँदा राज्यको स्रोत र साधनमाथिको समान र समानुपातिक पहुँचलाई ध्यान दिनु आवश्यक छ।

५.६ संरचनात्मक रूपमा समावेशीकरणको तत्त्वहरू

राज्यभित्र रहेका विशेषत: पिछडिएका जाति, जनजाति, वर्ग, लिङ्ग र समुदाय वा समूहहरूलाई समावेश गर्न राज्यको संरचनात्मक तत्त्वहरूको आवश्यकता पर्दछ। सङ्घीय लोकतान्त्रिक शासन-प्रणाली, स्वायत्तताअन्तर्गत जनजातीय, भाषिक एवम् क्षेत्रीय स्वायत्तता, उपस्वायत्तता, समानुपातिक प्रतिनिधित्व, सकारात्मक विभेद, आरक्षणको नीतिलगायतका विशेष व्यवस्थाहरू समावेशीकरणका आवश्यक तत्त्वहरू हुन्। समावेशीकरणका प्रमुख संरचनात्मक तत्त्वहरूलाई देहायबमोजिम प्रस्तुत गर्न सकिन्छ :

(क) सङ्घीय स्वरूपको रूपमा राज्य : सङ्घीय शासन-प्रणाली आफैँमा बृहत् प्रणाली हो। देश विकासको मूल प्रवाहको रूपमा रहेको सङ्घीय शासन प्रणालीले देशलाई टुक्र्याउँछ भन्ने भ्रमपूर्ण भनाइहरू पनि रहेको पाइन्छ। सोभियत सङ्घ, युगोस्लाभिया र चेकोस्लोभाकिया सङ्घीय शासन भएको देश हुँदै हुँदै पनि टुक्रिए। तर, यी देशहरू टुक्रनुको कारण सङ्घीय प्रणाली नभई यी सबै समाजवादी मुलुक भएको हुँदा यिनीहरूले विभिन्न प्रदेश र समुदायहरूलाई पूर्णरूपले स्वायत्तता दिएनन्। सीमित मात्रामा केन्द्रबाट प्रत्यायोजन गरिएका स्वायत्तताले राज्यभित्रका सबै जाति, वर्ग, लिङ्गका जनताका आकाङ्क्षाहरूलाई सम्बोधन गर्न सकेनन्। यी मुलुकहरूमा रहेको समाजवादी समाज आफैँमा खुला थिएन र शासनमा केन्द्रीकरण थियो। जसले गर्दा कतिपय समुदायहरूले स्वायत्तताको अनुभूतिसम्म पनि गर्न पाएनन्। परिणामस्वरूप यी देशहरू टुक्रिए।

लोकतान्त्रिक व्यवस्था भएका राज्यहरू सबै वर्ग, जाति र समुदायको इच्छा र सहभागितामा सञ्चालित हुने हुँदा यी समाजहरू खुला हुन्छन्। जनआकाङ्क्षा र मागहरू छलफल एवम् वार्ताका माध्यमबाट सम्बोधन गर्ने गर्दछ। सबैको पहिचान र प्रतिनिधित्वलाई सम्बोधन गरिन्छ। तसर्थ, लोकतान्त्रिक शासन-प्रणाली कायम रहेका देशहरू टुक्रिएका छैनन् र टुक्रिने सम्भावना पनि देखिएको छैन। सङ्घीय शासन-प्रणालीमा सबै क्षेत्रमा शक्ति समान रूपले वितरण हुने हुँदा प्रत्येक क्षेत्रको केन्द्रीय सरकारसँग समान रूपबाट नै सम्बन्ध कायम हुन्छ। स्वीट्जरल्यान्ड भौगोलिक दृष्टिले सानो हुँदाहुँदै पनि सामाजिक र सांस्कृतिक विविधताका दृष्टिले यो ज्यादै ठूलो छ। समावेशी लोकतन्त्रको संस्थागत रूपमा नै विकास भएको कारण स्वीट्जरल्यान्डमा सङ्घीय शासन सफल हो।

(ख) जातीय/क्षेत्रीय स्वायत्तता : लोकतन्त्र जनता आफूले आफैँलाई शासन गर्ने व्यवस्था हो। यस प्रकारको स्वशासनका लागि स्वायत्तता आवश्यक हुन्छ। स्वायत्तताको अभावमा नागरिकले आफ्नो निर्णय आफैँ गर्न सक्दैनन्। जाति, भाषा, धर्म र संस्कृतिमा विविधता भएका देशहरूमा विभिन्न समुदायहरूको मूल्य, मान्यता, संस्कार र जीवनपद्धतिहरू पनि भिन्नभिन्न हुने हुँदा त्यहाँ सामुदायिक स्वायत्तताको आवश्यकता पर्दछ। स्वायत्ततबिनाका समुदायहरू सत्तारूढ समुदायको अधीनमा रहनु पर्दछ। केन्द्र अथवा अरूको मूल्य र मान्यताअन्तर्गत बस्नुपरेका समुदायहरू भेदभावबाट मुक्त हुन सक्दैनन्। सङ्घीय शासन-प्रणालीले मात्र सबै समुदायलाई समान रूपमा स्वायत्तता प्रदान गर्न सक्छ। सङ्घीयताले सामुदायिक स्वायत्तता दिन्छ र देशलाई जातीय विद्रोहबाट बचाउँछ। सङ्घीयतामा राज्यको संविधान अनुसार केन्द्र र प्रान्तहरूमा स्पष्ट रूपमा अधिकारको विभाजन गरिएको हुन्छ। विभिन्न प्रदेश तथा क्षेत्रहरूलाई स्वायत्तता प्रदान गरिन्छ। आवश्यकता अनुसार स्थानीय स्तरमा स्वायत्त क्षेत्र अन्तर्गत उपस्वायत्त क्षेत्रसमेत कायम गरिन्छ। यस्ता स्वायत्त क्षेत्रलाई भूमिसम्बन्धी अधिकार, प्राकृतिक सम्प्रदायमाथि नियन्त्रणको अधिकार, कार्यकारिणी, विधायिनी र न्यायिक अङ्गको गठन गर्ने अधिकार, भाषा प्रयोगको अधिकारलगायतका अधिकारहरू प्रदान गरी स्वायत्तताको अनुभूति गराउनु आवश्यक पर्दछ।

(ग) समानुपातिक प्रतिनिधित्व प्रणाली : समानुपातिक प्रतिनिधित्व प्रणालीमा राजनीतिक पार्टीहरूले निर्वाचनमा प्राप्त गरेको मतको अनुपातमा प्रत्येक पार्टीका उम्मेदवारहरू निर्वाचित हुने गर्दछन्। विश्वका धेरैजसो देशको समानुपातिक प्रतिनिधित्वमा आधारित निर्वाचन प्रणालीमा पार्टीहरूका प्रतिनिधित्वको अनुपात मात्र मिलाइन्छ। तर, बहुजाति र बहुसंस्कृति भएका देशमा जातीय, सामाजिक एवम् सांस्कृतिक प्रतिनिधित्वको अनुपात मिलाउनु त्यत्तिकै आवश्यक हुन्छ, जसले सबै वर्ग, जाति, जनजाति, लिङ्ग, क्षेत्रको समानुपातिक प्रतिनिधित्वको सुनिश्चित गर्दछ।

(घ) आरक्षणलगायत विशेष व्यवस्थाहरू : धेरै जाति, जनजाति, धर्म, संस्कृति, पिछडिएको क्षेत्र भएको मुलुकमा समानुपातिक प्रतिनिधित्व र अन्य विविध प्रकारका समावेशी माध्यम प्रयोग गर्दा पनि कतिपय आदिवासी जनजाति र भाषिक समुदायहरूलगायतका सीमान्तकृत र जनसङ्ख्याको दृष्टिले साना समुदाय र जातिहरू राज्यको मूलधारमा समेटिन सक्दैनन्। यसरी एक्लिन गएका समुदायहरूका लागि राज्यले उत्थान र संरक्षणको विशेष व्यवस्था गर्नु आवश्यक हुन्छ।

५.७ समावेशीकरण गर्ने प्रक्रियाहरू

राज्यका नीति निर्माण र महत्त्वपूर्ण विषयहरूमा निर्णय लिन र निर्णय प्रक्रियामा सबैको सहभागिताका लागि समावेशीकरण निम्न प्रक्रिया अवलम्बन गर्न सकिन्छ :

(क) गोलमेच सम्मेलनबाट : महत्त्वपूर्ण विषयहरूको निर्णय लिनुपूर्व सम्पूर्ण सङ्गठित समूह र शासक वर्गहरू एकअर्काको इच्छा-आकाङ्क्षा एवम् अरूचिहरू थाहा पाउन गोलमेच सम्मेलन गर्दछन्। राजनीतिक दल, महिला, दलित, मधेसी, स्थानीय जनता, नागरिक समाजसमेत समावेश भएका विविध सङ्गठित समूहहरू एकआपसका इच्छा र आकाङ्क्षाहरू बुझ्नका लागि सहमत हुन्छन्। यो एक विशेष अवसर हो, जसको आयोजना स्थानीय, सामुदायिक, क्षेत्रीय र राष्ट्रिय स्तरसम्म गरिनु आवश्यक पर्दछ।

(ख) आत्मनिर्णयको अधिकार प्रदान गरेर : सङ्घीय शासनका लागि प्रदेशहरूको विभाजन गर्दा आत्मनिर्णयको अधिकारलाई मुख्य आधार बनाइनु पर्दछ। समुदायहरू छुट्टै अथवा अरूसँग मिलेर बस्न चाहेमा उनीहरूको निर्णय अनुसार सङ्घीयताको स्वरूप निर्धारण गर्नु पर्दछ। आत्मनिर्णयको अधिकारलाई मान्यता दिँदा जनता नै सर्वेसर्वा हुन्छन्। हाल परिचालित हुन नसकेका र भविष्यमा सङ्गठित हुन सक्ने सम्भावनालाई समेत दृष्टिगत गरी कुनै समुदायले छुट्टै स्वायत्त क्षेत्रको आवश्यकता महसुस गरेमा त्यस्ता क्षेत्रको व्यवस्था गर्न सक्नुपर्दछ। भारत र स्वीट्जरल्यान्डमा यस्तो व्यवस्था छ। स्वायत्त क्षेत्रको माग भइरहेको अवस्थामा भारतले ठूलो धनजनको क्षतिपछि मात्र नयाँ

प्रदेशहरू गठन गऱ्यो। तसर्थ, कुनै समुदायले माग गरेमा सहजताका साथ नयाँ प्रदेश गठन गर्न दिने व्यवस्था संविधानमा नै हुनुपर्दछ। यस्तो व्यवस्थाले आत्मनिर्णयका अधिकारको सुरक्षा हुन जान्छ।

आत्मनिर्णयको अधिकारले देशलाई विखण्डित गराउँदैन। बरू भेदभाव र एक जाति वा समुदाय र अर्को जाति वा समुदायबीचको खाडललाई कम गरी विखण्डनको सम्भावनालाई गौण बनाउँछ। यस कार्यबाट राष्ट्रिय एकीकरणमा योगदान पुग्दछ। आत्मनिर्णयको अधिकारले सबै समुदायका जनताले राज्यसँग अपनत्व अर्थात् स्वामित्व बोध गर्न सक्ने हुँदा आत्मनिर्णयको अधिकारसहितको राज्य संरचनाको निर्माण लोकतन्त्रको पहिलो आधार हो।

(ग) जनमतसङ्ग्रहको व्यवस्था : सर्वसाधारण जनताको अभिव्यक्तिको रूपमा लिइने जनमतसङ्ग्रह कुनै पनि राजनीतिक प्रश्नमा आमजनताबाट प्रत्यक्ष मतदानद्वारा निर्णय गराउने प्रक्रिया हो। यो देशका बहुसङ्ख्यक जनताको विचार बुझ्ने वैधानिक उपाय भएको हुँदा जनमतसङ्ग्रहद्वारा जनताले गरेको निर्णय कुनै पनि लोकतान्त्रिक सरकारलाई मान्य हुन्छ। बहुमतद्वारा जनताले आफ्नो स्वीकृति प्रदान गरेमा त्यसले कानुनको रूप लिन्छ। स्वीट्जरल्याण्डलगायत विश्वका अन्य केही लोकतान्त्रिक देशहरूमा जनमतसङ्ग्रहले महत्त्वपूर्ण स्थान पाएको छ। यो आफैँमा खर्चिलो माध्यम हुँदाहुँदै पनि यसले जनतालाई शासनमा समावेश गराउने, सामाजिक सद्भाव बढाउने, हिंसा र प्रतिहिंसालाई रोक्नेजस्ता सद्भावपूर्ण र लाभदायक परिणाम ल्याउँछ। लोकतान्त्रिक प्रणालीमा आवश्यकतानुसार केन्द्रीय, क्षेत्रीय र स्थानीयस्तरका महत्त्वपूर्ण विषयहरूमा जनमतसङ्ग्रहको व्यवस्था गर्न सकिन्छ।

निष्कर्ष

निष्कर्षमा भन्नुपर्दा मुलुक लोकतान्त्रिक सङ्घीय गणतन्त्रमा प्रवेश गरिसकेको अवस्था छ। नेपालमा लामो कालखण्डदेखि कायम रहेको सामन्ती संस्कार, जातिजाति र जनजातिबीचमा रहेको धार्मिक, सामाजिक, सांस्कृतिक विभेद, राज्यको स्रोत र साधनको असमान बाँडफाँटका कारण फैलिएको बढ्दो असमानता र देखिएको असन्तुष्टिको हल गर्नका लागि मुलुकमा सुनौलो अवसर आएको छ। राज्यलाई जाति, भाषा, संस्कृति र भूगोलका आधारमा सङ्घीय संरचनामा पुन:संरचित गर्दै मुलुकको नयाँ संविधानको लेखबद्ध गर्न गइरहेको वर्तमान अवस्थामा समावेशी लोकतन्त्रको संस्थागत रूपमा नै विकास गर्न समानुपातिक तथा समावेशी आधारमा राज्यका सबै तह र निकायलगायत नीति निर्माणको तहमा समावेशी र समानुपातिक प्रतिनिधित्व गराएमा आपसी भ्रातृत्व कायम भई देश विकासमा तीव्रता आउनुका साथै लोकतन्त्रको व्यावहारिक र संस्थागत रूपमा नै विकास हुनेछ। तसर्थ, आदिवासी जनजातिलगायत उपेक्षित उत्पीडित, दलित, महिला, आदिवासी जनजाति महिला आदिको पहिचान, प्रतिनिधित्व र अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्दै आदिवासी जनजाति, महिलालगायतको जातीय जनसङ्ख्याका आधारमा समावेशी र समानुपातिक प्रतिनिधित्व सबै तह र निकायमा गर्दै राज्यको स्रोत र साधनको बाँडफाँटमा सबैको पहुँच पुऱ्याउन सकेमा वास्तविक नयाँ नेपालको निर्माण हुनेछ। तसर्थ, राज्यको पुन:संरचना गर्दा समावेशी, सामाजिक न्याय, समानता, सहअस्तित्व, जातीय पहिचान आदिलाई पृष्ठपोषण गर्ने खालको हुनुपर्दछ। सङ्घीय ढाँचाको स्वायत्त शासनका साथै समावेशी र सहमतीय शासन प्रणालीको विकास गर्नुपर्छ, जसले मुलुकमा रहेका सबै वर्ग, जातजाति, जनजाति, दलित, महिला, पिछडिएको वर्ग एवम् समुदाय, धर्म, संस्कृति आदिको समान अस्तित्व, समावेशी आधारमा अधिकारको बाडँफाँट गरी राज्यको मूल प्रवाहमा ल्याउने र अधिकार सम्पन्न गर्ने मात्र नभई राज्यको शक्ति, स्रोत, साधन र जनताको भावनालाई केन्द्रमुखी नभई प्रदेशमुखी बनाउने र राज्य केवल एक वर्ग र एक जातिको नभई सबै वर्ग, जातजाति, भाषाभाषी आदि सबैको हो भन्ने कुराको बोध गराउँछ। नेपालजस्तो विविधतायुक्त मुलुकले विविधताबाट मजबुत एकता खोज्नुपर्ने हुन्छ। यस्तो एकता मुलुकको सबै जातजाति, वर्ग र क्षेत्रका जनताको सहअस्तित्व र भ्रातृत्व वैधानिक र वास्तविक रूपमा नै स्वीकार गरेर सबैको साझा मुलुक झल्कने गरी नेपाल राज्यको पुन:संरचना गर्नु आजको आवश्यकता हो।

सन्दर्भ सामग्री

तामाङ, सीताराम (सं), (०६२), ***'नेपालको सन्दर्भमा राज्यको पुन:संरचना'***, काठमाडौँ

भण्डारी, बुद्धिप्रसाद (डा.) (०६४) ***'संविधानसभा, लोकतन्त्र, समावेशीकरण र सङ्घीय राज्य प्रणाली'***, पैरवी प्रकाशन, काठमाडौँ।

के.सी., सुरेन्द्र (डा.) (०६३) ***'नेपालको राज्य पुन:संरचना र संविधानसभा'***, पैरवी प्रकाशन, काठमाडौँ।

श्रेष्ठ, राजेन्द्र, ***'राज्यको पुन:संरचना र समावेशी लोकतन्त्रको आधार'***।

भट्टचन, कृष्ण, ***'समावेशी प्रजातन्त्रका सम्भावित मोडलहरू'***।

खनाल, कृष्ण, ***'राज्यको पुन:संरचना : एक प्रस्ताव'***।

तामाङ, परशुराम, ***'लोकतन्त्र र राज्यको पुन:संरचना : आवश्यकता, अवधारणा र प्रारूप'***।

लावती, महेन्द्र, ***'समावेशी प्रजातन्त्रका लागि राजनीतिक संस्थाहरू'***।

बज्राचार्य, चुन्दा (डा.), (कार्यपत्र), ***'राज्यको पुन:संरचना र आदिवासी महिला'***।

माथेमा, सुष्मालता (मा.न्या.), (कार्यपत्र), ***'संविधानसभा र राज्यका संरचनामा एकतिहाइ महिला'***।

योन्जन, कुन्साङ (कार्यपत्र), (०६४), ***'संविधानसभाको निर्वाचन र आदिवासी जनजातिहरूको सवाल'***।

योन्जन, कुन्साङ, (कार्यपत्र), (०६४), ***'राज्यको पुन:संरचनाको सवाल र आदिवासी जनजातिको भूमिका'***।

सङ्घीय संरचना र दलित समुदायको समावेशीकरण

सरोजदिलु विश्वकर्मा

नेपालको बहुलता, सांस्कृतिक विविधता, धार्मिक परम्परामा अडिएको समाजमा समावेशीकरण गरेर एकैचोटि समाजवादी वा पुँजीवादी संरचनाअनुसार समानस्तरमा ल्याउन सकिन्छ भन्ने कोरा र सतही सोच मात्रै हो।

(क) नेपालको सन्दर्भमा सङ्घीय प्रणाली ठीक या बेठीक ?

सबैको मानसपटलमा परिसकेको हुनुपर्छ- जन्मकै आधारमा कोही शूद्र वा अछूत हुँदैन। उसको जाति भनेको केवल पहिचान मात्रै हो। त्यसैगरी जन्मकै आधारमा कोही तल वा माथि हुँदैन भनेर स्वीकार्ने हो भने जन्मकै आधारमा ऊ जन्मिएको कुनै पनि ठाउँ उसको मात्र हुँदैन, ऊ त केवल कर्ता मात्रै हो। एउटा निश्चित भूगोललाई राष्ट्र भनेर स्वीकारिसकेपछि र अरू जातजाति वा समुदायको पनि अस्तित्वलाई स्वीकार्ने हो भने कसैले पनि माटोलाई पेवा भन्न मिल्दैन। र, त्यो माटो कसैले पनि वंशानुगत लिएर आएको हुँदैन। हो, जमिनको स्वामित्व उपभोगका लागि केही समय व्यक्तिगत नाममा हुनसक्ला। तर, जन्म र जातैका आधारमा त्यसमा पुर्ख्यौली स्वामित्व छ भन्नुचाहिँ मूर्खता हो। तैपनि, हामी बहुजाति, बहुभाषा वा बहुसंस्कृति भएका नेपालीले आफूलाई नेपाली भन्नुमा नै गर्वित तुल्याइसकेपछि आ-आफ्नो भूगोलको सीमालाई निर्धारण गर्नुभन्दा राज्यको सगोल सीमालाई आफ्नो ठान्नु पर्छ। तर, यहाँ त्यसो नभई जात वा बसोबासकै आधारमा आ-आफ्नो भूगोलको सीमा लगाउन खोजिएको छ। मधेसी समुदायले तराई क्षेत्र, थारुहरूले भित्री मधेस, लिम्बूवान र खुम्बूवान राईहरूले पूर्वी पहाड र तराई क्षेत्र, तमाङहरूले मध्यपहाडी क्षेत्र, मगरहरूले पश्चिम पहाडी क्षेत्रलाई वर्गीय वा जातीय रूपमा सीमाङ्कन गरेर छुट्टै राज्य र स्वायतत्ताका सवालहरू उठाइरहेका छन्। अब क्षेत्री, बाहुनको बैतडी र डडेल्धुरा मात्रै बाँकी देखिएको छ। राउटे, कुसुन्डाजस्ता अल्पसङ्ख्यक तथा दलित र मुस्लिमको मात्रै भन्ने हो भने कहींकतै स्वायत्त क्षेत्र नै बाँकी रहेन, उनीहरूले अरूसँग मिसिनैपर्छ। तर, मुस्लिमहरू आदिवासी पनि होइनन्, आफूलाई मधेसी मात्र पनि भन्न रुचाउन्नन् भने तिनीहरू अब आफ्नो पहिचानका लागि कहाँ जाने ? नेवारहरूको उपत्यका भनेपछि यहाँ पनि बाँकी जातिहरूको पहिचान ओझेलमा पर्छ। त्यसो भए अब नेवारबाहेकका बाँकी जातिहरूले राजधानीको स्वामित्व नपाउने त ? अथवा दलित या मुस्लिम या यी अल्पसङ्ख्यकहरूको खोइ त आफ्नो हिस्सा रहने भूभाग ? आफ्नो हिस्सा नपाउने हो भने यिनीहरूले किन ती बहुमतका जातिहरूसँग आफ्नो पहिचान मिलाएर तिनीहरूलाई नै माथि चढाउने ? वा सबैले आ-आफ्नै पहिचानका लागि मात्र लड्ने हो भने यिनले आफ्नो एकल पहिचान नै गुम भएको हिस्सा किन लिने ? तराईमा दलित वा मुसलमान वा जनजाति वा क्षेत्रीबाहुनले आफ्नो पहिचान किन मधेसीसँग मिसाउने ? उपत्यकामा अन्य जातजातिले किन नेवारमा आफ्नो पहिचान विलय पार्ने वा लिम्बूवान वा खुम्बूवान क्षेत्रमा रहेका वा थारूवान क्षेत्रमा रहेका नेवारलगायत अरू पहाडिया वा मधेसीहरूले आ-आफ्ना पहिचानलाई किन ती आदिवासीहरूलाई सापटी दिने ? यिनलाई पनि छुट्टै स्वायतत्तासहितको राज्य चाहिन्छ नै।

अत: नेपालजस्तो मुलुकमा सङ्घीय संरचनाले अन्ततोगत्वा नेपाली जनताकै लागि घात पुऱ्याउन सक्छ। जबकि एक मधेस एक प्रदेशको एजेन्डा उठ्नासाथ २६ जातजातिहरूले आ-आफ्ना तरिकाले विरोध गरिरहेका छन्, उपराष्ट्रपतिको शपथग्रहण काण्ड भर्खर सेलाएको छ। यसले एकअर्को क्षेत्र तथा समुदायमा विद्रोहको लक्षण देखापरिसकेको स्थिति छ। अत: तराईका उत्पादनहरू पहाडमा छिर्न नपाउने, जुम्लाका स्याउ, ताप्लेजुङका अलैंची र राडीपाखीहरू, भोजपुरका रूद्राक्ष र खुकुरीहरू मधेस हुँदै आयात-निर्यात नहुन सक्छन्। यसले गर्दा हाम्रा उत्पादनहरू भारतसँग सिमाना जोडिएका क्षेत्रहरूको तुलनामा जुम्ला, ताप्लेजुङ, मनाङ, मुस्ताङ वा सङ्खुवासभा, भोजपुर जिल्लाहरू पछाडि पर्न सक्छन् भने पहाडी क्षेत्रमा बसोबास गर्ने क्षेत्रीबाहुन, तामाङ, राई, लिम्बू र दलितजनहरू यता न उता भएर किचिने मिचिने छन्। यसले बसाइँसराइलाई तीव्र पार्ने छ भने सबै अल्पसङ्ख्यक जातिहरू आ-आफ्ना राज्यमा सुरक्षा र भविष्य सुनिश्चित नदेखेपछि आफ्नो सुरक्षित भविष्य खोज्दै यी जातिहरू पूर्वबाट पश्चिम वा दक्षिणबाट उत्तरतिर सर्छन् भने तराईमा बसोबास गर्दै आएका पहाडी समुदायहरू पहाडतिर,

पहाडका मधेसी र मुसलमानहरू तराईतिर एउटै वंश, रङ र गोत्र खोज्दै हिँड्नुपर्ने सम्भावना रहन्छ। त्यहाँ पनि उही बहुसङ्ख्यकहरू नै हर्ताकर्ताहरू हुने र दलितहरू भने आफ्नो स्रोत, बल र ज्ञानमा पनि कमजोर हुनाले सिराहामा चमार कुटिएभैँ र महिलाहरू बलात्कार भइरहेभैँ वा अन्तरजातीय विवाहको निहुँमा पर्वत र सुर्खेतका दलितहरू गाउँबाट लखेटिएभैँ शिर निहुऱ्याएर बाँच्नुपर्ने वा लखेटिनुपर्ने स्थिति नआउला भन्न सकिँदैन। यसले गर्दा कालान्तरमा आर्यनहरू (दलित, क्षेत्रीबाहुन, ठकुरी) एकातिर, मङ्गोलीयनहरू अर्कोतिर, मधेसीहरू एकातिर, नेवारहरू अर्कोतिर भई आ-आफ्ना गल्लीका आ-आफैँ दादा भई एकले अर्कोलाई डङ्का पिट्ने दिनहरू निम्तिने छन्। त्यसैगरी, उपत्यकाको व्यापारलाई थेगेका मधेसी मूलका व्यापारीहरूले राजधानी छोड्नुपर्ने स्थिति नआउला भन्न सकिँदैन। त्यसले समूह-समूह, वर्ग-वर्ग वा समुदाय-समुदायबीचमा कित्ता छुट्टिने र कालान्तरमा पुनः बाइसे/चौबीसे राज्यमा मुलुक नजाला भन्न सकिँदैन। तर, दलित जातिहरूसँग न स्रोत छ, न त साधन नै, न त प्रशस्त जग्गाजमिन, न त उनीहरूको आफ्नो राज्य हुने स्थिति नै छ। तराई वा पूर्वी क्षेत्रमा बसोबास गरिरहेका दलितहरू कालीकोट र मुगुतिर गएर बस्न चाहँदैनन्। त्यसले गर्दा उनीहरू त्यही लिम्बू र खुम्बूवान वा मधेसी र तामाङ वा मगरात क्षेत्रहरूमा शोषित र उत्पीडत भएर बाँच्नुपर्ने हुन्छ। दलितहरू मुलुकभरि नै छरिएर रहेकाले सिराहा, सप्तरी वा महोत्तरीबाहेक अन्य स्थानमा उही बाइसे/चौबीसे राज्य वा राणा शासनमा जसरी ठूलाबडाहरूसँग बाटामा जम्काभेट हुनासाथ 'माफ पाऊँ हजुर म अलक्षिणा कहाँबाट हजुरलाई कुसाइत पार्न आएछु नि...!' भन्दै उनीहरूको साइतका लागि डिलमुनि झरिदिनुपर्ने स्थिति उत्पन्न हुनेछ। यसले मुलुकलाई अग्रगमन होइन, इतिहासतिर फर्काउने सम्भावना प्रवल हुन्छ।

झन् आत्मनिर्णयको अधिकारसहितको सङ्घात्मक प्रणालीले यो मुलुकका सिमानाहरू नै घट्नसक्ने र हाम्रो पिढीहरूले घुमीफिरी उही रुम्जाटार भनेझैँ नेपाल भनेको उही नेवाः राज्य वा नेपाल खाल्डो मात्रै रहेछ भने बुझ्नुपर्ने दिन आउनेछ। अर्कोतर्फ, सङ्घीय राज्य अति महँगोसमेत हुन्छ, जुन नेपालको स्रोत र उत्पादनले भ्याउँदैन। किनभने, सङ्घहरू निर्माण गर्दा धेरै पदहरू सिर्जना हुने, तिनलाई प्रशासनिक प्रक्रियामा राख्दा, कार्यालय, मसलन्द, बन्दोवस्ती, सुरक्षा र अन्य खर्चहरू थपिने हुनाले हाम्रो उत्पादन र राजस्वले मात्र त्यसलाई भ्याउँदैन। त्यसलाई धान्नका लागि या त कर वृद्धि गर्नुपर्छ या त विदेशी लगानीलाई आकर्षण गर्नुपर्छ। कर बढाइँदा जनतामा भार पर्न गई महँगी बढ्न जान्छ भने विदेशी लगानी भित्र्याइनाले विदेशी हस्तक्षेपसमेत बढ्छ।

तथापि, अहिले मुलुक सङ्घीय संरचनामा गइसकेको छ। र, सङ्घीय शासनबाट डराइहाल्नुपर्ने स्थिति पनि छैन। दूतकर विकास र राज्यका स्रोतसाधनमाथि जनताको पहुँच पुऱ्याउने ध्येयका लागि सङ्घीय राज्य बनाइयो भने त्यो मुलुकका लागि हितकर नै हुन्छ। हो, विकास र जनताको स्रोतमाथिको स्वामित्वलाई स्थानान्तरण गर्नका लागि प्रदेश छुट्याइयो भने सम्भवतः छिटो विकास हुन्छ। त्यसका लागि सबै जाति र र समुदायहरू अन्तरघुलन हुने गरी अहिले भएका अञ्चल वा विकास क्षेत्रलाई आधार मानेर स्वायत्तताका लागि प्रदेश निर्माण गरियो र यसका बढी अधिकार प्रत्यायोजन गरियो भने त्यसले फाइदा नै पुऱ्याउला। तर, त्यसका लागि सङ्घलाई नेतृत्व गर्ने दलमा पदकै मात्र लोलुपता वा जनताप्रतिको इमानदारी हुनुपर्छ भने सम्बन्धित राज्यका नागरिक समाजले आफ्नो राष्ट्रको अस्तित्वप्रति सदैव चनाखो रहनुपर्ने हुन्छ। त्यसले नै दलित जनजाति, थारु, लिम्बू, मगर, तामाङ तथा खसहरूबीच सामञ्जस्यता र भ्रातृत्व बढाउनेछ। त्यसका लागि सामाजमा विद्यमान पुराना मूल्य-मान्यतामा सांस्कृतिक रूपान्तरण आउनु जरुरी छ। जहाँ छुवाछूत वा भेदभाव हुनुहुँदैन, जहाँ एक जाति र अर्को जातिबीच वैवाहिक बन्देज लाग्ने संस्कार रहनुहुन्न भने समान वर्गीय अस्तित्व कायम रहनु पर्छ, जहाँ लिङ्गीय समानता कायम रहनु पर्छ र क्षेत्र, रङ्ग, लिङ्ग वा वैवाहिक अन्तरघुलन वा मितेरी, दौतरी सम्बन्ध स्थापित हुँदै जानुपर्छ। यसो भयो भने त्यहाँ शान्ति हुन्छ, शान्तिको वातावरणले समाजका हरेक मानिसलाई काम गर्ने ऊर्जा पैदा गराई समाज र राष्ट्रका लागि केही गरौँ भन्ने भावना जागृत गराउँछ।

(ख) समावेशीकरणको सवाल : सबै जाति, वर्ग, समूह तथा लिङ्गबीचको समान अस्तित्व निर्माण हुने र समान दायित्व बहन हुने तथा समान प्रतिफल प्राप्त गर्ने प्रणाली नै समावेशीकरण हो *(आफ्नो भनाइअनुसार)।* हाम्रो बहुल जाति, बहुल संस्कृतिभित्र स्रोत र उत्पादन पनि फरकफरक किसिमको छ। ती उत्पादन र पुँजीहरू केही व्यक्तिको सीमित चौघेरामा छन्। त्यसलाई खोस्न अर्को सर्वहारा वर्गको रक्तपातपूर्ण क्रान्ति नै हुनुपर्छ, जुन सम्भव छैन। त्यसैगरी पछाडि परेको वर्गलाई राहत दिँदै अगाडि बढाउँदै समरूपी समाज निर्माण गर्ने कार्यमा पनि त्यही सहज छैन। किनभने, पछाडि परेको वर्ग र समुदाय भनेर यकिन नै नभइरहेको स्थिति छ। बाहुनक्षेत्री पनि गरिब छन्, दलित पनि धनी वर्गहरू छन्, कोही जनजातिहरू पहाडबाट बँसी झर्न र जङ्गलबाट समाजमा आउन सकेका छैनन् भने कोही अमेरिका र युरोप महिनैपिच्छे सयर गरेर हिँड्नसक्ने स्तरका छन्। त्यस्तै, दलित, नेवार, मधेस वा जनजाति, मधेसी, महिला पछाडि परेभन्दा क्षेत्रीबाहुन वा ठकुरी मात्र सम्पन्न भन्ने बुझिन्छ। तर, यो यथार्थ होइन, तिनीहरूमध्ये कतिपयको स्थिति उही दयनीय अवस्थामा नै छ। अतः लिनवेनेटकै आधारमा समाजका सबै जाति, वर्ग र समुदाय एवम् क्षेत्रलाई मान्य हुने शान्तिपूर्ण परिवर्तनको समावेशीका लागि समरूपतामा बहुमुखी समावेशीकरण सिद्धान्त *(अरू नाम दिन पनि सकिन्छ)* अपनाउनुपर्ने हुन्छ।

(१) **समरूपतामा बहुमुखी समावेशीकरण :** विभिन्न प्रक्रियाले समावेशीकरण गर्दै निश्चित समयभित्र समरूपी समाज निर्माण गर्ने ध्येय नै समरूपी समाज निर्माणमा बहुमुखी समावेशीकरण सिद्धान्त हो, जुन, समाजमा रहेका मानिसहरूको आर्थिक, सामाजिक,

राजनीतिक विकाससँग जोडिएको हुन्छ। विशेषत: यी तीनैओटा प्रक्रियाबाट समरूपता निर्माण गर्न मानिसको जीवनलाई तीनवटै तहमा विभाजन र वर्गीकरण गरी तल्लोतहमा समानुपातिक तवरले, मध्यमतहमा आरक्षण प्रक्रियाबाट र उच्चतहमा अनिवार्य सहभागिताका आधारमा समावेशीकरण गरिनेछ, जसमा सकारात्मक विभेदकै सिद्धान्तअनुसार वर्ग निर्धारण गरी प्रगतिशील आरक्षण, विशेषाधिकारको प्रक्रियाससमेत अपाइनु पर्छ। यसर्थ, समावेशीकरणको एउटै मोडल अपनाउनु राष्ट्रका लागि हानिकारक र अन्तहीन राजनीतिक बहस मात्रै हुने हुनाले यसभित्र देहायका मोडलहरू अपनाउनु पर्छ :

१.१. **समानुपातिक समावेशीकरण** : समानुपातिक भनेको समान हैसियत भएकाहरूबीच बराबरी प्रतिफल वितरणको माग हो भने आरक्षण भनेको समान भइनसकेको स्थितिमा समान तुल्याउनलाई गरिने आधारभूत प्रक्रिया हो, जुन राज्यको क्षमता र माग गर्नेबीचको समझदारीमा निश्चित गरिनुपर्छ। तर, मुलुकको सामाजिक, आर्थिक, राजनीतिक तथा शैक्षिक संरचना असमान छ। असमान भएकैले समानताका लागि सबै जाति वर्ग, समुदाय वा क्षेत्र र लिङ्ग, धर्मका समान हैसियत कायम गराउनका लागि समान अनुपातको समावेशीकरण खोजिएको हो। तर, ९३ भाषाभाषी, आठ मुख्य धर्म र १ सय २ जातजाति अनि विशेषगरी हामी बहस गर्दै आएको चार क्षेत्र (हिमाल, पहाड, तराई र कर्णाली)को संरचनामा विपन्न राष्ट्रमा परेको नेपालभित्र यी सबैका लागि एउटै समानुपातिक समावेशीकरण सम्भव छ त ? छैन। तसर्थ, वर्गभित्र पनि प्रथमत: समुदाय निर्धारण गरिनुपर्छ। *(जस्तो: दलित, जनजाति, मधेसी, महिला, आदि)* तीभित्र पनि सकारात्मक विभेद गरी समानुपातिक गराइने नीति अपनाइनु पर्छ। त्यसमा पनि व्यक्तिको योग्यतालाई आधार मान्नुपर्छ। लक्षित गरिएको वर्गमा योग्यता पुगेन भने त्यसभन्दा अलि उच्च वर्गको, त्यो पनि भएन भने त्यसभन्दा माथिल्लो वर्गको व्यक्तिलाई प्राथमिकता दिइनु पर्छ। यस किसिमको समावेशीकरण पनि सबै क्षेत्र र सधैँ लागू नहुन सक्छ। हुने भयो भए पनि जिम्मेवार हैसियतमा गैरजिम्मेवार व्यक्तिको मनोनयन हुनसक्छ *(जस्तो अहिले भइरहेको छ)*। त्यसैले राजनीतिक दल तथा त्यसका विभिन्न समितिहरूका सदस्यमा, सुरक्षा निकाय, वैदेशिक रोजगार र सार्वजनिक सम्पत्तिको उपभोग आदिमा समानुपातिक समावेशीकरण उपयुक्त हुन्छ तर खाद्य-सम्प्रभुताको सवालमा भने समान दायित्व र प्रतिफल हुने खालको समावेशीकरण हुनुपर्छ। तत्कालमा यस्तो भइदियो भने कालान्तरमा हरेक क्षेत्रका हरेक तहमा समावेशीकरण हुने वातावरण बन्छ।

१.२. **आरक्षण** : आरक्षण भनेको नहुनु मामाभन्दा कानो मामा हुनु भनेजस्तै हो। अहिले नै सबै क्षेत्रमा, सबै जनजाति र वर्ग, समुदायमा राज्यको स्रोत, साधन एवम् प्रतिफलहरू समान वितरण गर्न नसकिने अवस्था हुनाले तत्काललाई यतिसम्म दिऔँ है भन्ने अवधारणा नै आरक्षण हो। त्यसैले आरक्षण भनेको माग्नेको दाबीभन्दा दिनेको क्षमतामा भर पर्छ। हाम्रो समुदायको जनसङ्ख्या यति छ, त्यसैले त्यति नै प्रतिशत चाहियो भन्ने हो भने त्यो समानुपातिक माग हुन जान्छ। जुन नेपालको उत्पादन, आयस्थिति र संरचनाअनुसार तत्कालै सम्भव छैन। यस्तो सम्भव भएको स्थितिमा राज्यको क्षमताले भ्याउने गरी प्रतिफल दिइने कुरा नै आरक्षण हो। तसर्थ, उच्च पदहरू, उच्चस्तरका नोकरीहरूमा र मनोनयनहरूमा आरक्षण दिइनु पर्छ भने तल्लो स्तरमा समानुपातिक समावेशीकरण। आरक्षण पनि सबै एकैनासको हुन सक्दैन अर्थात् दुई या तीनओटा पदहरू छन् तर समुदाय वा जातजाति र वर्ग, क्षेत्र धेरै छन्, त्यस्तो परिस्थितिमा आरक्षण दिन सकिँदैन। यसबेला अर्को जाति, वर्ग वा समुदायलाई विभेद नहुने किसिमले फरकफरक किसिमले आरक्षण दिइनुपर्छ।

१.२.१. **प्रगतिशील आरक्षण** : यो आरक्षण भनेको जनताको आम्दानी र उत्पादनको हैसियतका आधारमा क, ख, ग, घ वा ङ. वर्ग निर्धारण गरी तल्लोस्तरबाट सकारात्मक विभेदको नीतिअनुसार तल्लो वर्गलाई अधिकतमदेखि उच्च वर्गलाई न्यूनतम प्रतिफल वितरण गर्ने प्रणाली हो। यसमा सबैभन्दा पहिला त उनीहरूको आय तथा मौज्दात र स्रोतका आधारमा चार वा पाँच वर्ग निर्धारण गर्नु जरुरी छ। 'क' वर्गमा पर्नेहरूलाई न्यूनतम् राहत् 'ख' वर्गमा पर्नेलाई त्यसभन्दा अलि बढी, 'ग' वर्गमा पर्नेलाई अलि ज्यादा र अन्तिम वर्गमा पर्नेलाई अत्यधिक राहत दिने नीति अपनाउनु पर्ने हुन्छ। त्यसका लागि आम्दानीको सीमाङ्कन गरी सीमाभन्दा बढी कसैले आम्दानी गर्छ भने त्यसलाई अधिकतम् (६० प्रतिशतसम्म) आयकर लगाई त्यसबाट प्राप्त आम्दानी अनुपातका आधारमा तल्लोस्तरमा वितरण गर्दै लैजानु पर्छ। यसो गर्दा दलित, जनजाति, मधेसी तथा अल्पसङ्ख्यकहरू, जो आर्थिक रूपले विपन्न छन्, तिनले अत्यधिक राहत पाउँछन् भने सबै जाति वा वर्ग वा समुदायमा उच्च आर्थिक हैसियत हुनेले न्युनतम प्राप्त गर्छन्।

१.२.२. **विशेषाधिकार** : राज्यमा यथेष्ठ स्रोत र उत्पादन नहुनाले धनी मानिसको स्रोतहरू खोसी सांस्कृतिक क्रान्ति गरी हाल्ने स्थिति छैन। क्षतिपूर्तिसहितको क्रान्तिकारी विशेषाधिकारले त पक्कै पनि दलितलाई लोभ्याउँछ। तर, यो व्यवहारमा प्रयोग हुन सक्दैन। बरु यसले वर्ग विद्रोह र सामाजिक हिंसा निम्त्याउँछ। समाज परिवार, नातागोता र इष्टमित्र, जाति, धर्मको सञ्जालमा अड्केको हुनाले एउटा डोरी चुडाउँदा अर्को ठाउँमा असर पुग्न जान्छ। त्यसैले क्रान्तिकारी विशेषाधिकार वा वर्ग विद्रोह तुरुन्तै सम्भव छैन। राज्यको स्रोतले भ्याएसम्म तल्लो हैसियतका लागि बढी राहत दिने तथा धनीको खुद मुनाफाको स्तर हेरी कर निर्धारण गर्दै अन्ततोगत्वा समान आर्थिक हैसियत निर्माण गर्ने नै वर्गीय समानताको सर्वमान्य विधि हुनसक्छ। तथापि, उत्पादनविहीन रहेका जमिन तथा राज्यका अन्य स्रोतहरू वितरणमा भने दलितको अवस्था हेरी केही सीमित जाति र समुदायलाई सकारात्मक विभेदअनुसारको बढी मात्रामा वितरण गर्न सकिन्छ।

१.२.३. **अनिवार्य सहभागिता** : राज्यका सबै तहमा विशेषाधिकार लागू

गर्न सकिन्न। त्यसैगरी, प्रगतिशील आरक्षण पनि लागू गर्न नसकिने अवस्था छ। दलितहरू उपल्ला जातिको तुलनामा शिक्षामा धेरै पछाडि परेको र व्यवसाय गर्न आर्थिक हैसियत नभएको तथा अहिले नै राजनीतिक हैसियत बनाइनसकेको स्थिति छ। त्यसबेला अनिवार्य सहभागिता सिद्धान्तअनुसारको समावेशी गर्नु उपयुक्त हुनजान्छ। यो पनि व्यक्तिको योग्यता इमानदारी हेरेर मात्रै गरिनुपर्छ। जस्तो: राज्यले नियुक्त गर्ने राष्ट्रपति वा उपराष्ट्रपति वा न्यायाधीश वा कुनै पनि कूटनीतिक नियोगमा प्रतिनिधि, आयुक्त तथा राजदूत नियुक्तिमा समानुपातिक ढङ्गले वा विशेषाधिकार वा प्रगतिशील आरक्षण अनुसार समावेशीकरण हुने स्थिति रहन्न। किनभने वर्ग समूह वा जाति धेरै छन् तर पद भने थोरै। जस्तो मानवअधिकार आयोग तथा लोकसेवा आयोग, राष्ट्रिय योजना आयोगमा जस्तो न्युनतम् पदमा दलितबाट २२ सै जातिको समानुपातिक प्रतिनिधित्व गर भनेर सम्भव हुँदैन। किनभने, दलितभित्रका तल्लो जातिहरूमा राजदूत, आयुक्त र योजनाविद् हुनसक्ने योग्यता भएका मानवस्रोत नहुन सक्छन्। त्यसबेला भने योग्यता र क्षमताका आधारमा समग्र दलितबाट न्यूनतम एक जना अनिवार्य हुने गरी समावेशी गराउनु पर्नेहुन्छ।

त्यसैगरी व्यावसायिक क्षेत्रमा दलितको आर्थिक हैसियतले भ्याउँदैन। राज्यले यिनका लागि लगानी गरेर समान हैसियतमा पुऱ्याइहाल्ने स्थिति पनि छैन। त्यस्तो बेलामा न्यूनतम एक जनाको प्रतिनिधित्व हुने गरी समावेश गर्दा व्यावसायिक क्षेत्रमा आधार पुगेका दलित व्यक्तिले उत्पादन वा व्यवसायमा सहभागिता जनाउनुपर्ने हुन्छ। तर, समानुपातिक मोडेलको विशेषाधिकार वा प्रगतिशील नै चाहिन्छ भनेर दावा गर्दा यथेष्ठ स्रोत र सम्पत्ति नभएका पुँजी सञ्चालन गर्न नसक्नेहरूको ती क्षेत्रमा सहभागिता रहन सक्छ। यसले उत्पादनमा प्रतिफल होइन, भएको उत्पादनमा समेत ह्रास आउँछ। यस जटिल परिस्थितिमा भने अनिवार्य सहभागिताको सिद्धान्त अपनाउनु बुद्धिमानी हुन्छ।

(ग) प्रान्तीय वा सङ्घीय राज्यमा आरक्षण प्रणाली : पुन:संरचना हुने प्रत्येक सङ्घ वा प्रदेशमा समेत उपरोक्त मोडलकै समावेशीकरण प्रणाली लागू गर्नुपर्छ। अन्य प्रदेशको वस्तुस्थितिसँगको अन्तर समन्वय नगरी खास क्षेत्र वा प्रान्तको स्रोत वा उत्पादन कस्तो छ, त्यहाँ कुन कुन जातिहरू छन्, त्यसलाई आधार मानेर समावेशीकरण गरिनुपर्छ। यसो गर्दा कुनै प्रदेशमा दलितले बढी सुविधा प्राप्त गर्छन् भने कुनै प्रदेशमा दलितले न्यूनतम सुविधा मात्र प्राप्त गर्न सक्छन्। जस्तो : दलितको सङ्ख्या २० प्रतिशत भन्ने गरिएको छ तर प्रत्येक प्रदेशमा २०/२० प्रतिशत नै चाहिन्छ भन्नु मूर्खता हो। जस्तो: सुरक्षा, निजामती सेवाका प्रत्येक तहमा २० प्रतिशत नै आरक्षण चाहिन्छ भन्नु सुझोनबुझो कुरा हुन्छ। किनभने, दलितका शैक्षिक उपलब्धि वा अहिलेको भर्ना प्रक्रियालाई हेर्ने हो भने आरक्षणको आधार नै निर्माण भएको छैन। यसबेला भने सिपाही, मुखिया वा खरदारका सेवामा कसरी समानुपातिक गर्ने भन्ने विषयमा बहस गर्नु उपयुक्त हुन्छ। अत: स्वायत्त भइसकेको प्रदेशमा त्यहाँको वस्तु-परिस्थिति र जनसङ्ख्यालाई हेरेर त्यही अनुपातमा समावेशीकरणको नीति अपनाउनु पर्छ। यसर्थ, कुनै प्रदेशमा दुई प्रतिशत त कुनै प्रदेशमा दलितको ५० प्रतिशतसम्म समोवशीकरण हुनेछ। त्यसभन्दा अगाडि समावेशीकरण हुने आधार निर्माण भएको छ या छैन, त्यसलाई पनि विश्लेषण गरिनुपर्छ। यदि आधार नै रहेनछ भने आधार निर्माण हुने गरी प्रथमत: समावेशीकरण गरिनुपर्छ।

१. **सामाजिक समावेशीकरण** : समाज सरलताबाट जटिलतामा, सामान्यबाट विशिष्ठतामा उन्मुख भइरहेको स्थिति छ। समाजमा जात, धर्म, लिङ्ग, वर्ग, वर्ण त छँदैछ, त्यसका अतिरिक्त समाज अनेक संस्कृति, चालचलन, नातागोता र सहसम्बन्धमा बाँधिएको छ। ती सबैले समान प्रतिफल खोजिरहेका हुन्छन्। फेरि भविष्यका लागि केन्द्रीय स्तरसम्म समान हैसियत खोज्ने हो भने प्रथमत: तल्लो स्तरमा नै त्यसको आधार बन्नु जरुरी छ। त्यस अर्थमा समाजमा गठन हुने विभिन्न समूह, समूह, समिति वा क्लबहरू, सामुदायिक उपभोक्त समूह, आमा समूह, कृषि तथा सहकारी व्यवसायी समूह आदिमा नै समानुपातिक किसिमको समावेशीकरण अनिवार्य हुनु जरुरी छ।

२. **राजनीतिक समावेशीकरण** : लोकतान्त्रिक दलहरूको केन्द्रीय राजनीतिको आधारभूमि भनेको पनि प्रान्त वा प्रदेश वा त्यसभित्र जिल्ला, नगर, गाउँका राजनीतिक तहहरू नै हुन्। तसर्थ, तल्लो तहको राजनीतिक समिति वा उपसमिति मातहतमै समानुपातिक समावेशीकरण हुनुपर्छ। तर, जतिजति माथिल्लो तह हुँदै जान्छ, तत्काल समानुपातिक समावेशी नहुन पनि सक्छ। त्यसका लागि दलित तथा अर्को सीमान्तकृत वर्ग वा समुदायले केही समय धैर्य गर्नैपर्छ। तल्लो स्तरमा समानुपातिक आधारको . समावेशीको जग निर्माण भइसकेपछि ती उपल्ला स्तरमा त्यही किसिमको समावेशी गर्न सकिन्छ। तसर्थ, उपल्लो स्तरमा भने आरक्षण, त्यसमा पनि सकारात्मक विभेदअनुसारको आरक्षण उपयुक्त हुन्छ भने प्रान्तीय वा केन्द्रीय स्तरका सबै राजनीतिक तहमा त्यो आरक्षण पनि नहुन सक्छ। यस्तो परिस्थितिमा अनिवार्य समावेशीकरणको नीति अवलम्वन गर्नु उपयुक्त हुन्छ। तर जबरजस्त जुनसुकै तहहरूमा अहिले नै समानुपातिक चाहिन्छ भन्ने हो भने त्यसबेला उपल्ला जातिसँग प्रतिस्पर्धा गर्न नसक्ने, राजनीतिको 'र' नजानेका वा नेताहरूको पछिपछि लागेर हिँड्नेहरूले नै अवसर प्राप्त गर्न सक्छन् भने जो योग्य, इमानदार, देश र समुदायका लागि केही गर्न सक्छु भन्ने क्षमता राख्नेहरू पाखा लाग्न सक्छन् अथवा उपल्ला नेताहरूले आ-आफूका पकेटमा भएका वा उनीहरूका पाले-पहरेलाई अवसर दिन सक्छन्। त्यसले गर्दा औसत उत्पादनमा समेत ह्रास भएर जानेछ भने प्रान्तीय र राष्ट्रिय उत्पादनमा गिरावट आउनेछ। अत: राजनीतिमा बलियो आधार बनाउने क्रममा प्रथमत: तल्लो निकायमै समानुपातिक सहभागिता गराउँदै त्यसभन्दा माथिका तहमा फरकफरक किसिमका आरक्षण प्रणाली लागू गर्नु सान्दर्भिक हुन्छ।

३. **आर्थिक समावेशीकरण** : सामाजिक-सांस्कृतिक तवरले दूर राखिएका दलितजनहरूलाई हिजोको दिनमा उनको प्रगतिमा सोच्नेभन्दा सेवा-निकृष्ट कामहरूमा लागाइयो। कालान्तरमसम्म उनीहरूले सेवाकै क्रममा खट्दाखट्दै आफ्ना लागि केही बचत गर्न सकेनन्। अतः उनीहरू जीवनभर ऋण तिर्दै र सेवाकै लागि तल्लीन रहे। अतः आफ्ना लागि उत्पादन बढाउने अवसर पाएनन्। स्रोत र साधनहरू पनि जोड्न सकेनन्। आर्थिक हैसियत कम हुँदा शिक्षा, राजनीति र अन्य प्रगतिका कार्यमा अगाडि बढ्ने मौका नै मिलेन। यसर्थ, महिला, जनजाति वा मधेसीको आर्थिक हैसियत उकास्ने प्रक्रियाको समावेशीकरण सकारात्मक विभेदको आरक्षण नै वा प्रगतिशील आरक्षणको मोडलले मात्र यिनको समान आर्थिक हैसियत बन्दैन। त्यसबाट त वर्गवर्गबीच नै असमानता कायम हुनजान्छ। किनभने, त्यस्तो वर्गभित्र पनि दलितहरूमा जमिन र आर्थिक पहुँच शून्य मात्रामा रहेको छ। अतः जमिनको स्वामित्व, स्वास्थ्य उपचार खर्चमा र बिनाउत्पादन रहेका राज्यका स्रोत-साधन वितरणमा भने विशेषाधिकार वा क्षतिपूर्तिसहितको आरक्षण दिनु उपयुक्त हुन्छ।

४. **शैक्षिक समावेशीकरण** : दलित समुदायले शिक्षा ग्रहण गर्ने सन्दर्भ उनीहरूको आर्थिक र सांस्कृतिक हैसियतमा पनि भर पर्छ। तसर्थ, समावेशीकरण गर्नुभन्दा अगाडि दलितहरूले शिक्षा आर्जन गर्नुपर्नेमा व्यापक चेतना र दबाब सिर्जना गर्नु उचित हुन्छ। त्यसलाई आवश्यक परे विशेषाधिकारसहितको राहत दिई उनीहरूमा पढ्ने मनस्थितिको विकास गरिदिनुपर्छ र दलित शिक्षकहरू प्रत्येक विद्यालयमा अनिवार्य रहने व्यवस्थाले उनीहरूको मनोबल बढेर आउँछ। त्यसैगरी उच्चस्तरका कोटाहरू वा राष्ट्रिय/अन्तर्राष्ट्रियस्तरमा प्राप्त हुने निःशुल्क कोटाहरूमा दलित समुदायभित्र प्रतिस्पर्धा गराई अवसर दिलाउनाले यो समुदायभित्र सन्तुलन कायम हुन जान्छ।

तथापि, मानिसहरूको जीवनस्तर र भौतिक आकाङ्क्षाहरू चलायमान र अस्थिर हुनाले एउटै किसिमको समावेशीकरण प्राणाली सधैँभरि लागू नहुन सक्छ। यसर्थ, देशको विविधता उत्पादनको क्षमता र प्रतिफलको अनुपातमा हाललाई तीनै किसिमको आरक्षण अवलम्बन गर्नुपर्छ। आरक्षण नीति अपनाउँदा कुनै खास व्यक्ति वा खास जाति वा समुदायलाई हित गर्ने परिपाटीभन्दा प्रथमतः राष्ट्रिय उत्पादनलाई कसरी बढावा दिन सकिन्छ र त्यसबाट प्राप्त प्रतिफल कसरी समान वितरण गर्न सकिन्छ भन्नेमा केन्द्रित हुनुपर्छ, जसले समाजमा विग्रह, अशान्ति वा असन्तुष्टि सिर्जना भई हिंसा नभिम्त्याओस्, सामाजिक भाइचारा, सहिष्णुता खलल नपुऱ्याओस्। जसको सार रूप नै समरूप निर्माणमा बहुमुखी समावेशीकरण हो।

निष्कर्ष

जतिसुकै सामाजिक बहस र नीति नियमको सन्दर्भ उठे तापनि अहिलेसम्म उही खाइपाइ आएकाहरूकै हातमा डाडुपन्यु छ। तिनले आफू नअघाई अरूलाई दिनेसक्ने स्थिति छैन। तसर्थ, दलितहरू आफू पनि डाडुपन्यु लिने तहमा पुग्नका लागि भने चनाखो रहनुपर्छ भने ती डाडुपन्यु लिनेहरू कस्ता आचरणका हुन् त्यसमा पनि ख्याल गर्नुपर्छ। तिनीहरू पनि उही खाइपाइ आएका वर्गहरूकै सिको गर्छन् भने समावेशीकरण वा आरक्षणको बहसको कुनै अर्थ रहन्न। तिनीहरूका शैली र चिन्तनमा जबसम्म परिवर्तन हुँदैन र उनीहरूको मानसिकता बदलिँदैन तबसम्म ती नीति-नियम तथा कानुनहरू र समावेशीकरणका प्रावधानहरू अपनाउने स्थिति रहन्न। बरु दलितहरूलाई बलिको बोको बनाएर उनीहरूको आफ्नो धन्दा निरन्तर चलिरहने हुन्छ।

केन्द्रीयस्तरको संरचनामा मात्र होइन, सङ्घीयस्तरको संरचनामा यस्तो प्रवृत्ति झन् उग्र रूपमा देखापर्छ, त्यस्तो स्थितिमा समावेशीकरणको धन्दाले हिंसा नै निम्त्याउने खतरा पनि उत्पन्न नहोला भन्न सकिँदैन। किनभने, केन्द्रीयस्तरमा भन्दा क्षेत्रीय स्तरमा सचेतनाको कमी छ। तिनलाई निगरानी राख्ने प्रहरी, प्रशासन तथा नागरिक समाज, मानवअधिकार कर्मीहरू कम हुनाले यस्तो दुर्घटना ननिम्तेला भन्न सकिँदैन। त्यसबेला प्रदेश वा क्षेत्रीयस्तरमा गैरदलितहरूको सोच, सामाजिक, सांस्कृतिक चेतनास्तर, धार्मिक बन्धन र सह-सम्बन्धलाई समेत ख्याल गर्दै बडो सावधानीपूर्ण तरिकामा समावेशीकरण गर्नुपर्छ, जबकि एउटा वर्ग वा समुदायलाई आरक्षण दिँदा अर्को वर्गको अधिकार तथा भावनामा आघात नपुगोस्।

यसरी, नेपालको बहुलता, सांस्कृतिक विविधता, धार्मिक परम्परामा अडिएको समाजमा समावेशीकरण गरेर एकैचोटि समाजवादी वा पुँजीवादी संरचनाअनुसार समानस्तरमा ल्याउन सकिन्छ भन्ने कोरा र सतही सोच मात्रै हो। फेरि, कुनै पनि वर्ग, समुदायका जनतामा 'म नेपाली नागरिक हुँ, त्यसपछि मेरो वर्ग, मेरो समुदाय' भनेर नठान्ने हो भने पनि यो प्रणाली घातक हुनसक्छ। अर्कोतिर, समावेशीकरण वा आरक्षणका मुद्दामा गलत किसिमले बहस भइरहेका छन्। केही कथित विद्वान्हरूले बाह्य मुलुकको संरचनालाई हेरेर त्यही किसिमको पैरवी गरेर दाताको पैसा भिऱ्याउने र त्यही पेसामा हचुवा र अदूरदर्शी पाठ पढाउँदै नागरिक समाजलाई उचाल्ने काम गरिरहेका छन्, राज्य त्यसै अनुसार प्रभावित भइरहेको छ।

सिङ्गो नेपाल नै जातीय संरचना, जातीय शासन प्रणाली वा हरेक क्षेत्रमा समानुपातिक समवेशीकरण आदि जस्तो अपारदर्शी बहसमा प्रभावित भइरहेको छ। यस अर्थमा मुलुकमा गलत किसिमले बहस सुरु भएको छ र गलत रवैया चल्न थालेको छ। यसबाट मुलुकलाई जोगाउन दूरदृष्टिसहितको विश्लेषणात्मक अध्ययन/अनुसन्धान गरी नेपाली मौलिकताको राज्यको पुनःसंरचना र त्यसभित्र सबै जातजाति, वर्ग, समुदायमा शान्ति कायम हुने, समान सहभागिता हुने र उनीहरूको आत्मसम्मान बढ्ने समावेशीकरण नीति अपनाउनु बुद्धिमानी हुन्छ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा मधेसी समावेशीकरणको सवाल

दीपेन्द्र झा

जहाँसम्म स्थान दिनका लागि क्षमताको विषय हो, जन्मबाटै कोही पनि क्षमतावान हुँदैनन्। उसको आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक र सांस्कृतिक परिवेशले क्षमतावान बनाउने हो। यसकारण जो क्षमतावान छन्, तिनलाई स्थान दिनु पर्‍यो र नभएकालाई क्षमतावान बनाउने दायित्व बहन गर्नुपर्‍यो।

क. पृष्ठभूमि

२०६२/६३ को जनआन्दोलनपूर्वका राजनीतिक परिवर्तनहरूले समावेशीकरणको सवाललाई विरलै उठाएको उदाहरण छ। ००७ देखि ०४६ सालसम्मका जनआन्दोलबाट प्राप्त राजनीतिक परिवर्तनहरूले सामाजिक परिवर्तन र संरचनात्मक विभेदको अन्त्यका लागि ठोस पहल गर्न सकेन। १९६० देखि १९९० र ००२ देखि ००६ सालसम्मको शाही निरङ्कुश शाषकहरूले समावेशीकरणको सवाललाई नजरअन्दाज गरे। जसको निरन्तरता १९५० देखि १९६० र १९९१ देखि ००२ सम्मको लोकतान्त्रिक शासन पद्धतिमा पनि गरियो। यस अर्थमा हेर्दा सीके लालले भनेझैँ पञ्चायतीकालमा कहिलेकाँही कुनै जातिबाट व्यक्ति विशेषलाई टपक्क टिपेर प्रतिकारात्मक पदर्शन गरिने परिपाटीबाट मधेसीहरू अछूतो रहन सकेनन्।

०४६ सालको जनआन्दोलनपश्चात् समावेशीकरणको सवाललाई केही गैरसरकारी संस्थाहरूले प्रमुख सवालका रूपमा अगाडि सारे। सो मुद्दालाई अगाडि सार्ने क्रममा गैरसरकारी संस्थाहरूले दलित, जनजाति र महिलालाई मात्र यसको हकदारका रूपमा प्रस्तुत गरे। तराईबासी मधेसीको साक्षरता ३८.४ प्रतिशत र हिमाललगायत पहाडीको ६५.६ (यादव, ०६०) हुँदा पनि गैरसरकारी संस्थाहरू मधेसीहरूको समावेशीकरणको सवालमा मौन रहे। पछि राष्ट्रिय मानवअधिकार आयोगजस्ता निकायले पनि सो परम्परालाई निरन्तरता दियो। ०४७ सालको संविधानले पनि समावेशीकरणको सवाललाई खासै महत्त्व दिएन। यसकारण सो संविधानप्रति कुनै पनि पक्षले अपनत्व र स्वामित्वको अनुभूति गर्न सकेन (खनाल, ०६०)। परिणामतः १२ वर्षे लोकतान्त्रिक व्यवस्थामा पनि मधेसीलगायत उपेक्षित समुदायहरूले आफूलाई मूलधार भन्दा फरक अनुभूति गर्‍यो।

गजेन्द्रनारायण सिंहले १९८३ मै नेपाल सद्भावना परिषद्को स्थापना गरी मधेसीहरूलाई राजनीतिक, राज्यका प्रशासनिक अङ्ग, सेना र अन्य निकायमा समावेशीकरण गर्नुपर्ने माग अगाडि सारेका थिए (Yhom, 2008)। सद्भावना परिषद् ०४६ सालपछाडि नेपाल सद्भावना पार्टीको रूपमा रूपान्तरित भई साङ्केतिक रूपमा मधेसी समावेशीकरणको मुद्दालाई राजनीतिक तथा संसद्मा जीवित राख्न सफल त भयो तर पार्टीको आन्तरिक गुटबन्दी र सत्तामुखी राजनीतिले गर्दा सशक्त रूपमा अगाडि बढाउन सकेन।

०४७ सालको संवैधानिक र व्यावहारिक कमजोरीको सबैभन्दा ठूलो फाइदा माओवादीलाई मिल्यो। ०५२ सालमा माओवादीले सञ्चालन गरेको जनयुद्धपछि मात्र समावेशीकरणको चर्चा हुन थाल्यो (अजित, ०६५)। ४० बुँदे मागसहित जनयुद्ध घोषणा गरेको माओवादीको प्रभाव जातीय र सामुदायिक समावेशीकरणको सवाललाई केन्द्रविन्दु नबनाउँदासम्म खासै प्रभाव जमाउन सकेको थिएन। ०५८ सालमा माओवादीले जातीय सामुदायिक, लैङ्गिक, क्षेत्रीय समावेशीकरण र स्वायत्ताको मुद्दालाई जनयुद्धको मूलमन्त्र बनायो। यथार्थमा माओवादीप्रति आकर्षणको निरन्तर स्रोत भनेको नेपालीभाषी शाषक वर्गबाट अन्य उपेक्षित वर्गमाथि हुँदै आएको विभेद हो, यस जातीय विभेदको सिकार भएकाहरूले माओवादी जनयुद्धमा ऊर्जा दिने काम गरे (गुप्ता, ०६१)। जनयुद्धको सुरुवात र सफलता आफ्नो सक्रियता र राजनीतिक उपस्थितिले भन्दा पनि मुख्य राजनीतिक दल, संसद्, संविधान र प्रशासनिक निकायहरूको असमावेशी स्वरूप र निर्णय प्रक्रियाले माओवादीलाई बढी सहज बनायो। मधेसी राष्ट्रिय मुक्ति मोर्चाको स्थापनापश्चात् पहाडमा मात्र आफ्नो भूमिका र प्रभाव देखाउन सकेका माओवादीहरू मधेसमा पनि प्रभाव क्षेत्र विस्तार गर्न सफल भए।

१२ बुँदे सम्झौतापश्चात्

लोकतान्त्रिक आन्दोलनका लागि सुरुवात भएको सातदलीय गठबन्धन र माओवादी सहयात्राको मुख्य केन्द्रविन्दु नै जातीय, सामुदायिक, क्षेत्रीय र लैङ्गिक विभेदहरूको अन्त्य गर्ने रहेको थियो। सायद त्यसैले होला सधैँजसो राजनीतिक परिवर्तनमा सीमित रहने आन्दोलनहरू भन्दा पृथक् रूपमा ०६२/६३ को जनआन्दोलनले समावेशी लोकतन्त्रको नारालाई मूल नाराका रूपमा अगाडि साऱ्यो। परिणामत: लोकतन्त्र स्थापनापश्चात् अन्तरिम व्यवस्थापिका-संसद् तुलनात्मक रूपमा समावेशी बन्न गयो। यो समावेशीकरणमा माओवादी अरूभन्दा बढी उदारवादी रूपमा प्रस्तुत भएको थियो। परिणामत: संविधानसभामा माओवादीको विजयको मूल कारण नै जातीय र सामुदायिक समावेशीकरणको नारा बन्न पुग्यो। मुख्यत: माओवादीले आफ्नो भोट पाउनुभन्दा पनि काङ्ग्रेस र एमालेले जनतालाई समावेशी लोकतन्त्रको अनुभूत हुने किसिमले परिवर्तनको आभास दिलाउन नसक्नुको असन्तुष्टि पनि हो भन्ने सहजै अनुमान गर्न सकिन्छ।

लोकतन्त्र पुन:स्थापनाले समावेशी राज्य पुन:संरचनाको बाटो खोल्यो। तर, त्यसपश्चात् माओवादीसहित बनेको सातदलीय गठबन्धनले सो जनचाहनालाई पूर्ण रूपमा व्यवहारमा उतार्न सकेन। परिणामत: मधेस विद्रोह जन्मियो र समावेशीकरणको बहसलाई उत्कर्षमा पुऱ्यायो। जसरी ०४६ सालको जनआन्दोलन सफलतापश्चात् जनजाति र दलित समावेशीकरणको मुद्दाले स्थान पायो, त्यसभन्दा बढी बेगमा ०६३ को आन्दोलनपश्चात् मधेसी समावेशीकरणको मुद्दाले स्थान पाएको छ। यसको जीवित उदाहरणका रूपमा नेपालको अन्तरिम संविधान ०६३ को प्रस्तावनामै 'नेपाली जनताले ००७ सालदेखि हालसम्म पटक-पटक गर्दै आएको सङ्घर्ष र जनआन्दोलनमार्फत लोकतन्त्र, शान्ति र अग्रगमनका पक्षमा प्रकट भएको जनआन्दोलनको सम्मान गर्दै देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक समस्याहरूलाई समाधन गर्न राज्यको अग्रगामी पुन:संरचना गर्ने सङ्कल्प गरेको' कुरालाई समेटिएको छ। साथै, अन्तरिम संविधानको धारा २१ ले सामाजिक न्यायको हकको अन्तर्गत 'आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेसी समुदाय, उत्पीडित वर्ग, गरिब किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको संरचनामा सहभागी हुने' अधिकार प्रदान गर्नुका साथै धारा ३३ र १५८ ले पनि मधेसी समावेशीकरणको सुनिश्चितता गरेको छ।

तालिका- १ : नेपालमा मधेसी समुदाय

मधेशी समुदाय	जनङ्ख्या प्रतिशतमा		नेपाल	प्रतिशतमा नेपाल
	तराइका जिल्ला	बाँकी जिल्ला		
हिन्दू जाति				
बाहुन /क्षेत्री	२१५.७	१३.३	२२९.०	३.१
वैश्य, यादव र अरू	३१२६.६	१६८.९	३२९५.५	४४.५
दलित	८७४.१	१२.७	८८६.८	११.९
जनजाति	१९४०.१	१०६.४	२०४६.५	२७.५
मुस्लिम	९३५.५	४१.७	९७२.३	१३.२
जम्मा	७०९२	३४३	७४.३५	१००

ख. मधेसी समावेशीकरणको औचित्य

देश सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको छ। पुराना सम्पूर्ण परिभाषाहरू पुन:भाषित हुने क्रममा छ। नेपाललाई भौगोलिक हिसाबले हिमाल, पहाड र तराई गरी तीन भागमा विभाजन गरिए पनि पहिचानका रूपमा मूलत: पहाडी समुदाय (जनसङ्ख्या ६६.२ प्रतिशत) र मधेसी/तराईबासी (३३.८ प्रतिशत) गरी दुई समुदायका रूपमा विभाजित छ (Shah, 2007)। मधेसी समुदायभित्र पनि जातीय र भाषिक थुप्रै विविधताहरू छन्। २००१ को जनगणनामा सुसूचित गरिएका कूल १ सय ३ जातजातिमध्ये ४८ ओटा मधेसबासी र ९३ ओटा भाषामध्ये १८ ओटा मधेसमा नै रहेको पाइन्छ (तथ्याङ्क विभाग)। यसले पनि के देखाउँछ भने पृथ्वीनारायण शाहले नेपालको राजनीतिक र भौगोलिक एकीकरण त गरे तर समाजिक, आर्थिक, भावनात्मक एकीकरण गर्न सकेनन्। राज्यले राष्ट्रिय एकीकरणको नाममा खास धर्म, खास जाति, खास भाषा, खास मान्यता र खास संस्कृति मात्र बलियो बनाएर लग्यो। यसले गर्दा खस वा बाहुनक्षेत्रीबाहेक अरू जनजातिहरूले आफूलाई राज्यबाट धकेलिएको र पेलिएको स्थितिमा पाए, जुन सही हो (शर्मा, ०६०)।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको घोषणाका पूर्व र तत्कालीन अवस्थामा मधेसीलगायत सम्पूर्ण आदिवासी जनजाति, दलित, महिला र भौगोलिक आधारमा विभेदमा परेका कर्णालीबासीहरूले राजनीतिक दल, संसद्, न्यायपालिका र राज्यका संरचनाहरूमा आफ्नो समानुपातिक समावेशीको अधिकार खोज्नु स्वाभाविक हो। कर्णालीबासी जनजाति, पहाडी दलितहरू समानता र समावेशीकरणको अभावले पिरोलिएका छन् भने मधेसीहरू यी दुईबाहेक पहिचानको आभावले पनि बढी सङ्कटपूर्ण र चुनौतीपूर्ण अवस्थामा छन्। बारम्बार यिनको राष्ट्रियताप्रतिको निष्ठामा शङ्का गरिन्छ। पहाडी नेताहरू प्राय: राष्ट्रिय अखण्डताको उच्चारण गर्दा लुकेको मानसिकता मधेसलाई प्रहार हो। मधेस आन्दोलनको भार राज्यले थेग्न नसकी मधेसी पहिचानको सवाललाई संवैधानिक मान्यता प्रदान गरेको छ। तर पनि सधैँ राज्यसत्तामा रमाइरहनेहरूले अझ पनि परिवर्तनलाई आत्मसात् गर्न सकेका छैनन्। यहाँका ठूला तप्का 'ठाउँ दिन्छौँ तर

मान्यता र सम्मान दिनौं' भन्ने रणनीतिमा छन्। देश सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरे पनि सोअनुरूपको विचार र व्यवहारमा परिवर्तन आउन सकेको छैन। परम्परागत राजनीतिक संस्कार, शासकीय मानसिकताका अवशेषहरू अझै पनि रहेको सहजै अनुभूति गर्न सकिन्छ। यसैकारण पनि समानुपातिक समावेशीकरणको सुनिश्चितता अन्तरिम संविधानले गरे पनि सोअनुरूप लागू हुन सकेको छैन। अन्तरिम संविधानको घोषणापश्चात् पनि संविधानसभाबाहेक राज्यद्वारा गरिएको कुनै पनि नियुक्ति वा भर्नामा सो संवैधानिक ग्यारेन्टीको अवलम्बन हुनसकेको छैन। एकातिर राज्यले समावेशी गर्न सकेको छैन भने अर्कोतिर मधेसवादी दलहरूले पनि आफूभित्र समावेशी सिद्धान्तलाई पूर्ण रूपमा पालना गर्न सकेका छैनन्।

परिवर्तित राजनीतिक समीकरणको केन्द्र जातीय, सामुदायिक, क्षेत्रीय र लैङ्गिक समावेशीकरणको मुद्दा रहेको यथार्थतालाई मुख्य राजनीतिक दलहरूले अझ पनि आत्मसात् गर्न सकेका छैनन्। परिणामत: आगामी संसदीय चुनावमा अझ निराशा हात आउन सक्ने सम्भावना बढेर गएको छ। मुख्य राजनीतिक दलहरू अहिलेको परिवेशमा दलीय र जातीय स्वार्थभन्दा पनि समावेशी लोकतन्त्रको मूल्य र मान्यताअनुसार अगाडि बढी महानताको परिचय दिनुपर्ने हो। खासगरी काङ्ग्रेस र एमालेले अग्रसरता देखाउन सकेको खण्डमा गुमेको जनविश्वसनियता पाउने पहिलो मजबुत अधारशीला तयार हुन्छ। साथै, समावेशीकरणको प्रक्रियाबाट आफूलाई सामुदायिक राजनीतिको एकल दाबेदार ठान्नेहरूलाई मुख्य राजनीतिक दलहरूले ठूलै पाठ सिकाउन सक्छन्। यसका साथै बृहत् शान्ति सम्झौता, संयुक्त लोकतान्त्रिक मधेसी मोर्चासित सरकारले गरेको सम्झौताहरूलाई आधार मान्ने हो भने मधेसी समावेशीकरणको मुद्दा राज्य पुन:संरचनाको केन्द्रविन्दुमा रहेको अनुभूति हुन्छ। मधेसीको समावेशी समानुपातिक प्रतिनिधित्व कसरी सुनिश्चित गर्ने भन्ने प्रश्न संविधान निर्माणको सबैभन्दा जटिल प्रश्नका रूपमा देखा पर्ने प्रवल सम्भावना छ। त्यसै पनि देश जातीय, सामुदायिक र क्षेत्रीय द्वन्द्वको भुमरीमा फस्दै गइरहेका बेलामा मधेसी-जनजाति वा दलित महिला समावेशीकरणले देशलाई एकताको सूत्रमा बाँध्न ठूलो टेवा पुऱ्याउन सक्छ।

ग. समावेशीकरणको प्रक्रिया

अहिलेसम्मको समावेशीकरणको परिपाटीलाई मूल्याङ्कन गर्ने हो भने मधेसीलाई राज्यका निकाय, सरकार र संसद्मा सहभागी नगराइएको होइन। राजा महेन्द्र, वीरेन्द्र, ज्ञानेन्द्रलगायतका पालामा पनि मधेसी समुदायबाट भोलानाथ झा, बद्री मण्डलजस्ता व्यक्तिहरू मन्त्री भएकै हुन्। तर, पहिलाको जस्तो मधेसले लोकतान्त्रिक परिवेशमा साङ्केतिक बिन्ती प्रतिनिधित्व खोजेको होइन। मधेसले मागदाबीका आधारमा पहिचानसहितको सार्थक समानुपातिक प्रतिनिधित्व खोजेको हो। पञ्चायतकालीन संस्कारलाई गणतान्त्रिक पद्धतिमा उन्मूलनको बाटो खोजेको हो। केन्द्रीयस्तरमा साझेदारी र राज्यस्तरमा स्वायत्तता खोजेको हो। खास जाति र वर्गको सदैव सत्तामा रहने परिपाटी अन्त्य गरी सबै समुदायहरूको समान स्वामित्व, पहिचान र मर्यादासहितको स्थानको संवैधानिक सुनिश्चितता दाबी गरेको हो।

मधेसीको समानुपातिक समावेशीकरणको सवाललाई पिछडिएको र सीमान्तकृतमध्ये सबैभन्दा बढी पीडित र आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक तथा शैक्षिक रूपमा पछाडि परेका वर्ग, जाति, लिङ्ग तथा क्षेत्रहरूलाई सशक्तीकरण गर्ने प्रक्रियाका रूपमा बुझ्न जरुरी छ। मधेसको कुल जनसङ्ख्याको वैश्य, यादव र अन्य हिन्दू जातिहरू ४४.३ प्रतिशत, जनजाति २७.५ प्रतिशत, मुस्लिम १३.२ र दलित ११.९ प्रतिशतको सङ्ख्यामा रहेका छन्। तर, दलित, जनजाति र मुस्लिम अन्य जातिहरूको तुलनामा सामाजिक र आर्थिक दृष्टिले बढी पछाडि पारिएका छन् (Shah, 2007)। अर्थात्, मधेसी महिला र पुरुषमा छान्नुपर्‍यो भने महिलालाई ग्राह्यता दिनुपर्छ। मधेसी उपल्ला जातका भन्दा पनि मधेसी दलित वा जनजातिहरूलाई अवसर दिनु नै मधेसी समावेशीकरणको मूल मर्म हो। यो कदमले एउटा त राष्ट्रिय राजनीतिलाई निकास दिन्छ, अर्को पितृसत्तात्मक शासन व्यवस्थाको क्रमभङ्ग हुन्छ र तेस्रो मधेसी/दलितको मूलप्रवाहीकरणको पहिलो सुरुवातका साथै समावेशी लोकतन्त्रको म्यान्डेटको सम्मान पनि हुन्छ। जोताहाहरूलाई जमिन, महिलाको पुरुषसरह समान सहभागिता, दलितलाई सम्मान आदर र मधेसमा पनि पिछडिएकाहरूमध्येलाई प्राथमिकताका आधारमा राज्यको हरेक निकायमा बराबरी हिस्सेदारी बनाउनु नै मधेसी समावेशीकरणको मूल उद्देश्य हुनुपर्छ। मधेसको विविधतालाई यस तालिका एकबाट पनि बुझ्न सकिन्छ।

घ. समावेशीको वर्तमान अवस्था

१. **राजनीतिक दल** : वर्तमान राजनीतिक समावेशी अवस्थाको मूल्याङ्कन गर्ने हो भने संविधानसभा मुख्यत: समानुपातिक प्रतिनिधित्वका माध्यमले समावेशी हुन सकेको हो। तर, राजनीतिक दलहरूका केन्द्रीय संरचनाहरू खासै लोकतान्त्रिक र समावेशी हुन सकेका छैनन्। मधेसी, दलित, जनजाति, महिलाहरूलाई संविधानसभामा प्रतिनिधित्व गराएका मुख्य राजनीतिक दलहरूले आफ्नो संरचनाहरूलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रको भावनासँग मेल खान सक्ने बनाउन सकेका छैनन्। १२.७ प्रतिशत जनसङ्ख्या रहेको पहाडी बाहुन (खस)हरू ५० प्रतिशतभन्दा बढी, माओवादी, काङ्ग्रेस र एमालेका केन्द्रीय समिति सदस्यहरू छन्। दोस्रो ठूलो उपस्थिति १७ प्रतिशत जनसङ्ख्या रहेको क्षेत्री र ५.५ प्रतिशत जनसङ्ख्या रहेको नेवारको यी तीनवटै ठूला दलहरूको केन्द्रीय संरचनामा क्रमश: १३ र ७ प्रतिशत उपस्थिति छ। नेकपा (माओवादी) मा ७१.४२ प्रतिशत, नेपाली काङ्ग्रेस केन्द्रीय समितिमा ६७.५६ प्रतिशत र नेकपा (एमाले)मा ७४.५७ प्रतिशत हिस्सा पहाडी बाहुनक्षेत्रीले ओगटेको अवस्था छ। सर्वहारा वर्गको राजनीति गर्ने माओवादी, एमालेलगायत लोकतान्त्रिक राजनीति गर्ने

नेपाली काङ्ग्रेससम्म सबै पार्टीमा बाहुनक्षेत्रीको एकछत्र राज छ। उच्च जातको बाहुल्य भएको दलमा नेकपा (एमाले) सबै भन्दा माथि रहेको छ (भूर्तेल, २००८)। यस अर्थमा हेर्दा ३५ प्रतिशत जनसङ्ख्या रहेको बाहुन, क्षेत्री र नेवारको यी तीनओटा दलको केन्द्रीय संरचनामा ७० प्रतिशत उपस्थिति रहेको छ भने ६५ प्रतिशत जनसङ्ख्या रहेको समुदायहरूको ३० प्रतिशत मात्र उपस्थिति छ।

५० प्रतिशत जनसङ्ख्या रहेको महिलाको उपस्थिति आठ प्रतिशत, ३३.८ प्रतिशत जनसङ्ख्या रहेको मधेसीको सात प्रतिशत, ३७.२ प्रतिशत जनसङ्ख्या रहेको जनजातिको १३ प्रतिशत र १२.९ प्रतिशत जनसङ्ख्या रहेको दलितको तीन प्रतिशत उपस्थिति मात्र माओवादी, काङ्ग्रेस र एमालेका केन्द्रीय संरचनामा रहेको पाइन्छ (यादव, २००८)। त्यस्तै यादवहरूको बाहुल्य रहेको मधेसी जनअधिकार फोरममा मुस्लिम, डोम, दुसाद, थारू, तेली तथा अन्य जातका मानिसहरूले उचित स्थान पाउन सकेका छैनन्। मधेसी ठूला जातहरूको बाहुल्य रहेको तमलोपामा यादव, मधेसी दलित, मुस्लिम, र महिलाको समानुपातिक प्रतिनिधित्व हुन सकेको छैन। देशका प्रमुख राजनीतिक दलहरूमा मूलत: बाहुन, क्षेत्रीले आफ्नो स्वार्थ एवम् सहभागितालाई प्राथमिकता दिएकाले दलित, जनजाति, महिला र मधेसीहरूको जीवन प्रत्यक्ष रूपमा प्रभावित बनेको छ (भूर्तेल २००८)। मधेसवादी दलहरूमा पनि यादव र मधेसी बाहुनहरूको धेरै हदसम्म समानुपातिकता भन्दा बढी प्रतिनिधित्व छ भन्ने भूमिहीन, किसान, मुस्लिम, थारू, महिला र मधेसी दलितले उचित स्थान पाउन सकेका छैनन्।

काङ्ग्रेसको आधारक्षेत्र नै मधेस हो। काङ्ग्रेसले ०६४ सालको संविधानसभाको चुनावभन्दा अगाडि सधैंजसो मधेसका धेरै स्थानमा जित हासिल गरेकाले नै एकक्षत्र राष्ट्रिय राजनीतिमा वर्चस्व कायम गर्न सफल भएको हो। काङ्ग्रेसलाई मधेसको भोट चाहिन्छ, मधेसी नेता पार्टीको उच्च स्थानमा चाहिँदैन। यस कारण पनि धेरैजसो मधेसीहरू लोकतन्त्रवादी हुँदाहुँदै आफूलाई अब काङ्ग्रेसी भन्न रुचाउँदैनन्। बरु झुकाव मधेसवादी दलहरूतिर बढेर गएको छ। तर पनि नेकपा एमाले, माओवादी र अन्य कम्युनिस्ट पार्टीहरूको तुलनामा नेपाली काङ्ग्रेसमा लगभग ११ प्रतिशत केन्द्रीय समिति सदस्यहरू मधेसी छन्, सौभाग्यले महामन्त्री पनि। काङ्ग्रेसको तराईका जमिनदारहरूसँगको लामो सम्बन्धको परिणाम पनि हो।

जब आदर्शलाई खास जातिको वर्चस्वले ढाक्छ, तब जातीय र क्षेत्रीय दलहरूको उद्गम हुन्छ। नेपालमा पनि यही भएको हो। सायद यी मुख्य दलहरूले मधेसीलगायत सबैलाई समानुपातिक सहभागिताका आधारमा समेटेर लगेको भए आज सामुदायिक राजनीतिक दलहरूको उद्गम हुने नै थिएन होला। दलहरू गुट-उपगुटको सिकारमा अरूलाई समेट्ने भन्दा पनि आफ्नो स्वार्थतिर लाग्छन् र सबैलाई समेट्न सक्दैनन्। मुख्य लोकतान्त्रिक राजनीतिक दलहरू आफूलाई समावेशी बनाउन जति उदासिन देखिन्छन्, मधेसका सामुदायिक र क्षेत्रीय दलहरू त्यति नै मजबुत भएर आउनु स्वाभाविक हुन्छ। यसले जातीय र सामुदायिक हिंसाको सम्भावनालाई पनि उत्तिकै बढाउँछ। यसकारण पनि देशको विविधता र बाहुल्य अनुसार सङ्घीय लोकतान्त्रिक गणतन्त्रको भावनालाई समेट्न सक्ने गरी दलहरूको पुन:संरचना, समावेशी र लोकतान्त्रीकरण हुन अति जरुरी छ। किनभने, राजनीतिक क्षेत्र समावेशी नभई अन्य क्षेत्रमा समावेशी हुने कुरा कल्पना मात्र हुन्छ।

२. **सेनामा समूहगत समावेशीकरण** : सेनामा समूहगत प्रवेशका साथै समावेशीकरणको विषय मुख्य गरी संयुक्त लोकतान्त्रिक मधेसी मोर्चासँग मिति ०६४ फागुन १६ मा भएको आठबुँदे सम्झौताको बुँदा ५ मा उल्लेख गरिएको विषय हो। मधेसवादी दलहरू यस विषयलाई जोडदार रूपमा उठाइराखेका छन्। हुन पनि माओवादी सेना प्रचण्डपथ, साम्यवाद र जनयुद्ध गरी सत्ता कब्जा गर्ने अभिमुखी पाएको राजनीतिक सेना हो। त्यस्तै नेपाली सेनामा पनि शाही भक्तिका हयाङ्ओभरका अवशेषहरू अझै बाँकी नै छन्। १ लाखको हाराहारीमा रहेको नेपाली सेनामा मधेसीको उपस्थिति तल्लो तहमा लगभग ८ सयको हाराहारीमा रहेको छ र त्यस्तै माओवादी जनसेनामा पनि एक प्रतिशतभन्दा पनि कम सङ्ख्यामा मधेसीहरू रहेको अवस्थामा यो माग आउनु उचित नै हो। यसकारण पनि मधेसी नेताहरू दुवै (नेपाली सेना र जनसेना) एकै अनुहार भएका सेना हुन्, जसमा मधेसी स्वामित्व अनुभूति गर्दैन भन्ने गरेका हुन् (हाम्रा सेना होइनन्, त्रिपाठी ०६५)।

विगतको मधेस आन्दोलनमा नेपालमा भएका अन्य आन्दोलनभन्दा बढी दमन र अत्यधिक शक्तिको प्रयोग, अत्यधिक सङ्ख्यामा मृत्यु र मानवअधिकार उल्लङ्घनको कारण खोतल्ने हो भने नेपालका सम्पूर्ण सुरक्षा संयन्त्र एकपक्षीय

तालिका- २ : राजनीतिक दलहरूको केन्द्रीय कार्यसमितिमा जातिगत सहभागिताको अवस्था

जात/जाति	नेपाली काङ्ग्रेस	नेकपा (एमाले)	नेकपा (माओवादी)
खस (ब्राहमण/क्षेत्री)	२५ (६७.५६)	४४ (७४.४२)	२५ (७१.४२)
जनजाति	४ (१०.८१)	७ (११.४६)	६ (१७.१४)
मधेशी	४ (१०.८१)	२ (३.३८)	१ (२.८५)
दलित	१ (२.७०)	१ (१.६९)	१ (२.८५)
नेवार	३ (८.१०)	५ (८.५०)	२ (५.७१)
जम्मा	३७ (१००)	५९ (१००)	३५ (१००)

स्रोत : समावेशीकरण राजनीतिक दल, राज्य र मिडिया (यो तालिका अन्तरिम संसद्मा गठन भएको बेलाको हो, जसमा केही परिवर्तन भएको हुनसक्छ।)

रहेका तीतो यथार्थ हाम्रासामु छ। आफूभन्दा फरक अनुहार भएका मानिसहरूको आन्दोलन भएकाले बढी शक्तिको प्रयोग भएको कुरा थुप्रै राष्ट्रिय-अन्तर्राष्ट्रिय प्रतिवेदनहरूले देखाइसकेका छन्। यसकारण पनि मधेसवादी दलहरूको सेनामा समूहगत मधेसी समावेशीकरणको सवाल महत्त्वपूर्ण छ। अब मधेसीहरू सेनामा जान रुचाउँदैनन् भने कुरामा कुनै तुक छैन। कुनै पनि पेसा मानिसको जन्मसिद्ध हुँदैन, उसले जन्मेपछि आफ्नो देश र वरिपरिको राजनीतिक, आर्थिक, सामाजिक अवस्थाअनुसार जीविकोपार्जनका लागि पेसा अँगाल्न बाध्य हुन्छ। यसकारण पनि सेनामा गरिएको विभेदले वा राज्यको विभेदकारी संरचनाका कारण पनि मधेसीहरू सेनामा प्रवेश गर्न हिच्चकिचाउँछन्। सो निरन्तरताको क्रमभङ्ग अति अनिवार्य छ। फेरि समूहगत प्रवेशका लागि छुट्टै रेजिमेन्ट खोल्दा द्वन्द्व आउन सक्ने कुरामा कुनै आधार छैन। छिमेकी मुलुक भारतकै सेनाको मोडल हेर्ने हो भने पनि गोर्खा रेजिमेन्ट, राजपुत रेजिमेन्ट, यादव रेजिमेन्टलगायतका थुप्रै रेजिमेन्टहरूमार्फत बिहार, पञ्जाबजस्ता सम्पूर्ण राज्य र समुदायका जनतालाई समेटिएको छ।

सेनामा समावेशीकरणको सवाल राज्य पुन:संरचनाको विषयसँग जोडिएर आउने विषय हो। सङ्घीय राज्यको संरचना कस्तो हुने, त्यसको खाका नआईकन सुरक्षा संयन्त्रको मात्र पुन:संरचना भएमा सङ्घीय राज्यको भावनासँग भोलि मेल खान नसक्ने अवस्था आउन सक्छ। राष्ट्रिय सुरक्षाबाहेक अन्य सुरक्षा निकायहरू सङ्घीय राज्यहरूले तय गर्ने विषय हो। सम्पूर्ण सुरक्षा नीतिको निर्माण र सुरक्षा निकायको पुन:संरचना नगरीकन मधेसीलाई सेनामा समूहगत प्रवेश गराइयो भने द्वैधचरित्रको सेना बन्न जाने उत्तिकै सम्भावना हुन्छ र साथै समुदायबीचको द्वन्द्वको खतरा पनि उत्तिकै प्रवल हुन्छ। सन् १९९७ कम्बोडियामा समूहगत प्रवेशपश्चात् राजकुमार रामरिध र हुसैन राष्ट्रिय सेनामा रहेका आ-आफ्ना पक्षलाई सत्ता टिकाउन र मजबुत बनाउन प्रयोग गरेको उदाहरण छ। कम्बोडियाली उदाहरणले पनि लोकतान्त्रीकरणबिना नै सेनामा समूहगत प्रवेशले द्वैध चरित्रको सेना बन्ने खतराको सङ्केत गर्छ।

हालसालै नेपाली सेनामा (सर्लाही, नवलपुर) ९ सय ५३ पदका लागि निवेदन आह्वान गरिएको अवस्थामा जम्मा १ हजार ७ सय ३३ निवेदन परेका थिए। त्यसमध्ये १ सय ९३ (११.१ प्रतिशत) मधेसी युवाले मात्र निवेदन दिएका थिए (दी काठमाडौँ पोस्ट)। १ सय ९३ निवेदनमध्ये २३ जना मात्र छानिएका थिए। यो मधेस सम्झौता पछाडिको कुरा हो। थोरै आवेदन दिने भए पनि छनोटमा पनि कम परे। नेपाली सेनामा निवेदन हाल्न नै मधेसीहरू हिच्किचाउँछन्। यदि गइहाले पनि गाली र असमान व्यवहारले छाडेर भाग्न बाध्य भएका थुप्रै उदाहरणहरू छन्। त्यस्तै, ०६४ मै नेपाली सेनामा अधिकृत तहका लागि परेको ४ हजार ९ सय ९३ आवेदनमध्ये ७६ जना (१.५ प्रतिशत) मधेसीले मात्र आवेदन हालेका थिए। यसले पनि के देखाउँछ भने सम्पूर्ण सुरक्षा निकायको लोकतान्त्रीकरण र नागरिक नियन्त्रणको प्रक्रिया पूरा नगरीकन मधेसीको समूहगत समावेशीकरणले उत्साहित गर्न सक्दैन। पुरानै घरमा अटाइनअटाई छिर्ने भन्दा पनि पुन:निर्माणको माध्यमबाट सबै जना अटाउने गरी लोकतान्त्रिक घर निर्माण गरी प्रवेशको बाटो खोलियो भने मात्र मधेसीहरू सेनामा प्रवेश गर्न उत्साहित हुने अवस्था देखिन्छ।

३. संविधानसभा/व्यवस्थापिका : अन्तरिम व्यवस्थापिका-संसद् तुलनात्मक रूपमा पहिलाको संसद्को तुलनामा समावेशी बनेको थियो, जसको श्रीगणेशकर्ता पनि नेकपा (माओवादी)लाई नै मान्नुपर्छ। नेकपा (माओवादी)ले महिला (२९ जना) ३७.३ प्रतिशत, मधेसी (२० जना) २५.३ प्रतिशत, जनजाति (२३ जना) २२.९ प्रतिशत र दलित (११ जना) १४ प्रतिशत सम्मानजनक स्थान उपलब्ध गराएको थियो। काङ्ग्रेस र एमालेलगायत अन्य राजनीतिक दलहरूको संसद्मा पहिलेदेखि उपस्थिति रहेको हुनाले पूर्ण रूपमा समावेशी गराउन नसके पनि

तालिका- ३ : अन्तरिम संसदमा दलहरूको जातीय स्थिति

जात /जाति	नेपाली काङ्ग्रेस	नेकपा (एमाले)	नेकपा (माओवादी)	नेपाली काङ्ग्रे (प्र.)	राप्रपा	सद्भावना
खस (ब्राहमण/क्षेत्री)	५५ (६४.७०)	४८ (५७.८३)	२२ (२६.५०)	३२ (६१.५३)	३ (६०)	-
जनजाति	८ (९.४१)	१६ (१९.२७)	१८ (२१.६८)	५ (९.६१)	-	-
मधेशी	१६ (१८.८२)	१२ (१४.४५)	२३ (२७.७१)	१२ (२३.०७)	२ (४०.००)	५ (१००)
दलित	१ (१.१७)	२ (२.४१)	१२ (१४.४५)	-	-	-
नेवार	५ (५.८८)	५ (६.०२)	८ (९.६३)	३ (५.७६)	-	-
जम्मा	८५ (१००)	८३ (१००)	८३ (१००)	५२ (१००)	५ (१००)	५ (१००)

स्रोत : समावेशीकरण राजनीतिक दल राज्य र मिडिया

घर फर्कन लागेका विस्थापितहरूलाई विदाई गर्न आयोजित विदाई कार्यक्रम

घर फर्कन लागि विस्थापितहरू चढेको बस

इन्सेकका कार्यकर्ता विस्थापितहरूलाई उनीहरूका घरसम्म पुऱ्याउन जाँदै

"बिर्सन खोजिएको

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्से
सशस्त्र द्वन्द्वकै कारण १४ जिल्लाक
उनीहरूका आफ्नै घर फर्काउने सप
यसै कार्यलाई निरन्तरता दिँदै युए
र नेपाल रेडक्रस सोसाइटीसँगको
लक्षित गर्दै घर फर्कने विस्थापितहर
अगष्टदेखि एक वर्षको लागि सञ्च
पश्चिम क्षेत्रका २४ जिल्लाहरु रहेक
विस्थापितमध्ये ५ हजार जना र ति
कार्यक्रमको उद्देश्य रहेको थियो । य
यो २५ वृत्तचित्र पनि निर्माण गरेको

पीडा ..."

)ले विभिन्न दातृ निकायको सहयोगमा सशस्त्र द्वन्द्वको समयमा १ हजार ३ सय २२ जना आन्तरिकरूपमा विस्थापितहरूलाई लताको अनुभव संगालिसकेको थियो । यही अनुभवका आधारमा एडको आर्थिक तथा सेभ द चिल्ड्रेन यूएसको प्राविधिक सहयोग झेदारीमा सशस्त्र सङ्घर्षका कारण आन्तरिक विस्थापितहरुलाई नाई सहयोग कार्यक्रम सञ्चालन गरेको थियो । सन् २००७ लन गरिएको यस कार्यक्रमको कार्य क्षेत्र मध्यपश्चिम र सुदूर थियो । सशस्त्र द्वन्द्वका अवधिमा द्वन्द्वकै कारण आन्तरिक रुपमा हरुका बालबालिकालाई घर फर्कनका लागि सहयोग गर्नु यस स कार्यक्रमको बारेमा इन्सेकले "बिर्सन खोजिएको पीडा" शीर्षकको छ।

–बिमलचन्द्र शर्मा

हुम्ला जिल्ला, श्रीनगर गाविसस्थित एक विस्थापितको घर

हुम्ला जिल्लाको श्रीनगर गाविसमा पुगेका विस्थापितहरूलाई पुनस्थापना गराउन आयोजना गरिएको सामाजिक पुनर्मिलन कार्यक्रम

सुरुवात भएको आभास भने पक्कै दिएका थिए, जसको मूल्याङ्कन यस तालिकाबाट गर्न सकिन्छ।

संविधानसभाको परिणाम र उपस्थितिको बहुलतालाई हेर्ने हो भन्ने समावेशीकरणको सफल सुरुवातका रूपमा लिन सकिन्छ। खास गरेर मधेसी, जातजाति, दलित र महिलाको बाक्लो उपस्थितिले समावेशी लोकतन्त्रको मूल्य र मान्यतालाई धेरै हदसम्म समेटेको छ। तर, के व्यक्तिको उपस्थितिले मात्र मुद्दाको सुनिश्चितता गर्न सक्छ त ? र, यहाँ अर्को सवाल पनि जोडिएर आएको छ, खास गरेर मधेसको सन्दर्भमा अधिकांश सभासद्हरूको लामो राजनीतिक पृष्ठभूमि नभएको हुनाले मुद्दालाई कसरी सुनिश्चित गर्ने भन्ने कुरामा अन्योल पाइन्छ। समावेशीकरण क्षमता र विकाससँग जोडिएर आउने विषय हो। क्षमता अभिवृद्धिपश्चात् गरिएको समावेशीकरणले मात्र राष्ट्रिय र सामुदायिक हितको संरक्षण हुन सक्छ। तर, मधेसका सन्दर्भमा समावेशीकरण जुन रूपमा भएको छ, त्यो रूपमा क्षमता र विषयको गहिराइलाई बुझ्ने व्यक्तिको प्रतिनिधित्वभन्दा पनि समावेशीकरणको होडबाजीमा साङ्केतिक उपस्थिति हुने अधिकतम सङ्ख्या रहेको छ। सोच्नुपर्ने कुरा के हो भने कलादेवी पासवान र सपना प्रधान मल्लको महिला अधिकारको सम्बन्धमा एउटै बुझाइ हुन सक्दैन। अझ ५१ प्रतिशत महिलाको जनसङ्ख्या रहेकामा संविधानसभामा ३३.२२ प्रतिशत महिला समावेशी न्यायोचित छैन। त्यसमा पनि शेरबहादुर देउवाकी पत्नी, रघुवीर महासेठको धर्मपत्नी र माओवादी कमरेडका श्रीमतीहरूले संविधानसभामा सङ्ख्याका हिसाबमा महिलाको प्रतिनिधित्व अवश्य नै बढाएका छन्। समावेशीकरण लोकतन्त्र, पहिचान र अधिकारसँग जोडिएर आउने विषय हो। त्यसकारण पनि समावेशीकरणपश्चात् क्षमता र बुझाइको विषयलाई फराकिलो बनाउन सकिएन भने त्यो साङ्केतिक उपस्थितिले सङ्ख्यात्मक समावेशीकरणको खालीपनलाई पूरा गरे पनि गुणात्मक समावेशीकरणको सन्दर्भमा अनुपयुक्त हुन सक्छ।

४. राष्ट्रपति र उपराष्ट्रपति : राष्ट्रको सर्वोच्च निकाय राष्ट्रपति र उपराष्ट्रपति दुवै पदमा मधेसी समुदायको प्रतिनिधित्वले ऐतिहासिक परिवर्तनको आभास दिएको छ। तर, सो प्रतिनिधित्व सोचेर, बुझेर, जानेर गराउने भन्दा पनि उछिट्टिएर आएको प्रतिनिधित्व हो। सायद माओवादीले राष्ट्रपतिमा रामराजाप्रसाद सिंहको नाम अगाडि नसारेको भए रामवरण यादव काङ्ग्रेसको छनोटमा पर्ने कुनै सम्भावना नै रहँदैन थियो। काङ्ग्रेसमा गिरिजा, देउवा, रामचन्द्रजस्ता नेताहरू हुँदाहुँदै रामवरणलाई कसले महत्त्व दिन्थ्यो र ? त्यस्तै उपराष्ट्रपतिमा पनि परमानन्द झाको विजय एमाले र काङ्ग्रेसको माओवादीलाई पाठ सिकाउने रिसको परिणाम हो। दुवै जना एउटै समुदायबाट राष्ट्रपति र उपराष्ट्रपति पदमा निर्वाचित हुनुले पहाडी समुदायमा रहेका यथास्थितिवादीहरूले सजिलै पचाउन नसकेको कुरा हिन्दी भाषामा शपथ लिएको निहुँमा प्रकट भएको आक्रोशबाट सजिलै अनुमान लगाउन सकिन्छ। यही निहित अतिराष्ट्रवादीहरूले मधेस आन्दोलनको सफलतालाई चुनौती दिनुका साथै अवैध देखाउने प्रयासमा तल्लीन भए (झा, २००८)

युवा पत्रकार प्रशान्त झाले भनेझैँ, पहाडी समुदायलाई राष्ट्रपति र उपराष्ट्रपति दुवै मधेसी भएको हुनाले मधेसीले धेरै लगे भन्ने अनुभूति छ भने मधेसी समुदायलाई रामवरण मधेसीभन्दा पनि बढी काङ्ग्रेसी भएकाले केही नपाएको अनुभूति छ। यो दुईओटाबीचको द्वन्द्वले दुई समुदायबीचको दूरी अझ बढाउन सक्ने सम्भावना छ। सत्य पनि यही हो कि महामहिम राष्ट्रपतिलाई मधेस र काङ्ग्रेसमध्ये कुनै एक छान्नु पऱ्यो भने उहाँले काङ्ग्रेसलाई नै छान्नु हुन्छ, त्यसमा पनि कोइराला परिवारलाई। जे भए पनि राष्ट्रपति र उपराष्ट्रपति दुवै पदमा मधेसको प्रतिनिधित्व मधेस आन्दोलनको प्रतिफल र मधेसीका लागि मानसिक र आलङ्कारिक प्रतिष्ठाको विषय हो। तर, यसलाई मुद्दा स्थापित गर्नका लागि प्रयत्न भएन भने तात्विक अर्थ रहँदैन।

५. निजामती : गोरखाली राजा पृथ्वीनारायण शाहको भौगोलिक उपनिवेशीकरणपश्चात् राजा महेन्द्रले सो परम्परालाई खोक्रो राष्ट्रवाद 'एउटै भाषा एउटै भेष, हाम्रो राजा हाम्रो देश'को नाममा निरन्तरता दिए। राजा

तालिका- ४

	मधेशी जनसङ्ख्या ३३.८५	दलित जनसङ्ख्या १३.५	जनजाति जनसङ्ख्या ३७.८५	पिछडिएका क्षेत्र जनसङ्ख्या ३०.२ ५	अन्य जनसङ्ख्या ३०.२ ५	महिला जनसङ्ख्या ५०५
जम्मा निर्वाचित सभाषद	१९६ (३४.०९ ५)	४७ (८.१७ ५)	१९२ (३३.३९ ५)	२२ (३.८३ ५)	१९६ (३४.०९ ५)	१९१ (३३.२२ ५)
प्रत्यक्षबाट	७४	७	७७	१२	१०१	३०
समानुपातिकबाट	१२२	४०	११५	१०	९५	१६१

सोत : दी काठमाडौँ पोस्ट (मे ९ २००८)

पृथ्वीनारायण शाहले काठमाडौँ उपत्यका विजयपश्चात् तिरहुतिया सेनाको विघटन गरे। मधेसीहरूको सरकारी सेवामा छिर्ने षड्यन्त्रको प्रयास त्यहाँबाट सुरुवात भयो। यसपछिका सबै राजाहरूले सो कुराको निरन्तरता दिए। ००७ सालमा राणाशासनको अन्त्य भयो र ००८ सालमा लोकसेवा आयोगको स्थापना भयो। मातृकाप्रसाद कोइरालाले निजामती सेवा समिति गठन गरे। ०१३ सालमा तत्कालीन प्रधानमन्त्री टङ्कप्रसाद आचार्यको अध्यक्षतामा प्रशासनिक पुन:गठन योजना आयोगको स्थापनापश्चात् निजामती सेवाले वैधानिकता पायो (त्रिताल, ०५८)। त्यसपश्चात् लोकतान्त्रिक शासन व्यवस्थामा मधेसी, दलित, जनजाति, महिलाहरूका लागि निजामती प्रवेशमा कुनै बन्देज लगाइएको थिएन। तर, राज्यको तटस्थ भूमिकाले बाहुन, क्षेत्री र नेवारलाई मात्र लाभ पुग्यो (विश्वकर्मा, ०६५)। निजामती सेवा ऐन ०४९ ले पनि समावेशीकरणलाई महत्त्व दिएन। निजामती सेवा ऐन ०५५ को प्रथम संशोधनमार्फत महिला समावेशीकरणलाई स्थान दिएको देखिन्छ, जसको कार्यान्वयन हुन सकेन। ०६१ सालमा राजाले आफ्नो हातमा शासन व्यवस्था लिएपछि मधेसी समावेशीकरणको सवाललाई अगाडि सारी सत्ता टिकाउने प्रयास नगरेको होइन। तर, त्यो सफल हुन सकेन। ०६२/६३ को जनआन्दोलन र मधेस आन्दोलनको सफलतापश्चात् निजामतीमा समावेशीकरणको ढोका पूर्ण रूपले खुलेको छ। तर, कार्यान्वयनको बेवास्ताले गर्दा सीमान्तकृत समुदायहरूले अझ पनि परिवर्तनको अनुभूति गर्न पाएका छैनन्।

यही कारण हो कि वर्तमान सङ्घीय लोकतान्त्रिक अवस्थामा पनि सरकारी सेवा बाहुन, क्षेत्री र नेवारले भरी गराउँछ। लगभग ३६ प्रतिशत जनसङ्ख्या भएको यी तीनओटा जातले सरकारी सेवामा ८९.२ प्रतिशत स्थान ओगटेको छ भने ३३.०८ प्रतिशत जनसङ्ख्या रहेको मधेसीहरूको जम्माजम्मी आठ प्रतिशत उपस्थिति छ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुरुवात भए पनि राज्यका संरचनाहरू अझै पनि समावेशी र लोकतान्त्रिक हुन सकेका छैनन्। राज्यले संवैधानिक ग्यारेन्टी, मधेसी जनअधिकार फोरमसित गरेको २२ बुँदे सम्झौता र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चासित भएका कुनै पनि सम्झौताहरूको इमानदारीपूर्वक पालना गरेको देखिँदैन। मधेसीहरूले पनि आन्दोलन गर्ने, सम्झौता गर्ने र लागू भयो कि भएन भन्ने अनुगमन गर्ने भन्दा पनि सत्ता र शक्ति बाँडफाँटमा मात्र आफ्नो ध्यान केन्द्रित गर्ने गरेका छन्। सम्झौताहरूको अनुगमनका लागि राज्य वा अन्य कुनै पनि निकायबाट समावेशी आयोग निर्माण गरी लागू भए/नभएको अनुगमन गर्नेतिर ध्यान पुऱ्याउन सकेको छैन। 'हिँड्दैछ पाइला मेट्दैछ' भनेजस्तै प्रत्येकचोटि आन्दोलनमा मधेसीहरू मारिने तर त्यसको प्रतिफल जिरो माइलबाट पुन: जिरो माइलमै फर्किने परिपाटीले मधेसबासी क्षुब्ध छन्।

जनआन्दोलनको भावनाअनुसार निजामती सेवा (दोस्रो संशोधन) ऐन ०६४ ले समावेशीलाई विशेष महत्त्व दिएको छ। यस ऐनको दफा ७ (७) मा खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ४५ प्रतिशत पद छुट्याइएको छ। सो ४५ प्रतिशतलाई शतप्रतिशत मानी महिलालाई ३३ प्रतिशत, आदिवासीलाई २७ प्रतिशत, मधेसीलाई २२ प्रतिशत, दलितलाई नौ प्रतिशत, अपाङ्गलाई पाँच प्रतिशत र पिछडिएको क्षेत्रलाई चार प्रतिशत छुट्याइएको छ। यसरी हेर्दा १ सय प्रतिशतमा मधेसीले पाउने भनेको पाँच प्रतिशत मात्र हुन आउँछ, जुन पुन: ठग्ने उपाय मात्र हो। ३३.८ प्रतिशत जनसङ्ख्या भएको र पहिलेदेखि कम उपस्थिति भएकालाई सीमित समयका लागि विशेष प्याकेजको व्यवस्था गर्नुको साटो पुन: मधेसीलाई मूर्ख बनाउने काम भइराखेको छ भन्ने भनाइ मधेसी बुद्धिजीवीहरूको रहेको छ।

नेपाल प्रहरी र सशस्त्र प्रहरीमा भर्ना गर्ने कुरामा समावेशीताका लागि पहल नभएको होइन। तर, पाल्पाको मान्छेसँग महोत्तरीको मान्छेलाई दौडमा प्रतिस्पर्धा गराउनु आफैँमा न्यायोचित हो कि होइन ? दिनमा आठ किमि पहाड चढ्ने र समतल भूमिमा हिँड्नेहरूसँगै प्रतिस्पर्धा कसरी गर्न सक्छन् ? यदि छिरिहाल्यो भने पनि तालिमकै दौरानमा

तालिका-५ : निजामति सेवाका राजपत्राङ्कित तहमा जातजातिहरू

जात /जाति	विशिष्ट	रा.प. प्रथम	रा.प.द्वितीय	रा.प. ततीय
बाहुन	३८ (७३.३०)	२१७ (६०.४४)	११४० (५७.८५)	६६४३ (७३.०६)
क्षेत्री	६ (११.५०)	५१ (१४.२०)	२५२ (१२.८०)	९१५ (१०.००)
नेवार	४ (७.७०)	६३ (१७.५४)	३०४ (१५.४५)	७२५ (८.००)
जनजाति (नेवारबाहेक)	-	७ (१.९४)	५७ (२.९०)	१७५ (२.००)
मधी	३ (५.७०)	१८ (५.०१)	२०१ (१०.२०)	५४६ (६.००)
दलित	-	-	८ (०.४०)	२२ (०.२४)
अन्य	१ (१.८०)	३ (०.८४)	८ (०.४०)	६५ (०.७०)
जम्मा	५२ (१००)	३५९ (१००)	१९७० (१००)	९०९१ (१००)

स्रोत : समावेशीकरण, राजनीतिक दल, राज्य र मिडिया

धपाइदिने परम्पराले कसरी समावेशी राज्य निर्माण हुनसक्छ ? फेरि छिर्नै नदिने अर्को अवरोध भनेको भाषा हो। तराईको मानिसलाई बेसारको बारेमा निबन्ध लेख्न भन्ने हो भने उसले के लेख्छ ? मधेसका लागि सरकारी सेवामा प्रवेश गर्ने मुख्य व्यवधान भाषागत नै हो। यसकारण समानता, समान भाषा, क्षेत्र, भौगोलिक, सामाजिक, शैक्षिक र आर्थिक अवस्था भएका बीचहरू खोजिनुपर्ने हो तर असमानताको बीचमा समानता खोज्नु भनेकै असमानतालाई जन्म दिनु हो।

६. न्यायपालिका : न्यायपालिका क्षेत्रमा मधेसीहरूले अन्य क्षेत्रको तुलनामा केही बढी स्थान ओगटेको आभास हुन्छ। पञ्चायतकाल र लोकतान्त्रिक शासन व्यवस्थामा समेत मधेसी मूलका प्रधानन्यायाधीश भएको उदाहरण छ। तर, सो क्रम पनि सङ्घीय लोकतान्त्रिक गणतन्त्र शासन व्यवस्थामा घट्ने क्रम जारी छ, जसको तत्कालीन उदाहरणका रूपमा केही समयअगाडि भएको न्यायपरिषद्को गठनलाई लिन सकिन्छ। महेन्द्र सिंहजस्ता वरिष्ठ र सिनियर अधिवक्ताहरू मधेसी समुदायमा भए पनि न्यायपरिषद्मा कुनै पनि मधेसी पर्न सकेनन्। यसको विरुद्धमा न त कतैबाट आवाज उठ्यो, न अनुगमन नै भयो। २२ बुँदे र आठबुँदे सम्झौतामा राज्य तथा संवैधानिक हरेक निकायमा मधेसीहरूको समानुपातिक सहभागिताको सुनिश्चितता भए पनि सोको अनुगमन र पालना स्वयम् न्याय क्षेत्रमा पनि हुनसकेको छैन। सर्वोच्च अदालतकै संरचनालाई हेर्ने हो भने १३ जना बहालवाला न्यायाधीशहरूमध्ये एक जना रामकुमार साह (मधेसी), ताहिर अलि अन्सारी (मुस्लिम/मधेसी), दुई जना जनजातिबाहेक सबै बाहुन/क्षेत्री र दुई जना नेवार जातिबाट रहेका छन्। त्यस्तै, १६ ओटा पुनरावेदन अदालतहरूमध्ये धनकुटा (कामानन्दप्रसाद देव), तुल्सीपुर (अवधेशकुमार यादव) र दिपायल (गिरीशचन्द्र लाल)बाहेक अधिकांश ठाउँहरूमा बाहुन र क्षेत्रीहरू नै मुख्य न्यायाधीश रहेका छन्।

०५९ को यो तालिका भए पनि ०६५ सालसम्म आइपुग्दा पनि उकालो लाग्ने भन्दा ओरालोतिर नै झर्दो छ। यसकारण पनि ०६५ जेठमा महान्यायाधिवक्ताको कार्यालयले चार जना नायब महान्यायाधिवक्ताहरू नियुक्त गर्दा एक जना मधेसी सो पदका लागि दाबेदार हुँदासमेत सिफारिसमा परेनन्। यसले पनि के देखाउँछ भने न्यायपालिका क्षेत्र, जसले संवैधानिक अधिकारहरू लागू गराउनु पर्ने हो, सो निकाय आफैँले सो अधिकारको उल्लङ्घन गर्ने हो भने निमुखा जनताले कसको ढोका ढक्ढक्याउने हो ? गम्भीर सवाल छ।

७. गैरसरकारी संस्था/अन्तर्राष्ट्रिय निकाय : जेपी गुप्ताले भनेझैँ देउताको घरमा पापी छिर्न सक्छन् तर मानवअधिकार, गैरसरकारी संस्थाहरूमा मधेसी छिर्न सक्दैनन्। समावेशी लोकतन्त्र र अधिकारका ठूलठूला होटेलहरूमा गफ हाँक्ने संस्थाहरूको संरचना र क्रियाकलाप हेर्ने हो भने आफैँलाई लाज लाग्ने अवस्था नेपालमा विद्यमान छ। यिनलाई न लोकतन्त्रको मूल्य र मान्यताले छुन्छ, न त अधिकारको सिद्धान्तले। नातावाद, परिवारवाद, कृपावाद र अपारदर्शिता त गैरसरकारी संस्थाहरूको पर्यायवाचीजस्तै भइसकेको छ। भनाइ नै छ, 'म जे भन्छु त्यो गर तर म जे गर्छु त्यो नगर।' केन्द्रीयस्तरमा रहेका गैरसरकारी संस्थाहरूले त यी सिद्धान्तहरूलाई पालना विरलै गरेको पाइन्छ। मधेस आन्दोलनपश्चात् च्याउसरी मधेसमा उमारिएका गैरसरकारी संस्थाहरूले पनि त्यही बाटोलाई पछ्याएका छन्। यतिसम्म कि आफू अध्यक्ष, श्रीमती उपाध्यक्ष र छोरा महासचिव भएका संस्थाहरूको बिगबिगी छ। मधेसमा विभेद छ भनी दिनभरि भिखारीझैँ खैरेहरूका दैलादैला चहार्नेहरूको लामै ताँती छ। विदेशी शक्तिहरू पनि मधेसको आर्थिक, सामाजिक, राजनीतिक, भौगोलिक, भूमिहीनता, लैङ्गिक अन्तरद्वन्द्वहरू बुझेर सहयोग गर्ने भन्दा पनि मुठ्ठीभरका चाटुकारहरूको भरमा सीमित छन्। चिल्ला-चिल्ला गाडी लिएर होटेल-होटेलमा चहारेर समाज र संस्थाहरू समावेशी बनाउन सकिँदैन। केही ठाउँमा त गैरसरकारी संस्थाहरूले समावेशीको कुरा अगाडि बढाउनेभन्दा पनि अझ द्वन्द्वलाई निम्त्याइरहेका छन्। खल्तीमा पार्टीको झन्डा, झोलामा मानवअधिकार र गैरसरकारी संस्थाको व्यानर बोक्ने परिपाटीको अन्त्य नहुँदासम्म गैरसरकारी संस्थाहरू आफू त समावेशी हुँदैनन् हुँदैनन्, राज्यलाई पनि समावेशी बनाउने वकालत गर्न सक्दैनन्। सोध्ने हो भने मधेसीहरू

तालिका ६ : राजपत्राङ्कित र श्रेणी विहीन पदमा जातीय विविधता

जात /जाति	गृह मन्त्रालय रा.प.अ.	श्रेणीविहीन	जलस्रोत रा.प.अ.
बाहुन	४८६ (३८.९१)	३३६ (३३.१४)	१६० (३२.७८)
क्षेत्री	४३१ (३४.५१)	२७१ (२६.७३)	६४ (१३.११)
नेवार	१६९ (१३.५३)	१३८ (१३.६१)	५६ (११.४७)
जनजाति (नेवारबाहेक)	७९ (६.३६)	१६६ (१६.३६)	२६ (५.३२)
मधेशी	६७ (५.३६)	७० (६.९०)	१६८ (३४.४२)
दलित	८ (०.६४)	२२ (२.१७(	५ (१.०२)
नखुलेको	९ (०.७२)	११ (१.०८)	९ (१.८७)
जम्मा	१२४९ (१००)	१०१४ (१००)	४८८ (१००)

स्रोत : समावेशीकरण, राजनीतिक दल, राज्य र मिडिया

तालिका- ७ : न्यायापालिकामा मधेशीहरूको स्थान

न्यायाधीशको तह	न्यायाधीशको सङ्ख्या	नियुक्त न्यायाधीशहरूको सङ्ख्या	मधेशी न्यायाधीशको सङ्ख्या	प्रतिशत
सर्वोच्च अदालत	सामान्यत: २१	२०	२	१.०
पुनरावेदन अदालतका मुख्य न्यायाधीशहरू	१२	१२	२	१६.६६
पुनरावेदन अदालतका न्यायाधीशहरू	७३	७३	९	१२.३२
पुनरावेदन अदालतका अतिरिक्त न्यायाधीशहरू	-	३	२	६६.६६
जिल्ला न्यायाधीशहरू	१३१	१३१	८	६.१०
राजपत्राङ्कित प्रथम श्रेणीका कर्मचारी न्याय सेवा	१८	१८	०	०.००

स्रोत: न्याय परिषद् बुलेटिन, वर्ष २ अङ्क २, पुस ३, ०५९

शिक्षक र टेक्निसियनबाहेक अरू केही बन्नै रुचाउँदैनन् भनी उत्तर फर्काउँछन्। ए बाबा हुन दिए पो हुने ! यदि नहुने इच्छा राख्छन् र कम क्षमतावान छन् भने परिपक्व र इच्छुक बनाई सबै क्षेत्रलाई फराकिलो र समावेशी बनाउने जिम्मा कसको त ?

संवैधानिक अधिकारहरूको संरक्षण गर्ने दायित्व पाएको मानवअधिकार आयोगले राज्यका संरचनाहरू समावेशी बनाउ भन्ने हुती नै राख्दैन। त्यो भन्नलाई पहिला आफ्नो संरचनालाई समावेशी लोकतन्त्रअनुकूल बनाउनु पर्छ। यहाँका अन्तर्राष्ट्रिय संस्था, वैदेशिक निकाय, जसले गैरसरकारी संस्थाहरूलाई समावेशी बनाउने उपदेश दिन्छन्, तिनीहरू आफैं कति समावेशी छन् भनी सोध्ने हो भने थला पर्छन्। हामी त आका हौं, हाम्रा लागि त्यो नियम त लागू नै हुँदैन। तिनीहरूको संस्थाहरूमा कालो छाला तिनीहरूलाई चल्दै चल्दैन। जो जति बुझ्ने त्यति बढी चम्बु।

(ङ) निष्कर्ष

मधेसी समावेशीकरणको सवाललाई राज्य पुन:संरचना, लोकतान्त्रिक प्रक्रिया र सङ्घीय संरचनाभन्दा अलग राखेर बहस गर्नु अनुपयुक्त हुन्छ। वर्षौंदेखि थाँती राखेको सबै वर्ग, क्षेत्र, समुदाय, जाति र लिङ्गको विभेदका पोकाहरू तीव्र गतिमा खुलिरहेका छन्। नेपालको परिभाषा पुन:भाषित हुने क्रममा छ। नेपाल र नेपाली भन्ने जुन सङ्कुचित बुझाई थियो, त्यसमा अब सबैले आ-आफ्नो स्थान खोजिरहेका छन्। यस अर्थमा हाम्रो राष्ट्र निर्माणको प्रक्रिया बल्ल प्रारम्भ भएको छ। ऐतिहासिक विभेदको दोष कसैले कसैलाई लगाउनुभन्दा पनि त्यो दोष सम्पूर्ण राजनीतिक प्रक्रियालाई नै जान्छ। नेतृत्वलाई पनि केही अंश जान्छ। तर, त्यो भन्दैमा जाति, भाषा, धर्म, समुदाय र क्षेत्रको नाममा हिंसा र प्रतिहिंसालाई जन्म दिने प्रक्रिया पक्कै पनि होइन। लामो समयदेखि कुर्सीमा बसिरहेका महानुभावले आफ्नो छेउको मान्छेलाई पनि सँगै बसाल्ने प्रक्रिया समावेशीकरण हो। अर्थात्, आफूले पाइराखेको मान, सम्मान र स्थान अरूलाई पनि दिने उदारता नै समावेशीकरण हो।

जहाँसम्म स्थान दिनका लागि क्षमताको विषय हो, जन्मबाटै कोही पनि क्षमतावान हुँदैनन्। उसको आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक र सांस्कृतिक परिवेशले क्षमतावान बनाउने हो। यसकारण जो क्षमतावान छन्, तिनलाई स्थान दिनु पर्‍यो र नभएकालाई क्षमतावान बनाउने दायित्व बहन गर्नुपर्‍यो। बहुलता राज्यको हरेक संरचनामा झल्किने बनाउन सकियो भने भोलि कसैको पनि भन्ने ठाउँ रहँदैन। फेरि स्थान पाइराखेकाहरूले नपाएकालाई दिन सकेन भने उसैले आफ्नो विकल्प खोज्न सक्छ। जो सबैका लागि अनुपयुक्त हुनसक्छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा मधेसी समावेशीकरणको सवाल यी सिद्धान्तहरूबाट पृथक् हुन सक्दैन। राज्यको लोकतान्त्रीकरणका साथै हाम्रो विचार र व्यवहारलाई पनि लोकतान्त्रीकरण बनाउन जरुरी छ। राज्यको लोकतान्त्रीकरण भनेकै त्यसभित्र बसोबास गर्नेहरूको विचार लोकतान्त्रीकरण हुनु हो। यसकारण भनिन्छ, अरूमाथि औंला उठाउँदा बूढी औंला आफैंतिर फर्किएको हुन्छ। अर्थात्, शाषक समुदायमा शासक मानसिकता र सुविधाको भोग गर्नेहरूको विचार र व्यवहार समावेशी नभईकन मधेसी समावेशीकरण असम्भव हुन्छ। त्यस्तै नयाँ शक्तिका रूपमा उदीयमान मधेसवादी दलहरूमा 'हामी रातारात समावेशी राज्यको निर्माण गर्छौं' भन्ने बुझाइ छ भने त्यो दिवास्वप्न मात्र हुनसक्छ। समावेशी सङ्घर्षको यात्रा धेरै लामो हुन्छ। एसियामा जातीय र सामुदायिक द्वन्द्वको मूल्याङ्कन गर्ने हो भने, पहिला आउने र पछि आउनेबीचमा निरन्तर सङ्घर्ष चलिरहेको छ। आफूलाई अति राष्ट्रवादी र अन्यलाई कम राष्ट्रवादी ठान्नेहरूबीचको द्वन्द्वले लामो समयसम्म निरन्तरता पाउँछ।

भारतमा सन् १९३२ मा पूणे नियमावलीबाट सुरु भएको समावेशीकरणको सङ्घर्ष अझै पनि चलिनै

रहेको छ। प्रत्येक १० वर्षमा भारतको संविधान संशोधन हुन्छ र दलितको आरक्षणको अधिकार सुनिश्चित गरिन्छ। तर, अहिलेसम्म पनि वास्तविक पीडित, भूमिहीन, दैनिक ज्याला गरेर खाने दलितहरूको अवस्था ज्यूँकात्यूँ छ। केही हुनेखाने र बाहुन भइसक्या दलितहरू त्यसमा रजाइँ गरिरहेका छन्। यस कारण समावेशी भनेको रातारात हुने कुरा होइन। मधेसको सन्दर्भमा पनि सङ्घर्षको यात्रा बल्ल सुरुवात भएको छ, जुन वर्षौं लाग्न सक्छ। धैर्यता, सहनशीलता र आत्मविश्वासको खाँचो छ। सत्ता र सम्झौतावादी नीतिको अन्त्य र अधिकारको सङ्घर्ष त्यागको भावनाका साथ अगाडि बढाउने दृढताको आवश्यकता छ। यस लोकतान्त्रिक प्रक्रियाले मात्र सही अर्थमा मधेसी समावेशीकरणको सवाललाई सम्बोधन गर्न सकिन्छ।

(च) सिफारिस

१. सरकारले मधेसी, जनजाति, महिला, दलितलगायतको सहभागितामा समावेशी आयोगको निर्माण गरी संवैधानिक प्रावधान र सरकारले गरेको सम्झौताअनुरूप कार्यान्वयन भए/नभएको अनुगमन तथा सुझाव दिने प्रक्रियाको थालनी।

२. जुन रूपमा संविधानसभामा समानुपातिक प्रतिनिधित्व गराइएको छ, सोहीअनुरूपको प्रावधान हरेक राजनीतिक दलहरूले आफ्नो केन्द्रदेखि जिल्लासम्मको संरचनाहरूमा अवलम्बन गर्नुपर्ने संवैधानिक प्रावधानको सुनिश्चितता नयाँ बन्ने संविधानमार्फत गर्ने।

३. कानुनी र संवैधानिक रूपले गैरसरकारी संस्थाहरू, संवैधानिक आयोग, अन्तर्राष्ट्रिय निकाय तथा हरेक क्षेत्रले पनि समानुपातिक समावेशी सिद्धान्तको पालना गर्नुपर्ने बाध्यकारी कानुनको निर्माण गर्ने।

४. मधेसी समावेशीको सवाललाई मधेसी महिला तथा मधेसी दलितको सवालमा केन्द्रविन्दु र बेन्चमार्क बनाउनुपर्ने।

५. मधेसी समावेशीकरणलाई भूमिहीनता, आधारभूत गुणस्तरीय शिक्षा र दैनिक ज्यालादारीसँग जोडेर अगाडि बढाउनुपर्ने।

६. मधेसको सन्दर्भमा राजनीतिक समावेशीकरणका साथै आर्थिक (भूमि र कृषि) साथै सामाजिक समावेशीकरणलाई पनि सँगै लानुपर्ने अवस्था छ।

सन्दर्भ सामग्री

गुप्ता, आनन्द जेपी (०६०), *'मधेसको कोणबाट राज्यको पुन:संरचनाको सवाल'*, मूल्याङ्कन, साउन २४

आजीत अनुभव (०६५), *'समावेशीकरण, राजनीतिक दल, राज्य र मिडिया'*, प्राक्कथन।

खनाल, कृष्ण (०६०), मूल्याङ्कन, पूर्णाङ्क ११४

भूर्तेल, भीमप्रसाद (०६५), *'राजनीतिक दलहरूमा समावेशीकरणको अवस्था'*, समावेशीकरण, राजनीतिक दल, राज्य र मिडिया, पेज १९, २० र २६।

आचार्य, नीलाम्बर (०६०), *'दलहरूमा प्रतिनिधित्व'*, कान्तिपुर १२ भदौ।

विश्वकर्मा, हिक्मत (०६५), *'निजामती सेवामा समावेशीकरण'*, समावेशीकरण, राजनीतिक दल, राज्य र मिडिया', पृष्ठ ४६, ४७ र ६७।

शर्मा, पीताम्बर (०६०), *'वर्तमान राज्य पुन:संरचना के-कस्तो परिवर्तन आवश्यक छ ?'* मूल्याङ्कन, माघ-फागुन १५।

मिश्र, चैतन्य (०६१), *'अबको राज्य संरचना कस्तो हुनुपर्छ ?'*, मूल्याङ्कन वैशाख/ ३३

सरकार र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाबीच मिति ०६४ फागुन १६ मा सम्मपन्न आठबुँदे सम्झौता

दी काठमाडौं पोस्ट (मे ९ २००८), संविधानसभामा समानुपातिक प्रतिनिधित्व

त्रिताल, शारदा (०५८), नेपालमा निजामती सेवाको विकासक्रम। शाखा अधिकृत बृहत् ज्ञानकोष। बलराम थापा, सं पृ. २८९-२९३

Yadav, Lal Babu (2008), *"How Inclusive Nepali's Political Parties area"* **The Telegraph Nepal**, avilable on www.telegraph.com.

Shah, SG (2007*), "Affirmative Action for Nation Building in Nepal"* paper presented in workshop, p-1.

Shah, SG (2007, *"Social Inclusion of Madhesi community in Nation Building"Civil society workshop for Research Programme on Social Inclusion and Nationa Building in Nepal, organized by* ***Social Inclusion Research Fund****.*

Yadav, R P *"Cast/Ethnic Representation in His Majestic Government at policy level Nepal"* – Paper Presented.

Yhome, K (2008), "The Maters Issue in Nepal" Observer Research Foundation, New Delhi.

Yadav, R.P (2006), *"Madhesi: A Disadvantage Social Group" Paper presented.*

Jha, Prasant (2008). *Manufacturing Mistrust, Plain Speaking,* Nepali Times, p 10, August 1, 2008

श्रम शोषणका रूपमा बाली प्रथा कायम

गोपिकृष्ण भट्टराई

परम्परागत बाली प्रथामा लुगा सिलाउने दमाई र फलामको काम गर्ने यहाँका कामीहरूले श्रमको उचित मूल्य पाउन नसक्दा वर्षभरि कम ज्यालामा काम गरेर पनि जीवन गुजारा चलाउन निकै कठिनाइ भोग्दै आएका छन्।

विगतदेखि अनियमित श्रम विभाजनका कारण दुई पाथी अन्नसँग आफ्नो वर्षभरिको श्रम साट्न बाध्य छन् यहाँका दलितहरू, उनीहरू आफैँलाई थाहा छैन कहिलेदेखि यसरी गुजारा चल्दै आएको छ भनेर। "बाजेबराजुका पालादेखिका बिष्ट हुन् या अन्य, यस्तो बाली प्रथा कहिलेदेखि चलेको हो, कसरी सुरु भयो, यसबारे थाहा छैन," दलित सेवा सङ्घका सचिव विश्वास नेपालीले भने। श्रम गरेबापत आफूले तोकेअनुसारका नभई बिष्टकै इच्छाले जति दिन्छन्, त्यसमा चित्त बुझाएर वर्षभरिको कामको ज्याला तीन पाथी अन्न पाउने गरेको उनीहरूको गुनासो छ। जातजातिका आधारमा भेदभाव कायमै रहेकाले यसको अन्त्य हुनुपर्छ। कामका आधारमा पेसा छनोट गर्ने हाम्रो अधिकार खोइ ? माथिल्ला जातिका हौँ भन्नेहरूले श्रम विभाजनका नाममा अन्याय गरेको उनले बताए।

सहर-बजारमा सिलाउँदा एउटा सर्टको १ सय र पाइन्टको २ सय पर्छ। स्थानीय बजारमूल्यका आधारमा पनि सिलाइ पेसाले जीवन गुजारा चलाउने दमाईहरूमाथि ठूलो श्रम शोषण भएको प्रस्टै हुन्छ। यसरी प्राप्त हुने बालीले परिवार पाल्न त के श्रमको मूल्य पनि नउठ्ने धैबुडका चन्द्र कामी भन्छन्, "हामीमाथि पहिल्यैदेखि अन्याय भएको रहेछ। अब कसले न्याय दिने ?" दलितहरूकै कारण आफूहरू पछि परेको पनि उनले बताए। विभिन्न नाममा गरिबी न्यून गर्ने कार्यक्रम दलितका नाममा आएका छन् तर गाउँसम्म आइपुग्दा एकमुठी कनिका मात्र आउने दाबी पनि उनको छ। "नेतृत्वमा रहेकाहरू कहिले अघाएर हामीले न्याय पाउनु" उनको प्रश्न छ। "गरिबी निवारण कार्यक्रमका नाममा आएको रकम पक्षपातपूर्ण ढङ्गले बाँडेकाले उनीहरूको दुःखेसो छ। पुराना कपडा सिलाउने दमाई र औजार धारिलो पार्ने कामीहरूले श्रमको मूल्यको एक चौथाइ पनि असुली गर्न पाउँदैनन्। तसर्थ, बालीघरे प्रथा त माग्ने प्रथा जस्तो भइसक्यो। यो सामन्ती प्रथा हो। यसको अन्त्य हुनुपर्छ।" विकट यार्सा गाविसमा कपडा सिलाउँदै गरेका भैरे दमैले भने। नेपाल उत्पीडित जातीय मुक्ति समाजका अध्यक्ष भरत विश्वकर्मा भन्छन्, "बाजेका पालामा धैरै बिष्ट थिए। अहिले तयारी सामानले बजार लिएको छ। महँगीले आकाश छोइसक्यो। वर्षभरि एक डोको मकैमा अझै पनि काम गर्न रसुवाका आमदलितहरू बाध्य छन्। कहिलेसम्म यसरी गुजारा चलाउने र बिष्टहरूले बोलाएका बेला कपडा सिउने र फलामको काम गर्ने समय आफ्नो अनुकूल नभए पनि काम गर्नैपर्ने बाध्यता रहेको छ। नत्र हामीलाई बिष्टले वर्षदिन बितेपछि बाली दिँदैनन्।"

अझ अचेल त गोल पोल्ने समस्या पनि रहेको बताउँदै स्थानीय राजु विक भन्छन्, "पहिला त जङ्गलमा गोल पोल्न पाइन्थ्यो। अचेल बन्देज छ।" बजारमा तयारी सामान आउन थालेपछि पुराना औजार मर्मतले मात्र जीवन धान्न गाह्रो छ। "दमाईहरूलाई भन्दा हामीलाई निकै गाह्रो काम गर्नुपर्छ, त्यमाथि अभाव पनि बढी छ," उनले भने। दक्षिणी रसुवाको लहरेपौवा, धैबुड, भोर्ले, यार्सा गाविसका दलितहरू परम्परागत पेसाबाट प्राप्त बालीले जीवन धान्न नसक्ने भएपछि वैकल्पिक पेसा खोज्न बाध्य भएका छन्। "गाई-भैंसी पालेर आयआर्जन गर्ने भने पनि उत्पादित दही र दूध तल्लो जातिले उत्पादन गरेको भनेर उपल्लो जाति भनिनेहरूले नखाने भएपछि कसरी गुजारा चलाउने ?" दलितहरू अब विकल्प खोज्नुपर्ने बताउँछन्। पुस्तौँदेखिको बाली प्रथाले शोषित र ठगिएका भूमिहीन दलित आफ्नो जीविका चलाउने प्रयासका लागि अझै पुरानै बाली प्रथामै काम गर्न बाध्य छन्। "अन्य जातकाले विभिन्न पेसा अपनाएर जग्गा किनेर आर्थिक अवस्था पनि सुदृढ बनाएका छन्। हाम्रो उत्पादनसमेत बजारले लिँदैन। यो अन्याय नभएर के हो त ?" उनीहरूको प्रश्न छ। स्वतन्त्र रूपमा पेसा रोज्न पाउने र जातीय विभेदको अन्त्य गरी समाजमा व्याप्त शोषण र अन्धविश्वासको अन्त्य गर्न सरकारी तथा अन्य गैरसरकारी निकायबाट पनि उचित पहल हुन आवश्यक छ। "राज्यको पुनःसंरचना गरी नयाँ नेपालका कुरा भइरहेको छ, हामीले पनि स्वतन्त्र रूपमा पेसा रोज्न पाउने अधिकारको ग्यारेन्टी हुनुपर्छ," उनीहरूको माग छ। लोकतान्त्रिक सरकारले आफ्ना समस्या समाधान गरिदिन्छ भन्ने आशा भने उनीहरूमा कायमै छ।

दु:खद कपिलवस्तु घटना र त्यसको एक वर्ष

- नन्दराम पौडेल

२०६४ भदौ ३० देखि असोज ४ गतेसम्म कपिलवस्तु जिल्लामा भएको दु:खद घटना नेपालको इतिहासमा कालो दिनका रूपमा अङ्कित भएको छ। सदियौँदेखि भाइचाराका रूपमा बस्दै आएका विभिन्न धर्म, जातजाति, भाषाभाषीबीचमा मन टुट्ने गरी भएको हिंसात्मक त्यस घटनाले लागेका घाउ अझै खाता बस्न सकेको अवस्था छैन।

कपिलवस्तुमा हुने पटक-पटकका हिंसाले विश्वमा नै चर्चा पाउने र सबैको ध्यान आकर्षण पनि भएको छ। शान्तिका अग्रदूत भगवान् गौतम बुद्धको २९ वर्ष बिताएको जिल्ला जहाँ अशान्ति, हत्या, बलात्कार, लुटपाट, आगजनीजस्ता घटनाले प्रश्रय पाउँदा गौतम बुद्धले फिजाएको शान्ति छायामा पर्न गएको छ। हाम्रो देश नेपाल त्यसमा पनि कपिलवस्तु जिल्ला हिंसात्मक जिल्लाका रूपमा अङ्कित हुन पुग्नु दु:खद विषय हो। यसलाई अन्त्य गर्न सरकार, राजनीतिक दल, सम्पूर्ण अधिकारकर्मी नागरिक समाज, सञ्चारकर्मी लगायतले केही योगदान गर्नैपर्छ।

घटनाको पृष्ठभूमि

भारतीय सीमासँग जोडिएका कपिलवस्तु जिल्लाका दक्षिणी तथा पश्चिमी भेगका गाउँहरूमा विभिन्न समयमा विभिन्नखाले घटना हुने गर्छन्। उदाहरणका लागि द्वन्द्वको सुरुवात, ०४७ जेठ १९ भटेनीमा भएको सामूहिक बलात्कार र २० गते सो घटनाको उजुरी दिन हिँडेका ५२ जनालाई बाँधेर दिएको यातना तथा कुटपिट भएको, ०५९ जेठ २२ गते बडसरामा भएको बलात्कार तथा आगजनी, ०६१ फागुन ६ गतेदेखि सुरु भएको माओवादीका विरुद्ध भनिएको प्रतिकार समूह र ०६४ भदौ ३० गते कपिलवस्तु जिल्लामा भएको हिंसात्मक घटना दु:ख र पीडादायी रहे। यस्ता घटना हुनुमा जमिनको असमान वितरण, बसाइँसराइ, मिश्रित बसोबासका कारण पहाडिया र मधेसी, हिन्दू, मुसलमान र फरक-फरक समुदायका फरक-फरक धर्मका बीचमा बेलाबेलामा विवाद उत्पन्न भएको देखिन्छ। कपिलवस्तु जिल्ला भारतीय सीमासँग जोडिएको जिल्ला भएकाले नेपालमा हुने हरेक गतिविधि भारतसँग सरोकार रहने गर्छ। नेपालमा दङ्गा वा कुनै घटना भयो भने भारतीयहरू आउने र भारतमा हुँदा नेपालबाट जाने प्रवृत्ति छ।

अर्कोतर्फ, सीमा जोडिएकाले यस जिल्लाको अर्थतन्त्र मूलत: सीमापार हुने निकट व्यवसायी सम्बव्ध कानुनी र गैरकानुनी दुवैमा भर पर्छ। कृष्णनगर नाका विशेष गरेर चोरीनिकासी र पैठारीका निम्ति महत्त्वपूर्ण मार्ग हो। सीमा व्यापारको नियन्त्रणका लागि हुने विभिन्न समूह र गिरोहका बीचको प्रतिस्पर्धाले पनि विभिन्न समयमा उक्त क्षेत्रमा हिंसात्मक घटना भएका हुने गर्छन्। ०४४ सालमा हरिनारायण रजौरियाले आफूलाई राजनीतिक रूपमा बलियो बनाउन र चुनाव जित्नका लागि राष्ट्रिय सुकुम्बासी आयोगबाट अन्य जिल्ला तथा विभिन्न स्थानमा रहेका सुकुम्बासीलाई कपिलवस्तुको खुरुहुरिया, पथ्थरदेहिया, विसनपुरलगायतका स्थानका सरकारी भूमिमा बस्ती बसालेपछि द्वन्द्वको विधिवत सिर्जना भएको भन्ने विभिन्न व्यक्तिहरूको भनाइ छ।

०६१ सालमा सरकार र तत्कालीन शाही सेनाले प्रतिकार समूहलाई वितरण गरेको हतियार फिर्ता नहुनु र माओवादीलाई सिध्याउने उद्देश्यले गरिएको आन्दोलनप्रति सरकारको समर्थनले मनोवल बढेको र त्यतिबेलाको आन्दोलनको पाठ नै भदौ ३० को घटना हो भन्न सकिन्छ। ०६१ सालमा भएको प्रतिकार समूहको घटनामा राज्यकै अगाडि ज्यूँदै जलाउने, कुटीकुटी यातना दिएर जुन हत्या गरियो, जनताका घरमा आगजनी गरियो, लुटपाट गरियो, त्यस्ता गतिविधिहरूमा संलग्न अपराधीहरूलाई राज्यले कारबाही

गर्नुपर्नेमा प्रोत्साहन गऱ्यो। उक्त घटना अन्तर्राष्ट्रियकरण हुँदासमेत तत्कालीन राज्यले कुनै आयोगसम्म गठन गर्ने हिम्मत गरेन। लोकतन्त्र स्थापना भएको दुई वर्ष पूरा हुँदा समेत सरकारले ०६१ सालको प्रतिकार समूहबाट भएको हिंसाको कुनै खोजबिनसम्म नगर्नुले पनि अपराधीहरूको मनोबल बढेको हुनसक्छ। प्रतिकार समूहमा लागेका हतियारहरू कब्जा नगरीनुले पनि उक्त घटनालाई साथ दिएको हुनसक्छ। अर्को महत्त्वपूर्ण कारण राज्यका प्रशासनिक निकायको उत्तरदायित्व बोध नहुनु, जवाफदेहिता, आदेश पालन गर्नेजस्ता कामबाट विमुख रहनु, सकारात्मक हस्तक्षेप समयमा नगरिनु र समयमै कर्फ्यु आदेश जारी नगरिनुले पनि थप घटना भएको हो। राज्यको लापरबाहीका कारण भदौ ३१ गते, असोज १, २, ३, ४ गतेका थप घटना भएका हुन्।

कपिलवस्तु घटनाको सुरुवात

कपिलवस्तु जिल्लाको वीरपुर गाविस-६ कुदरवेटवा घर भएका लोकतान्त्रिक मधेसी मोर्चाका नेता ६० वर्षीय मोहित खाँको ०६४ भदौ ३० गते अज्ञात समूहद्वारा गोली प्रहार गरी हत्या गरिएपछि कपिलवस्तु जिल्लामा उत्पन्न हिंसाका कारण असोज ४ गतेसम्म १४ जनाको ज्यान गएको थियो। करिब करोडौँको भौतिक क्षति भएको थियो। करिब १६ जना मानिस घाइते भएका थिए भने ८ हजार जनता विस्थापित हुन पुगेका थिए। उक्त घटनापछि पश्चिम क्षेत्रको जनजीवन केही दिन अस्तव्यस्त भएको थियो।

त्यसैगरी जिल्लाका खुरुहुरिया, पथ्थरदेहिया, विसनपुर, गणेशपुर, कृष्णनगर, वीरपुरमा अत्यन्तै प्रभाव परेको थियो भने शिवपुर, जवाभारी, मोतीपुर, बरकलपुर, बुडढी, राजपुर, चनई, शिवगढी, गुगौली र कपिलवस्तु नगरपालिकालगायतका गाविसमा आंशिक प्रभाव परेको थियो। हत्या, लुटपाट, आगजनीका कारण त्यस स्थानका नागरिक विस्थापित भए भने चौपायसमेत प्रभावित भए। सो स्थानमा करिब ५ सय ९४ भन्दा बढी घरहरूमध्ये ४ सय ५१ घर पूर्ण क्षतिग्रस्त भएका थिए भने ९८ ओटा घर आंशिक प्रभावित भएका थिए। १ सय ६० सवारी साधनमा आगजनी, लुटपाट र तोडफोड भएको थियो, जसका कारण सबै स्थानबाट गरी करिब ८ हजारको सङ्ख्यामा मानिसहरू विस्थापित भएका थिए। सो घटनाका कारण सामुदायिक सद्भाव खलबलिएपछि हिंसा प्रतिहिंसामा परिणत भएको थियो। जिल्लाका विभिन्न क्षेत्रहरूमा भय, डर र त्रासको वातावरण दिनप्रतिदिन बढिरहेको थियो। घटनामा मानवीय संवेदनासमेत नरहेको र अमानवीय ढङ्गबाट चरम यातनापछि हत्या गरिएको इन्सेक, ओएचसीआर, राष्ट्रिय मानवअधिकार आयोगलगायतका प्रतिवेदनमा उल्लेख छ।

घटनाको छैटौँ दिनसम्म पनि राज्यका निकायहरू राजमार्गदेखि भित्रसम्मका प्रभावित सबै स्थानहरूमा जान असफल रहे भने सुरक्षा निकायको सकारात्मक हस्तक्षेप हुन सकेन। कैयौँ दिनसम्म प्रतिकारात्मक आक्रमण भइरह्यो, जसका कारण विस्थापित तथा पीडितहरूलाई राहत उपलब्ध गराउन नसकिएको र वास्तविक घटनाको विस्तृत सूचनासमेत सङ्कलन गर्न नसकेको अवस्था थियो। ठाउँ हेरी एउटा समुदायको व्यक्तिले अर्को समुदायको सम्पत्तिमाथि आक्रमण गर्ने क्रम जारी रहेको थियो। सरकारको उदासिनता, स्थानीय प्रशासनको लापरबाही तथा सुरक्षा निकायको निष्क्रियताले गर्दा सामुदायिक सद्भाव खलबलिएको थियो। स्थानीय प्रशासनले कर्फ्युको आदेश भदौ ३० गते दिउँसो १.३० बजे मात्र दिए पनि कर्फ्युको समयमै एक समुदायका व्यक्तिले अर्को समुदायका व्यक्तिको सम्पत्तिमाथि आक्रमण गर्ने क्रम रोकिएको थिएन।

सबै समुदायका मानिसहरू असुरक्षित महसुस गरिरहेका थिए। घटनाबाट पीडित व्यक्तिहरूको आक्रोश दिनप्रतिदिन बढ्दै गइरहेको थियो, जसको मारमा मानवअधिकारकर्मी तथा पत्रकारहरू परिरहेका थिए। पीडितहरूले आफ्नो वेदना पत्रकार तथा

मानवअधिकारकर्मीसमक्ष आक्रोशका रूपमा पोखिरहेका थिए। असुरक्षित महसुस भएकै कारण मानवअधिकारकर्मी तथा पत्रकारहरू पनि सहजै घटनास्थलमा जान सकिरहेका थिएनन्। सरकारका कुनै पनि निकायहरू पीडितहरूको गुनासो सुन्न समयमा नै पुगेका थिएनन्।

भदौ ३० गते विसुनपुर गाविसस्थित देवीपुर भन्ने स्थानमा १ सय २५ घरमा आगजनी र लुटपाट भयो। त्यस स्थानमा छ व्यक्तिको हत्या भएको थियो। खुरुहुरिया गाविसका कोटुवा, बगाहा, दालपुर, उज्जलपुरमा गरी ८० घरमा आगजनी र लुटपाट भयो। त्यस्तै गरी पत्थरदेहिया गाविसको अमाहामा, जगदीशपुरमा गरी करिब १ सय ३१ घरमा आगजनी तथा लुटपाट भयो। कृष्णनगरमा १ सय ३ घर, विसनपुरमा १ सय २३ घर, वीरपुर चन्द्रौटामा ८६ घर, शिवपुरमा ४१ घर, गणेशपुरमा १५ घर, मोतीपुरमा छ घर, जवाबारीमा तीन घर, बरकलपुरमा दुई घर, कपिलवस्तु नगरपालिकामा दुई गरी ५ सय ९५ घरपसलमा आगजनी तथा तोडफोड भयो। उक्त प्रभावित गाविसबाट करिब ८ हजार व्यक्तिहरू विस्थापित भए, जसमध्ये पत्थरदेहिया, गणेशपुर, गुगौली र विसनपुराका करिब ३ हजारभन्दा बढी व्यक्तिहरू शिवगढीमा विस्थापित भएर विद्यालय तथा पाटीपौवा र स्थानीय बासिन्दाका घरहरूमा विस्थापित भएर बसे भने त्यसैगरी चनई र वीरपुर गाविसका करिब ३ हजार विस्थापित गोरुसिङ्गेमा बसे। केही चन्द्रौटाको सशस्त्र प्रहरीको क्याम्पमा बसे। त्यस्तै कृष्णनगरबाट विस्थापित कृष्णनगर सशस्त्र प्रहरी क्याम्पमा र केही गोरुसिङ्गेमा बसे।

भदौ ३० गतेको दिन दिउँसो १ बजेदेखि जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुले जिल्लाका कृष्णनगर, चन्द्रौटा र सदरमुकाम तौलिहवामा कर्फ्यु आदेश जारी गऱ्यो। सो हिंसात्मक घटनाप्रति दुःख प्रकट गर्दै विभिन्न अधिकारवादी सङ्घसंस्थाहरूले प्रेस विज्ञप्ति जारी गर्दै शान्ति र सद्भाव कायम गर्न आह्वान गरे भने शान्तिसुरक्षा मजबुत पार्न सरकारलाई दबाब दिए। यसै दिन राती १० बजेको हाराहारीमा मोतीपुर गाविसको चप्परगाउँमा रहेका मुस्लिम समुदायका छ घरमा आगजनी, तोडफोड तथा कुटपिट भएको थियो। स्थानीय बासिन्दाको पहलमा ती व्यक्तिहरूलाई संरक्षण गरी जलेका घरहरू बनाइदिएका थिए। जिल्ला प्रशासन कार्यालयले कर्फ्यु आदेश जारी राखेकै बेला वीरपुर गाविसका चन्द्रौटामा यातायात मजदुर र पीडित व्यक्तिहरूले अर्को समुदायको सम्पत्तिमाथि तोडफोड र आगजनी गरे। सो भीडलाई नियन्त्रण गर्न सशस्त्र प्रहरीले हवाई फायर र लाठीचार्जसमेत गरे।

त्यसैगरी, भदौ ३१ गते शिवपुर गाविसको खैरीमा मस्जिद र मुस्लिम समुदायका करिब ४१ घरहरू जलाई ध्वस्त पारे। प्रहरीले भीडलाई तितरबितर गर्न हवाई फायर र लाठीचार्ज गऱ्यो। सो घटनामा सशस्त्र प्रहरीको लाठीचार्जबाट ४ नं. जीतपुरका मनोज नेपाली घाइते भए। उनको मानवअधिकारकर्मीको टोलीले उद्धार गरेको थियो। त्यसैगरी आक्रोशित भीडले वीरपुर गाविस चन्द्रौटामा अवस्थित अन्सारी पेट्रोलपम्प र सो पेट्रोलपम्पको पश्चिममा रहेको कपास उद्योगमा आगजनी र तोडफोड गरी क्षति पुऱ्याए भने बजारमा रहेका मुस्लिम धर्मावलम्बी समुदायका केही घरहरूमा आगजनी तथा तोडफोड गरेका थिए। आगजनी र तोडफोड भएपछि शिवपुरको खैरीबाट विस्थापित मुस्लिम धर्मावलम्बी समुदायहरू करिब १ सय ५० जना जभावारीमा र करिब ५ सय भारततर्फ गए। त्यस दिन आक्रोशित समूहले ४ नं. जीतपुरमा अर्को समुदायका तीनओटा गाडीमा आगजनी गरेका थिए। यसै दिन मोहित खाँको दाहसंस्कार गरिएको थियो।

प्रत्याक्रमणको सिलसिला जारी रहेको र विस्थापित हुने क्रम बढेपछि जिल्ला सदरमुकाम तौलिहवामा सम्पन्न प्रशासन र आठ दल, नागरिक समाज तथा मानवअधिकारकर्मीबीच सम्पन्न सर्वपक्षीय बैठकले विस्थापितहरूलाई कृष्णनगरको सशस्त्र बेसक्याम्प, चन्द्रौटा, गोरुसिङ्गे, शिवगढी गाविसस्थित सुन्दरीडाँडा र ४ नं. जीतपुरमा गरी पाँच स्थानमा राहत वितरण गर्ने र मृतकका परिवारलाई पहिलो चरणमा १० हजार राहत उपलब्ध गराउने निर्णय गऱ्यो।

बैठकले घाइते भएकाहरूलाई निःशुल्क उपचार गर्ने र क्षति भएका घरपसल र सवारी साधनलगायतको क्षतिपूर्ति दिनका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गऱ्यो। सो बैठकले दुःखद घटना भएकामा मृतकलाई श्रद्धाञ्जलि र मृतकका परिवारलाई समवेदना प्रकट गर्दै सामाजिक सद्भाव कायम राख्न आह्वान गरेको थियो।

कपिलवस्तु घटनाले ठूलो रूप लिएपछि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायको ध्यान आकर्षित गऱ्यो। घटनाको स्थलगत अध्ययनका लागि नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकारको उच्चायुक्तको कार्यालयको टोली, राष्ट्रिय मानवअधिकार आयोगको टोली र एचएमटीसीको टोली हिंसाग्रस्त क्षेत्रमा गई स्थलगत रूपमा अनुगमन गरेको थियो। गणेशपुर गाविसमा पहाडिया मूलका पीडित व्यक्तिहरूको समूहले अर्को समुदायको व्यक्तिको सम्पत्तिमा क्षति तुल्याए। पत्थरदेहिया प्रहरीचौकी अगाडिबाट नरसिंह चौधरी र लालजी चौधरीलाई पहाडिया मूलका व्यक्तिहरूले नियन्त्रणमा लिए। प्रायः सबै व्यक्तिहरू घरेलु हतियारसहित थिए। सोही घटनापछि गणेशपुर गाविसमा भेला भएका लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताहरूले कब्जामा लिइएका व्यक्तिहरूलाई तत्काल नछोडे आन्दोलन गर्ने घोषणा गर्दै मानवअधिकारकर्मीहरूलाई उनीहरूको रिहाइका लागि पहल गरिदिन आग्रह गरे। यसै दिन कपिलवस्तु र दाङको सिमानामा पर्ने महेन्द्रराजमार्गको

धानखोलामा दुईओटा गाडीमा आगजनी गरी सडक अवरुद्ध पारे। त्यसैगरी, शिवपुर गाविसको बेलौतीमा भेला भएका पहाडिया पीडित र स्थानीय बासिन्दाले क्षतिग्रस्त भएका घर, पसल, सवारीसाधनको उचित क्षतिपूर्ति नपाएसम्म राजमार्ग नखोल्ने भन्दै सडक अवरुद्ध गरेका थिए।

प्रत्याक्रमण जारी रहेको र असोज ३ गते पथ्थरदेहिया गाविसको जगदीशपुरस्थित प्रहरी चौकी अगाडि दिउँसो करिब ३ बजे लोकतान्त्रिक मधेसी मोर्चा र पहाडिया समुदायबीच दुईपक्षीय झडप हुँदा तीन व्यक्तिको मृत्यु भयो भने करिब १५ जना घाइते भए। मृत्यु हुनेमा रामेश्वर चौधरी, दूधनाथ तेली र नरद्दिन मुसलमान रहेका थिए। सो घटनामा प्रहरीले हवाई फायर र लाठीचार्ज तथा अश्रुग्यास प्रहार गरेको थियो। सो घटनामा घाइतेहरूमध्ये १० जनालाई बुटवलस्थित लुम्बिनी अञ्चल अस्पतालमा उपचारका निम्ति प्रहरीले पठाएको थियो। उक्त घटनापछि करिब २ हजारको सङ्ख्यामा मधेसी मूलका व्यक्ति भारतमा विस्थापित हुन पुगे।

घटनाको पाँचौं दिन मात्र चन्द्रौटामा आठ दलका जिल्लास्तरीय नेताहरू पुगेका थिए। चन्द्रौटामा भेला भएका पहाडिया समुदायका पीडितहरूको आक्रोशित भीडले ती नेताहरूलाई घेराबन्दी गरेका थिए। आठ दल, उद्योग वाणिज्य सङ्घ, यातायात व्यवसायी सङ्घ, नागरिक समाजका प्रतिनिधिहरूबीच सर्वपक्षीय बैठक सम्पन्न भयो। बैठकले हिंसा रोक्नका लागि पहल गर्न र सामुदायिक सद्भाव कायम गर्न सबै समुदायलाई आह्वान गरेको थियो। ०६४ असोज ३ गते सरकारले कपिलवस्तु घटनाको छानबिनका लागि लोकेन्द्र मल्लिकको अध्यक्षतामा तीन सदस्यीय उच्चस्तरीय छानबिन आयोग गठन गरेको थियो भने घटनाका पीडितलाई राहतका लागि सरकारले २ करोड दिने घोषणासमेत गरेको थियो। इन्सेकलगायतको मानवअधिकारकर्मीहरूको टोलीले प्रमुख जिल्ला अधिकारीसँग सो घटनाको सम्बन्धमा छलफल गरेको थियो। टोलीले पीडित व्यक्तिहरूलाई तत्काल राहत उपलब्ध गराउन, घटनाको छानबिन गर्न, शान्ति र सद्भाव कायम राख्न, हराइरहेका नागरिकहरूको खोजी गर्न र सही सूचना प्रवाह गर्न प्रशासनलाई ध्यानाकर्षण गराएको थियो।

असोज २ गते अधिकारकर्मीको टोली चन्द्रौटास्थित घटनास्थलतर्फ अगाडि बढ्दै गर्दा इमिलिया भन्ने स्थानमा आक्रोशित पहाडिया समुदायका व्यक्तिहरूले टोलीसमक्ष आक्रोश व्यक्त गरेका थिए। उनीहरूले आफूहरूको पीडा कुनै पक्षबाट पनि सम्बोधन नभएको भन्दै आक्रोश व्यक्त गरेका थिए। घटनास्थलमा तनाव भएका कारण टोली बीच बाटोबाटै बुटवल फर्किएको थियो। त्यस्तै घटनास्थलतर्फ गएको पत्रकारहरूको टोली पनि तनावका कारण बाटोबाटै फर्किएको थियो। मानवअधिकारकर्मीहरू डा. गौरीलाल दास, सुशील प्याकुरेल, कनकमणि दीक्षित, कुन्दन अर्याल र अनुगमन टोलीका तर्फबाट पत्रकार सम्मेलन गरी कपिलवस्तुमा तत्काल शान्तिसुरक्षा र सामुदायिक सद्भाव कायम राख्न सबैलाई आह्वान गरे। स्थितिलाई सुधार गर्नका निम्ति तत्काल कार्यदल गठन गर्न पनि सो टोलीले सरकारसमक्ष माग गरेको थियो।

घटनाको प्रभाव

भदौ ३० पछि भएको हिंसात्मक गतिविधिले सिङ्गो कपिलवस्तु जिल्ला प्रभावित बन्यो। जिल्लाका पश्चिमी र उत्तरका केही गाविसमा प्रत्यक्ष असर पुग्यो भने जिल्लाका सम्पूर्ण स्थानमा डर-त्रासपूर्ण वातावरण सिर्जना भयो। लगातार पाँच-सात दिन कर्फ्यु लागेर जनजीवनमा प्रभाव परेको थियो भने करिब १५ दिन नियमित यातायात ठप्प भयो। नागरिकहरू बन्दकोठामा रहेको महसुस गरे। त्यसै गरी जिल्लाभरि १५ दिन विद्यालय बन्द रहे भने घटना प्रभावित क्षेत्रमा महिनादिनसम्म विद्यालय खुलेनन्। घटनाबाट करिब ८ सय ५० बालबालिका प्रभावित भएका थिए भने घटनामा गर्भवती महिला, सुत्केरी महिला, बूढाबूढी, केटाकेटी अत्यन्तै कष्टकर जीवन बिताउन बाध्य भए। भदौ ३० गते भागदौडमा आमाबाबुबाट विच्छेद भएका बालबालिका तीन-चार दिनसम्म भोकै उखुबारीमा लुकेर बसेका थिए त कति जङ्गलमा लुके, हप्तौं दिनसम्म आफ्ना परिवार कति जीवित छन् वा मरे भन्नेसम्म खबर पाउन सकेनन्। सबै घर र सम्पत्ति खरानी भएपछि ज्यान बचाउन हिँडेका नागरिकहरूलाई संरक्षण गर्न वाईसीएललगायत विभिन्न पार्टीका नेता लागे पनि प्रभावकारी काम नभएकामा विस्थापित नागरिकहरू आक्रोशित थिए। हप्तौंसम्म कतिको मृत्यु भयो भन्ने यकिन तथ्य सार्वजनिक नभएको भन्दै नागरिकहरू सरकार तथा अधिकारकर्मी सञ्चारकर्मीसँग समेत आक्रोश पोख्दै आक्रमणका प्रयाससमेत भए। कतिका सवारीसाधन तोडफोडसमेत भए। सरकार घटनास्थलमा पुग्न हप्तादिन लाग्यो तर सत्यतथ्य डाटा उपलब्ध गराउन नसक्दा सञ्चारमाध्यमले हल्ला र सुनेका आधारमा समाचार सम्प्रेषण गर्न बाध्य भए, जसले गर्दा आलोचना सहनुपर्‍यो। राज्यले जवाफदेही र प्रभावकारी काम गर्न नसक्दा ठूलै समस्या बेहोर्नु पर्‍यो। सो घटनाबाट मानवीय रूपमा १४ जनाको ज्यान जानुका साथसाथै दर्जनौं घाइते र अर्बौंको भौतिक क्षति पुग्यो। सदियौंदेखि भाइचाराका रूपमा बसेका विभिन्न धर्म, भाषी र समुदायका बीचमा मनमुटाव सिर्जना भई अविश्वासको वातावरण बन्न पुग्यो।

कपिलवस्तु घटनाको आरोपमा पक्राउ तथा थुना

नेपालले अनुमोदन गरेका मानवअधिकार सन्धिलगायतका अन्तर्राष्ट्रिय मानवअधिकार कानुन अनुसार राज्यले व्यवहार नगरेको व्यापक गुनासा आएका थिए। कपिलवस्तु घटनामा संलग्न भएको आरोपमा करिब ५० जनालाई पक्राउ गरिएकामा पाँच जना भारतीय नागरिक रहेका थिए। तीमध्ये १९ जनालाई अभियोग लगाइएको थियो भने १७ जना पुर्पक्षका लागि थुनामा रहेका छन्। कपिलवस्तु घटनामा प्रहरीले २५ ओटा जाहेरी दरखास्त दर्ता गरेको थियो, जसमध्ये दुईओटा जाहेरी

जिप्रकामा, चारओटा चन्द्रौटा इप्रकामा, आठओटा कृष्णनगर इप्रका र दुईओटा गोरुसिङ्गे इप्रकामा दायर गरिएका थिए, जसमध्ये आठओटा हत्याका, एक हत्याको प्रयास, १२ ओटा आगजनी, दुईओटा सशस्त्र डकैती र दुईओटा चोरीसम्बन्धी थिए। तीमध्ये प्रहरीद्वारा कपिलवस्तु जिल्ला अदालतमा पाँचओटा मुद्दा दर्ता गरिएको थियो। दुई आगजनी तथा दुईओटा डकैती र चोरीका घटना थिए। ती मुद्दा कृष्णनगर चन्द्रौटामा भएका घटनासम्बन्धी थिए। एक सशस्त्र प्रहरीको हत्यासम्बन्धी मुद्दा चन्द्रौटामा दर्ता गरिएको थियो। प्रहरीले दायर गरेका मुद्दा सबै घटनालाई समेटिने गरी सामूहिक दायर गरिएको थियो। मुद्दा दायर गर्ने काम भए पनि अनुसन्धान र पक्राउ गर्ने कार्य अत्यन्तै मन्द गतिमा भएका थिए। केही राजनीतिक दल तथा समूहले मुद्दा फिर्ता लिन दबाब दिएका कारण आरोपितलाई प्रक्राउ गर्ने र अनुसन्धान गर्ने कार्य प्रहरीलाई कठिन रहेको छ।

करिब १ सय ६० जनाभन्दा बढीलाई अभियोग लगाइएकामा उनीहरू हालसम्म फरार रहेको र केही निरअपराध व्यक्तिहरूको नामसमेत अभियोगमा रहेको भन्ने गुनासासमेत आएका छन्, जसका कारण उनीहरूका परिवारसमेत भारतमा विस्थापितका रूपमा रहेका छन्। अभियोगमा घटनाका बेला विदेशमा रहेकाहरूको समेत नाम रहेको भन्ने सुनिएको छ।

अन्तर्राष्ट्रिय दातृ संस्था तथा सरकार र अन्य सङ्घसंस्थाको सहयोग

असोज २ गतेदेखि उच्चायुक्तको कार्यालय र नेपालस्थित अनमिन, राष्ट्रिय मानवअधिकार आयोग र इन्सेकलगायतका अन्य संस्थाहरूले कपिलवस्तु घटनाको निरन्तर अनुगमन, अनुसन्धान गरेका थिए। घटनाबाट पीडित तथा विस्थापितहरूलाई तत्काल राहत तथा बासको व्यवस्था मिलाउन आईसीआरसी, विश्व खाद्य सङ्गठनलगायतका अन्तर्राष्ट्रिय संस्थाहरू र स्थानीय स्तरका संस्थाहरूले समेत राहत उठाउने र वितरण गर्ने काममा सहयोग पुऱ्याएका थिए। ती संस्थाहरूले निरन्तर रूपमा तीन महिना राहत वितरण गरे। राहत वितरणका लागि थुप्रै स्थानीय सङ्घसंस्था सक्रिय रहे।

यसै गरी अन्तर्राष्ट्रिय दातृसंस्थाहरूमध्ये रेडक्रसमार्फत राहत वितरण गरेका संस्थाहरूमा डब्लूएफओले ४ हजार ५ सय जनालाई दुई महिनाको खाद्यान्न (४२ मेट्रिक टन) सहयोग उपलब्ध गराएको थियो। त्यस्तै, एमएस, नेपालले ३ लाख ८० हजार नगद, आईसीआरसीले ८ हजार मिटर कपडा, ५ सय कम्बल, ३ सय त्रिपाल र खाद्यान्न, सेभ द चिल्डेनले ७ लाख ५० हजारको सामान, रेडक्रस केन्द्रले २५ हजार नगद, चितवन शाखाले २५ हजार नगद, २७ बोरा पुराना कपडा, १० बोरा चिउरा र सडक डिभिजनले १९ हजार गरी जम्मा ६९ हजार, जिल्ला रेडक्रस शाखाले ६७ हजारको तरकारी र जिल्ला प्रशासनले ७० हजारको तरकारीका लागि रेडक्रसमार्फत वितरण गरिएको थियो। यसै गरी गजेहडा रेडक्रस शाखाले ३ लाख बराबरको भाँडाबर्तन, औषधि र कपडा सहयोग गरेको थियो। युनिसेफले १ हजार परिवारलाई ननफुट आइटम, कम्बल, त्रिपाल, झुल हाइजिङ् सामान गरी १९ लाखबराबरको सहयोग उपलब्ध गराएको थियो। सहयोग पुऱ्याउनेमा कारितासले २ सय ५० ओटा घर निर्माणमा सहयोग पुऱ्याएको छ भने विश्व खाद्य कार्यक्रमबाट बाटो निर्माणका लागि खाद्यान्न सहयोग पुऱ्याएको छ।

राज्यद्वारा कपिलवस्तु घटनाका पीडितका लागि २ करोड ६१ लाख रुपियाँ जिल्ला प्रशासन कार्यालयमा निकासा भएको थियो। प्रशासनले सो रकममध्ये मृतक १३ जनाका परिवारलाई १/१ लाख गरी १३ लाख, घर पूर्ण क्षति भएकालाई ३५ हजार र आंशिक क्षति भएकालाई २५ हजारका दरले राहत उपलब्ध गराएको थियो। त्यसै गरी सवारीसाधन क्षति भएकालाई २५ हजारका दरले जम्मा २६ लाख रकम उपलब्ध गराइएको छ। त्यसै गरी विस्थापितलाई खाद्य सामग्रीका लागी १३ हजार गरी जम्मा १ करोड ९० लाख ५५ हजार ३ सय ९८ रुपियाँ वितरण भएको छ भने ७० लाख ४४ हजार ३ सय ९८ रुपियाँ रकम खर्च नभई फ्रिज भएको छ। औषधि उपचारका लागि आएको १ लाख रकममध्ये ४८ हजार ९ सय ५३ रुपियाँसमेत फ्रिज भएको जिल्ला प्रशासनको लेखा शाखाले जनाएको छ। सरकारको स्पष्ट निर्देशन नआएको र दलहरू र प्रशासनबीच सहमति नभएकाले रकम फ्रिज भएको सो कार्यालयले बताएको छ। सरकारद्वारा गठित उच्चस्तरीय छानबिन आयोगले आफ्नो प्रतिवेदन सरकारलाई बुझाएको भए पनि सरकारले सो प्रतिवेदन न सार्वजनिक गऱ्यो, न त कार्यान्वयन नै।

स्थानीय विकास अधिकारीको अध्यक्षतामा गठित पुन:स्थापन तथा पुन:निर्माण कोषमा १४ लाख ६८ हजार ४ सय ७५ रुपियाँ जम्मा भएकामा विस्थापितका घर पुन:निर्माणका लागि कर्कटपाता खरिद, काठ खरिद, खाद्यान्न गरी १३ लाख ७३ हजार ७ सय ६ रुपियाँको सामान खरिद गरिएको र कोषमा ९४ हजार ७ सय ७९ रुपियाँ बाँकी रहेको छ। त्यस्तै अन्य सङ्घसंस्थाहरूले पनि राहत उपलब्ध गराएका थिए। यूएनएफपीएले स्वास्थ्य सेवा पुऱ्याएको थियो भने कृष्णनगर गाविसले भारतमा रहेका विस्थापितलाई ८ लाख ५० हजार र आन्तरिक विस्थापितलाई १० लाख राहत उपलब्ध गराएको छ। यसरी सहयोग गर्नेहरू प्रशस्त भए पनि विस्थापितले भने खासै सहयोग नपाएको गुनासो गरेका छन् भने उनीहरूको अवस्था उस्तै कष्टकर देखिन्छ।

विस्थापितलाई पुन:स्थापनाको प्रयास

राज्यले विस्थापितलाई पुन:स्थापित गर्न र सुरक्षाको प्रत्याभूति दिन दङ्गाग्रस्त क्षेत्रमा सशस्त्र प्रहरी, जनपद प्रहरीका अस्थायी क्यामहरू राख्ने काम गऱ्यो। स्थानीय विकास अधिकारीको अध्यक्षतामा पुन:स्थापन, पुन:निर्माण कोषको स्थापना गरी फर्कनेहरूलाई टिन र काठ उपलब्ध गराउने काम भयो भने प्रशासन र राजनीतिक दलले पनि राहत वितरण र

शान्तिसुरक्षाको विषयमा पहल गरे। भारतमा विस्थापित भएकाहरूलाई फर्काउने र राहत दिने काम गरे। त्यस्तै नागरिक समाज र सञ्चारकर्मीले पनि त्यस विषयमा सहयोग पुऱ्याएका छन्। विभिन्न समयमा धार्मिक सद्भाव कायमका लागि अन्तरसंवाद छलफल गोष्ठीसमेत भए। विस्थापितलाई घर फर्काउन घर निर्माणका लागि कारीतासलगायत संस्थाले घर निर्माण गरिदिएका छन् भने सरकारले घर फर्कन आग्रह गरेको छ। कतिपय विस्थापित घर फर्किएका छन् तर कतिपय भने फर्कन चाहेका छैनन्। अन्य विकल्प खोजेर विभिन्न स्थानमा बसोबास गरेका छन्। कपिलवस्तुमा भदौ ३० पछि बिग्रिएको सामुदायिक सद्भाव कायम गर्ने अधिकारकर्मी नागरिक समाज र सरकारी निकाय दुवै समुदायका बीचमा पटक-पटक अन्तरक्रिया भए, जसका कारण केही हदसम्म सद्भाव पुन:स्थापना भएको छ। तर, अझै पूर्ण विश्वास हुन सकेको छैन। पटक-पटक हुने आपराधिक गतिविधिका कारण पुन: डर-त्रास बढेको छ। कपिलवस्तु घटनापछि पनि उक्त क्षेत्रमा चार/पाँच जनाको हत्या भएपछि थप विश्वासको सङ्कट बढेको देखिन्छ।

राज्यले दङ्गाग्रस्त क्षेत्रमा शान्तिसुरक्षाको मजबुत व्यवस्था गर्न नसक्नु, घटनामा संलग्न रहेका आपराधिक व्यक्तिहरू खुलमखुला रूपमा हिँडडुल गर्ने धम्की दिने गर्नु र त्यस्ता व्यक्तिमाथि कारबाही नहुनुले पनि सद्भाव कायम गर्नमा असजिलो पारेको छ।

गरिब, भूमिसम्बन्धी मुद्दा, दण्डहीनता र द्वन्द्वसँगसम्बन्धी भित्रभित्रै रहेका तनाव र गुनासाहरूका बाबजुद मधेसी-पहाडिया समुदाय हिंसापूर्व मिलेर बसेका थिए। तर, हिंसापछि भने मधेसी-पहाडियाबीचमा अविश्वास बढेको भए तापनि प्रतिकार समूहमा लागेका खास व्यक्तिबाहेक अरूसँग खासै समस्या नरहेको पहाडिया समुदायका व्यक्ति बताउँछन्। मधेसी समुदायका केही व्यक्तिहरू माओवादीको वाईसीएलका गतिविधिदेखि त्रस्त रहेको बताएका छन्।

विस्थापितको अहिलेको अवस्था

पुखौँदेखि बसेको आफ्नो घरबार छाडेर विस्थापित हुनुपरेको दु:खद क्षणलाई स्मरण गर्दै पटक-पटकको आक्रमणको सिकार बन्न परेकाले आफूहरू त्यस ठाउँमा नफर्कने भन्दै करिब १ हजार ७ सय व्यक्ति अझै शिविर र शिविरबाहिर रहेका छन् भने जसमा करिब ५ सयभन्दा बढी भारतमा रहेका छन्। हाल विस्थापितमध्ये १ सय ६४ परिवारका ८ सय २० जना शङ्करपुर तालमा छन्। १७ परिवारका १ सय ९ जना मोतीपुर गाविसको ८ मधुवनी खोला किनारमा र २६ घर परिवारका २ सय १८ जना महेन्द्रकोट गाविसको चाङ्घाट जङ्गलमा विस्थापितले कष्टकर जीवन बिताएका छन्। त्यसै गरी वीरपुर, शिवपुर, पथ्थरदेहिया, गणेशपुर, खुरुहुरियाका गरी मधेसी मूलका ५ सयभन्दा बढी भारतमा विस्थापित छन्, जुनमध्ये केही कपिलवस्तु घटनामा आरोपितसमेत रहेका छन्। शिविर छाडेर जङ्गल, खोला किनारमा बस्दै आएका विस्थापितहरू खान, बस्न र बालबालिकालाई स्कुल पठाउन समस्या रहेको बताएका छन्। ज्याला मजदुरीमा काम गर्दै आएका, ढुङ्गा, गिट्टी, बालुवा चाल्ने काममा लागेका मजदुरहरूले हाल काम नपाएकाले समस्या परेको बताएका छन्। विस्थापितहरूले भोगेका समस्या अत्यन्तै कष्टकर छन्। सुत्केरी हुने महिला, सुत्केरी महिला, बालबालिका, वृद्धहरूले बढी कष्ट बेहोनुपऱ्यो, वर्षा, झरी, घाम, जाडो, चिसो, भोकभोकै बस्न परेको र उपचार नपाएर दु:ख पाएको पीडा उनीहरूका कथा बनेका छन्। कोही आफ्नो देशमा बस्न नसकी अर्काको देशमा बस्नुपरेको छ। उनीहरूका बालबालिकाहरू विद्यालय जान पाएका छैनन्। भदौ ३० को घटनापछि ८ सय ३० भन्दा बढी बालबालिकाहरू प्रत्यक्ष प्रभावमा परेका थिए।

सरकारले विस्थापितहरूलाई पुन:स्थापना गर्न भनिरहँदा अझै पनि विस्थापितहरू फर्कन नचाहेको र उनीहरूले आफूहरूलाई अन्यत्र पुन:स्थापना गर्नुपर्ने माग राखेका छन्। आफूहरू पटक-पटक आक्रमणको निसाना बनिरहेको र फर्किए पनि पुन: भदौ ३० को घटना दोहोरिने आशङ्का रहिरहेको र पछिल्लोपटक हत्याका शृङ्खला बढिरहेकाले कुनै हालतले नफर्कने बताएका छन्। उनीहरूले आफूहरूले जस्तोसुकै कष्ट भोग्न परे पनि सो स्थानमा नफर्काउन सरकारलाई आग्रह गरेका छन्। यदि सरकारले आफ्नो नागरिक ठान्छ भने सुरक्षित स्थानमा व्यवस्थापन गर्नुपर्छ, नत्र बसेको स्थानबाट नहटाओस् भन्ने उनीहरूको माग छ। उनीहरूले राज्यले न शान्तिसुरक्षाको व्यवस्था मिलाउन सक्छ, न क्षति भएको सम्पत्तिको क्षतिपूर्ति दिन्छ, न अपराधीलाई कारबाही गर्छ, त्यत्तिकै पुन:स्थापना गर्छौं भनेर कोही फर्कने अवस्था नभएको विस्थापित बताउँछन्। राज्यबाट आफूहरूले २० देखि ३५ हजार रुपियाँसम्म राहत पाएको बताउँदै सो रकम सकिएकाले परिवार पाल्न समस्या रहेको बताएका छन्। मोतीपुर गाविसको मधुवनी खोलाको किनारमा बसेका विस्थापितहरू गिटी, बालुवा बेचेर ज्यान पालेको भए पनि वर्षाका कारण ढुङ्गा, गिटी, बालुवा बिक्री नहुँदा समस्यामा परेको बताएका छन्। त्यस्तै समस्या महेन्द्रकोटको जङ्गलमा बसेका विस्थापितहरूको पनि छ। कतै मजदुरी पनि नपाउने र घरमा पनि अन्न नहुँदा परिवार पाल्न समस्या परेको बताउँछन्। विस्थापित भएपछि चाडबाड मान्न नपाएको त सामान्य कुरा भयो भन्छन् उनीहरू। कपिलवस्तु घटनाको भदौ ३० गते एक वर्ष पुग्यो, विस्थापितहरूले उक्त दिनलाई कालो दिनका रूपमा मनाए भने शान्तिका लागि नागरिक सञ्जाल र इन्सेक कपिलवस्तुलगायतका अधिकारवादी संस्थाले एक वर्षको समीक्षा र आगामी दिनमा गर्नुपर्ने कामका बारे अन्तरक्रिया गरे। तर, राज्यका निकायले भने कुनै चासोसमेत देखाएनन्, न त कार्यक्रममा नै उपस्थित हुने हिम्मत गरे। यसबाट पनि राज्य गैरजिम्मेवार रहेको देखिन्छ।

लोकतान्त्रिक पद्धतिमा युवाका सवाल

प्रवीण भट्टराई

The CIA World Fact book, U.S. Department of State, Area Handbook of the US Library of Congress ले निकालेको एक प्रतिवेदन अनुसार जुलाई २००७ सम्मको अनुमानित तथ्याङ्कअनुसार नेपालको जम्मा जनसङ्ख्या २ करोड ८९ लाख १ हजार ७ सय ९० थियो। उक्त कुल जनसङ्ख्याको ३८.७ प्रतिशत जनसङ्ख्या १४ वर्ष उमेर समूहका थिए। त्यस्तै, ५७.६ प्रतिशत १५ वर्षदेखि ६४ वर्षसम्मका थिए भने कुल जनसङ्ख्याको ३.७ प्रतिशत मानिस ६५ वर्षभन्दा बढी उमेर समूहका थिए। तसर्थ, यस प्रतिवेदनले पनि के प्रस्ट पार्छ भने नेपालमा युवाहरूको ठूलो समूह रहेको छ। समष्टिगत रूपमा नेपालमा ७० प्रतिशतको हाराहारीमा ४० वर्षभन्दा कम उमेर समूहका मनिसहरू बसोबास गर्छन् भने लगभग कूल जनसङ्ख्याको २० प्रतिशतको हाराहारीमा १५ देखि ३० वर्ष उमेर समूहका नागरिक रहेका छन्।

यस तथ्याङ्कलाई अध्ययन गर्दा नेपालमा रहेको १६ देखि ४० वर्ष उमेर समूहभित्र पर्ने देशका नागरिकलाई नेपाली युवा भनी सम्बोधन गर्नुपर्छ। यस समूहभित्र पर्ने व्यक्तिले नै विभिन्न क्षेत्रमा स्वस्थ ढङ्गबाट योगदान दिनसक्छ। देश सञ्चालनका लागि चुस्त किसिमको प्रशासन संयन्त्रको अवश्यकता पर्छ। देशमा रहेका स्रोत साधनहरूलाई समुचित रूपमा परिचालन गर्न नै सरकारले प्रशासन संयन्त्रको स्थापना गरेको हो। ती स्थापित प्रशासन संयन्त्रमार्फत नै विभिन्न किसिमका सेवा तथा सुविधाहरू जनतालाई प्रदान गर्ने गर्छ। ती प्रशासनहरूलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्नका लागि मुख्य रूपमा मानवीय संशाधनको आवश्यकता पर्छ। यस किसिमको राज्यको खाँचोलाई परिपूर्ति गर्न आधारभूत स्रोत भनेकै युवा समुदाय हो। यस समूहले राज्यको विभिन्न निकायमा संलग्न भएर जनहितका लागि विभिन्न किसिमका कार्यहरू गर्ने गर्छन्। त्यसका अतिरिक्त गैरसकारी क्षेत्रमार्फत विभिन्न समूह तथा झुन्डमार्फत पनि नागरिकप्रति उत्तरदायी हुँदै धेरै किमिमका सेवाहरू प्रदान गरिरहेका छन्। शिक्षा, स्वास्थ्य, उद्योग, व्यापार, सुरक्षा, पर्यटन, कृषि र अन्य क्षेत्रमार्फत युवाहरूले नै अन्य नागरिकलाई सेवा, सुविधा दिइरहेका छन्। त्यसैगरी, वैदेशिक रोजगार पनि देशको प्रमुख आर्थिक स्रोत हो। यस व्यवसायमा पनि युवा जमात नै संलग्न छ। तसर्थ, उनीहरूको सीप, समय र प्रयत्न नै देशको आर्थिक विकासका लागि दिगो स्रोत हो।

चैत २८ गते संविधानसभाको निर्वाचन सम्पन्न भयो। संविधानसभा निर्वाचनपछि देश गणतान्त्रिक व्यवस्था अनुसार सञ्चालन हुने भएको छ। केन्द्रीकृत राज्य व्यवस्था विकेन्द्रीकृत राज्य प्रणालीमा परिवर्तन हुने भएका छन्। सम्पूर्ण लिङ्ग, वर्ग, जातजाति, भाषाभाषी र क्षेत्रका नागरिकको राज्यका विभिन्न निकायमा समान सहभागिता रहने भएको छ। संविधानसभा निर्वाचनपछि राज्य नयाँ दिशातर्फ जानेछ। देश सङ्घीय संरचनामार्फत सञ्चालित हुने छ। जुन संविधानले सम्पूर्ण वर्ग, जातजाति, भाषाभाषीका नागरिकलाई राज्यको मूल प्रवाहमा ल्याउने छ। आत्मनिर्णयको अधिकार सम्पूर्ण नागरिकमा रहनेछ। नयाँ संविधान निर्माणपछि देश आर्थिक रूपमा समुन्नत हुनेछ। सामाजिक रूपमा समाजभित्रका कुरीति र कुसङ्गतिका दायराहरू घट्दै जाने छन्। देशका मानव संशाधनहरू पूर्णरूपमा परिचालित हुनेछन्। स्थानीय स्रोत-साधनको पूर्णरूपमा परिचालित हुनेछ भने राजनीतिक रूपमा देश सञ्चालित हुनेछ। यी मुद्दाहरू कार्यान्वयन गर्नका लागि राजनीतिक दलहरू र सम्पूर्ण नागरिकको महत्त्वपूर्ण भूमिका हुनुपर्छ। साथै, अबको नयाँ राज्य प्रणालीमा जन उपभोगका सम्पूर्ण मुद्दालाई मानवअधिकारको विषयमार्फत सम्बोधन गर्नुपर्छ। यो विचारधारा र अब बन्ने नयाँ राज्य सञ्चालन विधि नै संविधानसभा निर्वाचनमार्फत अधिकांस नागरिकले दिएको महत्त्वपूर्ण म्यान्डेट हो। यो जनादेशको कार्यान्वयन नै लोकतान्त्रिक पद्धतिको अभ्यास हो।

युवा परिवर्तनका संवाहक हुन्। उनीहरू नै विकासका सूचक हुन्। देश युवामा नै निर्भर छ। युवाका प्रत्येक क्रियाकलापले नै देशको आगामी मार्गचित्र प्रस्तुत गर्छ। देश उनीहरूमार्फत मात्र परिचालित हुन्छ। उनीहरूकै कारणले गर्दा पनि देशलाई दूरगामी असर पर्छ।

आर्थिक उन्नतिबिना देश समुन्नत हुनसक्दैन। आर्थिक रूपमा देश समुन्नत हुन उद्योग व्यवसायको समृद्धि आवश्यक छ। त्यसैगरी, युवा उद्योग सञ्चालनका लागि प्रमुख जनशक्ति हुन्। उनीहरू नै राम्रा व्यवसायी हुन्। युवाले नै स्थानीय स्रोत साधनहरूको उचित ढङ्गले प्रयोग र परिचालन गर्न सक्छन्। सहकारी, वित्त र बजार व्यवस्थापनजस्ता व्यवसाय प्रवर्धनका लागि अत्यावश्यक विधिको सही तरिकाले परिचालन तथा प्रवर्धन गर्ने कार्यमा पनि युवा जोश र सीपले महत्त्वपूर्ण स्थान लिएको छ। ग्रामीण स्थानमा उद्योग तथा व्यवसायको स्थापनामा पनि युवाको भूमिका रहेको छ। उनीहरूलाई समय तथा कामको प्रकृति अनुसार व्यवस्थापकीय ढङ्गबाट परिचालन गर्नु नै युवाशक्तिको सही अर्थमा सम्मान हुन्छ।

२ सय ३८ वर्षको लामो इतिहास बोकेको राजतन्त्रात्मक राज्य व्यवस्थाको अन्त्य भई देश संविधानसभाको निर्वाचनपछि देश गणतान्त्रिक व्यवस्थातर्फ उन्मुख भएको छ। यो राज्यव्यवस्थाको परिवर्तन पनि लोकतान्त्रिक पद्धतिको सुरुवात हो। सोही परिवर्तनलाई आत्मसात् गर्दै नेकपा माओवादी पार्टीको नेतृत्वमा नयाँ सरकारको गठन पनि भइसकेको छ। देशमा व्याप्त रहेको गरिबीको अन्त्य, पुरानो कृषि प्रणालीमा सुधार, बेरोजगारी समस्याको अन्त्य, असमान र भेदभावपूर्ण सामाजिक जीवन शैलीको अन्त्य, अपर्याप्त भौतिक पूर्वाधारको पुन:निर्माण, भ्रष्टाचाररहित प्रशासन संयन्त्र, शैक्षिक गुणस्तरमा सुधार गुणस्तरीय कार्य वातावरणको सुनिश्चिता र अन्य यस्तै किसिमका जनसरोकारका मुद्दाहरू नयाँ नेपाल निर्माणका प्रमुख सर्त हुन्। यी सर्तहरूको कार्यान्वयनका लागि देशमा

राजनीतिक स्थिरता आवश्यक छ। शान्ति सुरक्षाको प्रत्याभूति पनि सरकारले नागरिकलाई दिनुपर्ने हुन्छ। अर्कोतर्फ, हालै बजेटमा उल्लिखित भएका कार्यक्रमहरूको कार्यान्वयन कसरी हुन्छ, त्यो पनि नयाँ नेपालको प्रमुख चुनौती हो। यी सबै मुद्दाहरूमा युवा नै प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न हुने गर्छ। तसर्थ, युवा सहभागिताबिना नयाँ नेपालको सम्भव छैन।

युवा जुनसुकै भूमिकामा पनि आफूलाई समायोजन गर्नसक्छ। कुल जनसङ्ख्याको ४० प्रतिशतको हाराहारीमा रहेका युवाहरू वास्तवमा राज्यबाट अपहेलित भएका छन्। उनीहरू अधिकार लिनबाट वञ्चित भएका छन्। उनीहरूले प्राप्त गर्ने शिक्षा अपुग छ, जसको कारणले प्रत्यक्ष रूपमा देशको राष्ट्रिय आम्दानीमा नकारात्मक असर पुगेको छ। मुद्रा स्फीतिको दर बढ्दो छ, जसले गर्दा नागरिकको क्रयशक्ति घट्दै गएको छ। तसर्थ, युवामा रहेको अन्योल युवा बेरोजगारी हो। अर्कोतर्फ, उनीहरूको सीप तथा ज्ञानका आधारमा राज्य तत्कालै उनीहरूलाई रोजगार दिन असमर्थ छ। तसर्थ, युवाका समस्याहरूलाई राज्यले पूर्ण रूपमा सम्बोधन गर्न सकेको छैन।

हाम्रो समाज जातपात र धर्ममा विश्वास गर्छ। यो प्रथा लोकतान्त्रिक व्यवस्था स्थापना गर्ने उद्देश्यको ठीक बिपरीत छ। तसर्थ, नयाँ राज्य व्यवस्थामा सबै जातजाति, वर्ण तथा सम्प्रदायका मानिसबीच सुमधुर सम्बन्ध स्थापित गर्नुपर्छ। यदि हामी हाम्रा आनीबानीमा सुधार नल्याउने हो अथवा हामीले सिक्दै आएका पुरानै रीतिथितिलाई अनुसरण गरी हाम्रो जीवनलाई अगाडि बढाउने हो र नयाँ लोकतान्त्रिक राज्य व्यवस्थाको परिकल्पना गर्ने हो भने यो सम्भव छैन। त्यसैले, देशलाई अग्रगामी दिशातर्फ अगाडि बढाउन र राज्यमा नयाँ व्यवस्था अनुसारको परिवर्तनको अनुभूति प्रत्येक नागरिकलाई गराउन सर्वप्रथम युवालाई नै नेतृत्व तहमा पुऱ्याउन सबै नागरिकले सहयोग गर्नुपर्छ। नेतृत्वमा पुगेको युवा इमानदार र जिम्मेवार हुनुपर्छ। त्यस्तै, युवाको नेतृत्वबिना देश तथा समाजको परिवर्तन हुन सक्दैन। अबको नयाँ राज्य परिपाटीमा युवाका सम्पूर्ण समस्याहरूको हल गर्नुपर्छ। राज्यले युवाको क्षमता अविवृद्धिका लागि आवश्यक समितिहरू गठन गरी सो समितिले आवश्यक नीति नियमहरूको निर्माण गरी उनीहरूलाई एउटा असल बाटोमा ल्याई सोही बाटोमार्फत उनीहरूका पाइलालाई अगाडि बढाउनु नै लोकतान्त्रिक पद्धतिको एउटा महत्त्वपूर्ण उपलब्धि हो।

देश परिवर्तनको यस महान् कार्यमा युवा केन्द्रमा रहन्छ। त्यसैगरी, अबको नयाँ राज्य व्यवस्था जनसरोकारका विषयमा जनताप्रति उत्तरदायी र जवाफदेही बन्नुपर्छ। राज्यको प्रशासन संयन्त्र चुस्त र प्रभावकारी बन्नुपर्छ। ती नयाँ प्रशासनिक निकायहरू भ्रष्टाचाररहित बन्नुपर्छ। अबको देश एक निश्चित पद्धतिअनुसार विधिको शासन अन्तर्गत चल्नुपर्छ। सुशासनको प्रत्याभूति प्रत्येक नागरिकले महसुस गर्नुपर्छ। देशभित्र रहेका प्राकृतिक स्रोतसाधनहरू विकेन्द्रीकृतको सिद्धान्त अनुसार चल्नुपर्छ। युवालाई विकासको मूल प्रवाहमा ल्याइनुपर्छ। देशको राजनीतिक, आर्थिक र सामाजिक रूपान्तरणका लागि युवालाई अग्रपङ्क्तिमा सारिनुपर्छ। युवाको ऊर्जालाई देश विकासमा लगाउन अवश्यक पर्ने प्रभावकारी रणनीति र तदनुसारका कार्यक्रमहरू ल्याइनु पर्छ। अब नयाँ नेपालमा लोकतान्त्रिक पद्धतिको अभ्यास हुनुपर्छ। त्यसका लागि सर्वप्रथम नयाँ राज्य संरचनामा युवाको सहभागिता सुनिश्चित हुनुपर्छ।

मानवअधिकारका विविध सवालहरू समेटेर तयार पारिएको

मानवअधिकार शिक्षा कार्यक्रम रेडियो नेपालबाट हरेक शनिवार बिहान ८:२५ बजे

०६४ साल साउन १३ गतेदेखि मानवअधिकार शिक्षा कार्यक्रम
स्थानीय एफ एम हुक्मा पनि

कोशी एफ एम, इटहरी
रेडियो जनकपुर, जनकपुरधाम
नारायणी एफ एम, वीरगञ्ज
प्रतिध्वनी एफ एम, बालुवा
उज्यालो एफ एम, काठमाडौं
पोखरा एफ एम, पोखरा
रेडियो मदन पोखरा एफ एम, पाल्पा
रेडियो लुम्बिनी, रुपन्देही
रेडियो स्वर्गद्वारी एफ एम, धौराही बाड
बुलबुले एफ एम, सुर्खेत
रेडियो मध्यपश्चिम, बाड र
घोडाघोडी एफ एम, कैलाली

हरेक आइतबार बिहान ७:३० बजेदेखि ८ बजेसम्म एकै समयमा प्रसारण हुँदैछ ।
सुन्न नभुल्नु होला ।

मानवअधिकार तथा सामाजिक न्यायका लागि
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
सुचाटार, कलंकी, काठमाडौं
पो.ब.नं. २७२६, फोन : ४२७८७००, फ्याक्स : ४२७०४५१ इमेल : insec@insec.org.np वेबसाइट : www.inseconline.org

नयाँ नेपालमा समावेशीकरणको प्रश्न

सुप्रभा घिमिरे
सभासद्, नेपाली काङ्ग्रेस

राज्यको समान स्रोत र साधनको व्याख्या गरिनुपर्छ। आत्मनिर्णयको अधिकारको कुरा प्रस्ट रूपमा ल्याउनुपर्छ। सङ्घीयताको कुरा व्यापक रूपमा उठिरहेका सम्बन्धमा महिलाहरूलाई सम्बोधन गर्न कानुनी रूपमै उल्लेख गर्न पहल गर्नेछु। पछाडि पारिएका महिलाहरूको समान प्रतिनिधित्वको कुरा जुन उठिरहेको छ, सीमान्तकृत समूहका महिलालाई कसरी राज्यको मूल प्रवाहीकरणमा ल्याउने भन्ने कुरा मैले संविधानसभामा उठाउने छु। शिक्षा र स्वास्थ्यमा महिलालाई बढी ध्यान दिनुपर्छ। महिलाको अवस्था दयनीय हुने भएकाले प्रसूतीका कुराहरू छन्, त्यहाँ महिलाको निःशुल्क उपचारको व्यवस्था हुनुपर्नेमा जोड दिनेछु।

शान्ति अधिकारी
सभासद्, नेकपा (एमाले)

राजनीतिक प्रक्रियामा महिलाको कुरा उठाउनुपर्छ, जुन कुरा छुटेको छ। सामन्ती प्रवृत्ति नहटेकै कारण सामन्ती प्रवृत्ति अहिले पनि देखापरेको छ। बाहुनवाद भन्दा सोचलाई दोष दिनुपर्छ। जनजातिमा पनि सबै तल परेका छैनन्, दुःख पाएका बाहुन पनि पछाडि परेका छन्। यी सब सामन्ती प्रवृत्तिकै कारण हो। समावेशीकरणको कुरा उठाउँदा राजनीतिमा महिलालाई कसरी समावेशीकरण गर्ने र त्यसमा पनि पछाडि पारिएका महिलाको कुरा कसरी उठान गरिने भन्ने कुरामा जोड दिने छु। पार्टी सदस्यता, सहभागिताका लागि सबै महिला लाग्नुपर्छ। सामन्ती प्रवृत्तिका कारण योग्य महिला हुँदाहुँदै पनि पछाडि पारिन्छ। संविधानसभाको क्रममा समान अधिकारको कुरा उठेकाले राज्यको हरेक संयन्त्रमा ५० प्रतिशत महिलाको सहभागिताको कुरा अब बन्ने नयाँ संविधानमा उठाइनेछ।

केशव मैनाली
सभासद्, चुरेभावर एकता समाज

सबभन्दा त 'एक मधेस एक प्रदेश'को विपक्षमा आवाज उठाउने छु। तराई कहिल्यै मधेस हुन सक्दैन। चुरेभावर समुदायको हकअधिकारका लागि आफू यहाँसम्म आएकाले त्यो समुदायका हकअधिकारका लागि अब बन्ने नयाँ संविधानसभामा समेट्ने प्रयास हुनेछ। राज्यको हरेक अङ्गमा पछाडि पारिएका समुदायको प्रतिनिधित्वको सुनिश्चितता अब बन्ने नयाँ संविधानमा हुने भएको छ। ब्राह्मणवाद हरेक क्षेत्रमा हावी भएको छ। दलित-दलितभित्र विभेद छ। बाहुनलाई मात्र गाली गरेर हुँदैन, आफूभित्रै पनि हेर्न र परिवर्तन गर्न जरुरी छ। सबै एक भएर सकारात्मक सोचका साथ अगाडि बढे सबै समस्या समाधान हुन्छ।

सुनीलबाबु पन्त
सभासद्, नेकपा (संयुक्त)

विभेदका आधारहरूमा तेस्रो लिङ्गीय पनि एक हो। नेपालीलाई नागरिकताविहीन बनाइनु हुँदैन। त्यो कुरा पनि उठाइनेछ। शिक्षा, स्वास्थ्य सबैले समान रूपले पाउनुपर्ने कुरामा बढी जोड दिनेछु। आत्मनिर्णय र पहिचानको कुराको विभेद पितृसत्तात्मकमा छोराछोरीको नाम बुबासँग जोडिन्छ। आमाको नाममा देखिँदैन, यसलाई राजनीतिक रूपले हेर्नुपर्छ। राज्यमा जनजाति, आदिवासी, दलित, मधेसीको सवालमा पनि आफूले त्यहीँ बसेर भए पनि सहयोग गर्नेछु। तेस्रो लिङ्गीयबाट आफू प्रतिनिधित्व हुने एक मात्र सभासद्को हैसियतले यसको पहिचानका लागि पनि आवाज उठाउने र अति पछाडि पारिएका समुदायको राज्यको हरेक संयन्त्रमा समान सहभागिताको कुरालाई जोडदार रूपमा उठाइने छ।

कल्पना धमला
सभासद्, नेकपा (माओवादी)

राजनीतिक प्रक्रिया हेर्दा सामन्तवाद ज्यूँका त्यूँ छ। आफूले जित्दा प्रजातान्त्रिक पद्धति मान्ने तर हार्दा नमान्ने प्रवृत्ति हावी भएको छ। सामन्तवादको उन्मूलन हुनु जरुरी छ। अनि मात्र नेपाली महिलाको समान सहभागिता सम्भव छ। अहिले राजनीतिक विभेद छैन, लैङ्गिक विभेद छ। समावेशी होइन, समानुपातिक प्रतिनिधित्वको जरुरी छ। सबै जातीय, क्षेत्रीय, लैङ्गिक हुनुपर्छ। सङ्घीय लोकतान्त्रिकमा लैङ्गिक कुराको बहस चलाउनुपर्छ। संविधानसभाको निर्वाचन नभए समानताको कुरा आउने थिएन। आरक्षण होइन, समानताको कुराका लागि आफू लड्ने छु। आरक्षणभित्र पनि आरक्षणको माग गरिनेछ। विभेद सकारात्मक हुँदैन। सेना, राज्यसत्तामा महिलाको समान सहभागिताका लागि महिलाहरू एक भएर लाग्ने छौँ।

विश्वेन्द्र पासवान
सभासद्, दलित जनजाति पार्टी

सभासद् भएर पनि आफूले बोलेको कुराको सुनुवाइ संविधानसभाको बैठकमा नहुँदा दुःख लागेको छ। दलित सवालमा सबै दलित सभासद्हरूले आफूलाई सहयोग गरे दलितका सवाल अब बन्ने नयाँ संविधानमा समेट्न सकिनेछ र यस कार्यमा लागि गृहकार्य जारी राखिएको छ। आरक्षणको कुरा उठेका छ। वर्गविहीन जनजाति, मधेसी-मधेसीमा पनि दलित, महिलाका बारेमा आवाज उठाइनेछ। मधेसमा तलाक, घुँघट, दहेज, बोक्सीजस्ता प्रथा हाबी छन्। तराईमा बसोबास गर्ने समुदायमध्येका मुसहरहरूको आफ्नो जमिन छैन। भूमि क्रान्तिका कुरालाई संविधान निर्माणका क्रममा उठाइनेछ।

कलावतीदेवी दुसाध
सभासद्, मधेसी जनअधिकार फोरम

मधेसी, जनजाति र आदिवासीलाई सदियौँदेखि पछाडि पारेर राखिएकाले अब त्यसो गर्न नदिनका लागि जनताले यहाँसम्म पुऱ्याएका हुन्। मधेसी, दलित, जनजाति, आदिवासीमा पनि पछाडि पारिएका समुदायलाई अबको २१औँ शताब्दीमा उपल्लो दर्जाले पछाडि पार्न सक्दैन र यी समुदाय अब उठेका छन्,

आ-आफ्ना हकअधिकारका लागि। तसर्थ, अब बन्ने नयाँ संविधानमा यी समुदायका अति पछाडि पारिएका सीमान्तकृत समुदायका सवाललाई संविधानसभामा उठाउने छ। राजतन्त्रलाई फाल्ने काम गरिएको छ। अब सामन्तवादलाई पनि फालेर समतामूलक समाजका लागि अधिकार लडेरै लिनेछौं। मधेसमा अहिले पनि मधेसी महिलालाई विभेद गरिन्छ। दहेज प्रथा, बोक्सी प्रथा, घुँघट प्रथाजस्ता अनेकन कुरीतिहरू मधेसमा छन्, जसका कारण त्यहाँका महिलाहरू मधेसी पुरुषहरूबाट पनि मानसिक तथा शारीरिक हिंसाबाट प्रताडित छन्। तिनीहरूको हकअधिकारका लागि अब बन्ने नयाँ संविधानमा उठाउने र मधेसमा पनि महिला र पुरुषको समानतालाई कायम गर्न पछाडि कदापि हट्ने छैन। मधेसी दलितहरूलाई राज्यका हरेक अङ्गमा पछाडि पारिएको छ। त्यसका लागि समेत संविधानसभामा आवाज उठाउनेछु।

पुरनसिंह दयाल

सभासद्, नेकपा (एमाले)

विशेष अधिकार, सामाजिक तथा आर्थिक अधिकारको संरक्षणका लागि प्रस्ट मार्गचित्र, छुवाछूतजस्ता अन्य भेदभावविरुद्धका मान्यता नियन्त्रणका लागि प्रस्ट र ठोस व्यवस्था, राजनीतिक तथा अन्य विभिन्न संयन्त्रमा दलितको सारभूत प्रतिनिधित्वका लागि विशेष व्यवस्था, निर्वाचन पद्धतिलाई समावेशी बनाउने किसिमले प्रस्ट व्यवस्थाका साथै कतिपय कुरालाई सापेक्षित रूपमा हेर्दै यी सवालमा वैज्ञानिकता ल्याउने कार्य गर्न अब बन्ने नयाँ संविधान निर्माणका क्रममा आफ्नो दायित्व प्रमुख रहने बुझेको छु।

जितेन्द्र सोनल

सभासद्, तराई मधेस लोकतान्त्रिक पार्टी

अन्तरिम संविधान आफैंमा त्रुटिपूर्ण रहेको छ। यो हाम्रो गाइडलाइन भएको हुनाले यसलाई समावेशी बनाउनुपर्छ। समावेशीकरणका विषयमा हुने विभिन्न गोष्ठीका महत्त्वपूर्ण बुँदाहरूलाई सरकारले स्वीकार गरी भावी संविधानसभामा उल्लेख गरिनुपर्छ। नियति स्पष्ट नभएसम्म समावेशी सम्भव छैन। कुर्सी जोगाउने नियम-कानुन विगतमा नेतृत्वमा बसेकाले गरेको हुँदा पनि समावेशी नभएको अवस्थामा बन्ने नियम-कानुन कुर्सी टिकाउने प्रकारले नबनाएको अवस्थामा समावेशी सम्भव हुनसक्छ। नेतृत्वमा एकाधिकारवाद हाबी भएको अवस्थामा त्यो हट्नुपर्ने हुन्छ। राज्यका मूलधारबाट पाखा पारिएकाहरूलाई जबसम्म नीति निर्माणको तहमा ल्याउने संविधान बन्दैन, तबसम्म समावेशी सम्भव छैन। देशको मूल कानुन नै समावेशी बन्दैन भने देशले विकासको गति लिन सक्दैन।

बीपी यादव

सभासद्, मधेसी जनअधिकार फोरम

संविधानसभामा ३३ प्रतिशत महिलाका लागि कोटा छुट्याए पनि अहिले ३३ प्रतिशतभन्दा बढी महिला सभासद् भएका छन्। यसले समावेशीको लहर आएको देखिन्छ। तुरुन्तै पूर्ण समावेशी गर्न पनि सकिँदैन र गाह्रो पनि छ। अहिलेको संविधानसभालाई हेर्ने हो भने समावेशीको प्रक्रियामा नेपाल विश्वमा सबैभन्दा अगाडि छ। पार्टीभित्र आन्तरिक प्रजातन्त्र र लोकतन्त्र नभएकै कारणले समावेशी सम्भव नभएको हो। कुनै पनि पार्टीमा बाहुनवाद, मधेसकै पार्टीमा कुनै जातको बाहुल्य रहेकाले त्यसमा केही सङ्कीर्णताहरू छन्। तर, हामीहरू प्रयासरत छौं। मधेसी जनअधिकार फोरमलगायतका केही दलले पछाडि परेका केही समुदायलाई अगाडि ल्याएका छन्। इतिहासमै नभएको कुरा अहिलेको संविधानसभामा देखिएको छ। जुन विभेदहरू नेपालमा रहेका थिए, ती समाप्त नभए पनि समाप्त हुने चरणमा रहेका छन्। भाषिक विभेद, जातीय विभेद, राजनीतिहरू, छुवाछूतका विभेदहरू थिए, ती समाधान गर्ने प्रक्रियामा हामी रहेका छौं। भारत र अमेरिकामा पनि विभिन्न प्रकारका विभेदहरू रहेको अवस्था छ। तर, नेपालमा यति छिटो समावेशीको मुद्दाले स्थान पाउला र समावेशी होला भन्ने सोचिएकै थिएन। तर, त्यो संविधानसभामार्फत भएको छ। राजनीतिक दलका आफ्ना मान्यता हुन्छन्। जिम्मेवारी र कार्यभार पूरा नगरेको अवस्थामा पूर्ण समावेशी हुन गाह्रो हुन्छ। तर, प्रक्रिया भने सुरु भएको छ।

निलम बर्मा

सभासद्, मधेसी जनअधिकार फोरम

राजनीतिक दलहरू विस्तारै समावेशी हुँदै गएका छन्। यो हाम्रो आन्दोलनको परिणाम हो। संविधानसभाको प्रक्रियामा पनि समावेशीको कुरालाई लैजानुपर्छ। सबै जातजाति, लिङ्ग, भाषा, धर्मलाई आधार मानेर समावेशी गर्नुपर्छ। संविधानसभामा प्रतिनिधित्व नभएका वर्गको चाहनालाई पनि संविधानसभामार्फत सम्बोधन गरिनुपर्छ। अबको संविधानमा सबैको आवाज समेट्न सकिएमा नयाँ नेपाल बन्न सक्छ।

रुक्मणी चौधरी

सभासद्, सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च

जातीय जनसङ्ख्यालाई आधार मानी राज्यका हरेक तह र तप्कामा समावेशी गरिनुपर्छ, जुन अहिलेसम्म भएको छैन। हाम्रो अडान समावेशी हुनुपर्छ भन्ने नै हो। अन्तरिम संविधान बनाउँदा पनि विभेद भएको देखिन्छ। त्यसमा सानो पार्टी र ठूलो पार्टीबीच विभेद देखियो। हाम्रो पार्टीको मान्यता भनेको ठूलो र सानो पार्टी भनेर विभेद गर्न पाइँदैन। चाहे ठूलो होस् वा सानो, त्यहाँ पुगेर हरेक वर्ग र तहका मानिसले आफ्नो विचार राख्न पाउनुपर्छ। जातीय जनसङ्ख्याका आधारमा ऐतिहासिक पृष्ठभूमिलाई आत्मसात् गर्दै आत्मनिर्णयसहितको स्वायत्त गणराज्य हुनैपर्छ। यो भएमा अहिले देखिएको असमावेशी हटेर जान्छ। होइन भने समावेशीका लागि जति आवाज उठाए पनि त्यो सम्भव देखिँदैन।

हेमराज तातेड

सभासद्, मधेसी जनअधिकार फोरम

समावेशी गर्नुपर्छ भन्नु नै समावेशी नभएकाले नै हो। समावेशी समाज भएको भए यो प्रश्न नै उठ्ने थिएन। यो प्राकृतिक र स्वाभाविक विषय हो। यसलाई कुनै दलले रोक्ने कोसिस गरे

भने त्यो दल इतिहासको पानामा सीमित रहन्छ। जुन वर्ग राज्य शक्तिमा नीति निर्माण तहमा छैन, उसले आफ्नो अधिकार खोज्छ। गणेशमान सिंहले भनेको जस्तो कुकुरले पुच्छर चलाउनुपर्नेमा पुच्छरले कुकुर चलाएको अवस्था छ। कुनै दलले आफूलाई नेपालीको दल भनेर चिनाउँछ भने त्यो दल आफैँमा समावेशी हुनैपर्छ। आफ्नो अस्तित्व बचाउनका लागि दलले आफूलाई समावेशी नबनाईकन सुखै छैन। समावेशीको विषय पछाडि पारिएको वर्गलाई जति आवश्यक छ, त्यसभन्दा बढी जरुरी समावेशीकरण नभएका दलहरूलाई छ।

शम्भुहजार पासवान
सभासद्, नेपाली काङ्ग्रेस

सबभन्दा बढी शोषितमा मधेसी दलितहरू परेका छन्। उनीहरू राज्यको नीति निर्माण तहमा पुग्न सकेका छैनन्। अझ मधेसी दलित महिलाको अवस्था झन् कमजोर छ। उनीहरूलाई कसरी समावेशी गराउने भन्ने विषय अहिले बढी महत्त्वको विषय हो। अहिलेको संविधानसभाको निर्वाचनमा मधेसी दलितको उपस्थिति उत्साजनक छ। दलित समुदायबाट संविधानसभामा ४९ जना सहभागी रहेका छन्। जसले तोडफोडको राजनीति गऱ्यो, उसको आवाज सुनियो। तर, शान्तिपूर्ण आन्दोलन गर्ने दलितको आवाजको कुनै सुनुवाइ भएन। यसले पनि समावेशीकरणका लागि अप्ठ्यारो परेको अवस्था छ। दलित अधिराज्यभरि छरिएर बसेका छन्। बहुमतको कदर गर्ने, बहुमतले विजय गराउने परिपाटी छ। दलितलाई राज्यले सामाजिक विभेद गरेको छ। दलित सहभागितका लागि विशेष अवसरका साथ आरक्षणको व्यवस्था गरिनुपर्छ। अनि मात्र राजनीतिक दल र राज्य संरचना नै समावेशीकरण बन्न सक्छ। समावेशीकरणका लागि आरक्षण व्यवस्था राज्यले नगर्दासम्म सम्भव छैन।

– गोपीकृष्ण भट्टराई

कविता

उधिन्नुपर्थ्यो चिहानहरू : शाषकीय मनहरू

– अग्निशिखा

तो, जो बेपत्ता छन्
तिनीहरू मात्र बेपत्ता छन् या
तिनीहरूसँगै बेपत्ता छ
यस देशको कानुन
यस देशको संविधान,
यस देशको राज्य-संयन्त्र ?

मेची-कालीको सुसेली
लेक-वेंशीका सिरेटो
गोधुली साँझको क्यान्भास्
सूर्योदयको रक्तिम क्षितिज
तिनीहरूको लागि पनि थियो-
ती, जो बेपत्ता छन्
तिनीहरू मात्र बेपत्ता छन् या
तिनीहरूसँगै बेपत्ता छ
यस देशको ढुक्ढुकी ?

ती व्याटमिन्टनका कर्क थिएनन्
जसलाई पटक-पटक
यताबाट उता
उताबाट यता हानियोस्
धुजा-धुजा पारियोस्
र, फालियोस् कुनै अँध्यारो कुनामा-
ती, जो बेपत्ता छन्
तिनीहरू मात्र बेपत्ता छन् या
तिनीहरूसँगै बेपत्ता छ
यस देशको गरिमा ?

आमाहरूले र दिदी बहिनीहरूले
यसकारण तिनको आङमा तेल घसेका थिएनन् कि
त्यही आङमा कुनै दिन, कुनै निर्दयी हातले
कोर्रा बर्साओस् र निलडाम परोस्,
बुबाहरूले र काकाहरूले
यसकारण तिनलाई कसेर छातीमा अँगालो
मारेका थिएनन् कि
त्यही छातीमा कुने दिन कुने पैचाशिक
हातले
गोली हानोस् र त्यो मानव ज्यान
ढलोस्-
ती, जो बेपत्ता छन्
तिनीहरू मात्र बेपत्ता छन् या
तिनीहरू सँगै बेपत्ता छ
यस देशको अस्मिता ?

खोतल्नु पर्थ्यो जमिनका पत्र-पत्र
वन, जङ्गल र झाडीहरू
भूमिगत तलाहरू, कोठाहरू
उधिन्नु पर्थ्यो ठूलो दरबार,
मझौला र साना दरबारहरूमा
तर जब प्रजातन्त्र र मानवअधिकार
सरकार, संसद र नयायालय
किंकर्तव्यविमुढ छन्, लाचार छन्-
ती जो बेपत्ता छन्
तिनीहरू मात्र बेपत्ता छन् या
तिनीहरूसँगै बेपत्ता छ
जन-आनदोलनको मर्म ?

(प्राची द्वैमासिक, २०५७ माघबाट)

ऐंजेरू

डा. राजेन्द्र विमल

शुभ्र हिमखण्डले निर्मित बाल-प्रतिभा जस्ती सेतो परेवाजस्ती, स्वच्छ जलराशिमा फुलेको श्वेतकमल जस्ती, दुग्ध-धवल स्फटिकले बनेको बाल-आकृति जस्ती, अथवा भनुँ, पावस ऋतुको अविरल वर्षामा नुहाएको कुनै हरितिमामय निर्भूत कानुनमा बुर्कुसी मार्दै खेल्ने-रमाउने सानो, सेतो खरायो जस्ती-कल्पिता - ऊ आँगनमा आउनासाथ अकस्मात ऋतुपरिवर्तन भएर वसन्त आएको र हजारहजार चराचुरुङ्गी चिर्विर-चिर्विर कलरव गर्न थालेको मधुर अनुभूतिमा म डुब्ने गर्थे र सडकमा पनि हिँड्ने होइन, उफ्रिदै जाने रे। झोला बोकेका केटीहरूको बथानमा डब्बा बनाई आफू इन्जिन बनी रेलजस्तै दौड्दै दिनहुँ स्कूल गइरहेकी कल्पितालाई झल्झली सम्झन्छु म-".....पी-पी-पी-पी... छुक्छुक् छुक्छुक् पी-पी...।"

कल्पिता मेरो मित्र प्रभु ढुङ्गेलकी छोरी छे, तर मलाई मेरै छोरीको अनुभूति दिएकी छे। त्यसले मैले त्यसलाई जन्मिएकी, पलपल बढ्दै गएको देखेको छु र मेरो काँधमा बसी, बुइँ चढी त्यसले अनगिन्ती पटक मलाई घोडा बनाएकी छे- हट् घोडा हट् - ... त्यसैले बाह्र वर्षी उमेरमा पनि ऊ मेरो बुई चढ्न सक्छे, मेरो खल्बाटमा तबला बजाउन सक्छे, मेरो घ्याम्पे भुँडीमा बक्सिङको अभ्यास गरिरहन सक्छे।

मलाई मेरो करेसाबारीलाई एउटा सानोतिनो फूलबारीको रूपमा सजाउने सोख छ। थरीथरीका फूलहरूका विरूवा मैले मेरै हातले रोपेको छु। आँप, अम्बा, लिचीका दुई/दुईवटा रूखहरू पनि झ्याम्मिएका छन्। जानुभन्दा लगभग दुई महिना अगाडि जब त्यो आएकी थिई, म मल्लिका आँपको रूखको जरामा पहेँलो माटो हालिरहेको थिएँ। रूख चार हात जत्ति अग्लो होला। नर्सरीबाट किनेर ल्याएको थिएँ। यस सानो रूखमा पनि आँप लटररम्म भएर फल्छ। कल्पिता कुन्नि कताबाट छुक्छुक् ... छुक्छुक् गर्दै, कुद्दै आई र मेरा आँखा छोपिहाली। मैले त थाहा पाइसकेको थिएँ र तैपनि नचिनेको स्वाङ् गर्दै श्रीमतीको नाउँ लिएँ- "वीणा ... त्यो खिति‌तिती गरी हास्न थाली र पर भागेर चिढाउन थाली- "अङ्कल, हजुरले त छोरीलाई पनि चिनिसिन्न र ... आजदेखि मेरो नाउँ वीणा, आन्टीको नाउँ कल्पिता। ..." मैले पनि एकछिन रमाइलो गर्न उद्देश्यले त्यसलाई लखेटें- "सैतान ! पर्ख तँलाई..." उसले रूखहरूको आड लिई मलाई फूलबारीमा सात फन्को घुमाई। वीणा यो सबै हेर्दै थिई। थाक्ली भनेर वीणाले पछाडिबाटै कल्पितालाई झ्याप्प समाई र फरियाको आँचलले त्यसको निधार र मुखभरि आएको पसिना पुछिदिई- "छोरी, तँ अब ठूली भइस् र अझै अङ्कलसित केटाकेटीजस्तै लुटुपुटु गर्दा अरूले के भन्छन् ?" त्यो फेरि खितितिती हाँसी- "हामी बाबुछोरीको बीचमा बोल्ने को ? ... म त मुद्दा ठोक्छु।" मलाई हाँस्नो उठ्यो।

म मल्लिकाको रूखमुनि फर्कर आइसकेको थिएँ। कल्पिता र वीणा पनि त्यहाँ मुसुमुसु हाँस्तै आइपुगे। मल्लिकाको एउटा हाँगोमा मेरो दृष्टि पुगेको थिएन। त्यहाँ एउटा ऐंजेरू उम्रिएको रहेछ। कल्पिताको दृष्टि त्यहाँ पुग्यो। कराई- "अङ्कल, अङ्कल रूखमाथि रूख उम्रियो" मैले भनें- "होइन बेटा, त्यो ऐंजेरू हो। त्यो परजीवी हुन्छ। आँपको रूखको छातीमा उम्रेर त्यसैको रस सोसी झ्यामिन्छ र। माटोमा यसको जरै हुँदैन।"

"ए, यस्तो अर्काको रस सोस्ने, माटामा जरा नहुने ऐंजेरूलाई त लुछेर फाल्नुपर्छ।" भनी र मेरो अनुमतिको प्रतीक्षा गर्दै नगरी त्यसले उफिईउफिई त्यस परजीवी वनस्पतिलाई लुछेर फालिदिई।

यता घरैपिच्छे मधेसवादीहरू च्याउझैं उम्रिन थाले। मधेसको हावामा एउटा विष बैरियो-साम्प्रदायिकताको विष। विषको मात्रा बढेर मर्ने-मार्ने कम बढ्यो। पहाडेको घरमा ढुङ्गा बर्सिन थाले। पसलहरू लुटिए। रातिराति फोनमा धम्की दिन थालियो। भर्खर अस्तिको कुरा हो- कल्पिताका पिता र मेरा सहोदरसदृश मित्र प्रभु ढुङ्गेल अकस्मात् आइपुगे। उनी असाधारणरूपमा अत्तालिएका थिए। कोठामा आएर सोफामाथि नबसी भुँइमा ओछ्याइएको सतरञ्जामाथि लम्पसार भई पल्टिए। पसिनाले कमिज ल्याफल्याफ्ती भिजेको थियो। अझै स्याँस्याँ गर्दै थिए। प्रभुको यो अवस्था देखी वीणा पनि आत्तिई। गिलासमा चिसो पानी लिएर आई र ख्वाउन थाली। प्रभु जब अलिक आश्वस्त भए, उनका आँखाबाट आँसु झर्न थाले। बडो बल गरी बोले- "यार, मैले एउटा डरलाग्दो सपना देखें।...मलाई मधेसवादी आन्दोलनकारीहरूले घेरे। मेरी श्रीमती दुर्गाको टाउको लट्ठी लिएर फोडे। ... उसको रगतको फोहोरा छुट्दै गऱ्यो। म र कल्पिता भाग्यौं। ... एउटाले कल्पितालाई पछाऱ्यो र ..." यसपछि उनी केही बोल्न सकेनन्। फेरि हिक्का छाडी रून थाले। केहीबेरपछि फेरि बल गरी बोल्न थाले- "तपाईंलाई हामीले साथीसँगै दाजुको पनि दर्जा दिएका छौं।... जब यी मधेसीहरूले हामीलाई लखेट्दै थिए, हामी जेनतेन तपाईंको शरणमा पुग्यौं। तपाईं ढोकामा उभिएर रमिता हेर्दै हुनुहुन्थ्यो। हामीलाई देखेर तपाईंले ढोका त खोलिदिनुभयो, तर जब आततायीहरूको हूलले तपाईंलाई कड्केर सोध्यो- "ए, यहाँ कुनै पहाडे लुक्न आएको छ ?" तपाईं मायावी राक्षसझैं मुसुमुसु हाँस्नुभयो र भन्नुभयो- "लैजाऊ, मैले तिम्रा सिकार सुरक्षासाथ राखेको छु।" अनि तपाईंले म, दुर्गा र कल्पितालाई ती दानवहरूको जिम्मा लगाइदिनुभयो। तिनले दुर्गा र कल्पितालाई...।" तिनी फेरि कड्कला-शब्द गरेर रून थालेका थिए। -"बखतमा... दाजु... तपाईंले.... पनि... मलाई...पहाडे नै.....देख्नुभयो।" मैले धेरै सम्झाएँ- "सपना भनेको त सपना हो। हामी त पुस्तैंदेखिसँगै दुःखसुख भोगेका हौं।.... सपनाको कुरालाई लिएर यसरी भक्कानो छाडी रूनुपर्छ ?" .... तर उनको रूवाई थामिएन। ....

प्रभु ढुङ्गेल पेसाले शिक्षक हुन्। उच्चतर माध्यमिक विद्यालय (१०+२) मा पढाउँछन्। कक्षामा भीमनिधि तिवारीको नाटक "शिलान्यास" को प्रसङ्ग चल्यो। उनले लिगलिग राज्यको चलन बताए- "राजा हुन चाहनेहरू चेपे खोलाको दोभानमा जम्मा हुन्थे र बेतोडसित कुट्दथे। सबैलाई उछिनेर कोटमा पुग्नेलाई राजा घोषित गरिन्थ्यो।" एउटा यार्द्रो जुरूक्क उठ्यो- "सर, त्यस दौडमा मधेसी थियो ? होइन भने पहाडेहरू जबरजस्ती हाम्रा मालिक बने, होइन ? बिचरा प्रभु अकमक्क परे- "भाइ, यसमा पहाडे-मधेसीको कुरा कताबाट आयो ? ... छनोट त लिगलिगका राजाको हुन्थ्यो, अनि उनीहरूले नै भाग लिन्थे।" बोल्न त बोलिरहेका थिए, तर कसैले टाउकोमा जोरले हिर्काइदिएझैं दिमाग फनफन्ती घुम्न थालेको थियो। यस सानो कुराले कक्षामा ठूलो बहसको रूप लियो। प्रभुमाथि व्यङ्ग्य-वाणको अनवरत र चतुर्दिक वर्षा हुन थाल्यो। उनको मुटु छियाछिया भयो। दुई शब्द बज्राश्त्रझैं आएर उनकै दिमागमा ठक्कर खान्थे र प्रत्येक तन्तुलाई क्षत-विक्षत पार्थे- पहाडे... मधेसी... पहाडे... पहाडे... पहाडे... पहाडे...। आफ्नो कान थुनी प्रभु कक्षाबाट निस्किए। कक्षाले दिग्विजयको

उत्तेजनामा भयानक अट्टाहास गऱ्यो- "भाग्यो, पहाडे भाग्यो।"

आज बिहान मेरो यार प्रभु फेरि आइपुगे। मैले बस्ने र चिया खाएर जाने आग्रह गरें। उनले मेरो र वीणाको हात एकैचोटी समाते- "म दाजु र भाउजूलाई लिन आएको।... बाहिर रिर्सा उभिएको छ, जाऔं" उनी हामीलाई घिसार्दै कहाँ लिएर जाँदै छन् भनेको त बसस्टप पो ल्याइपुऱ्याएछन्।

सामुन्ने विशालकाय ट्रक उभिएको थियो- हर्दै बकासुरजस्तो लाग्ने। ड्राइभरनजिकको सिटमा दुर्गा र कल्पिता बसेका थिए। छानोमा पलङ, कुर्सी, बाल्टी आदि लादिएका थिए। प्रभुले हामीलाई ट्रक नजिक लगे। कल्पिता मलाई देख्नासाथ ट्रकबाट लगभग हाम्फालेर तल झरी। प्रभुले भने- "दाजु, हामी सदाका लागि जाँदैछौं। कल्पिताले भेट नगरी जान मानिनन्।...."

कल्पिता मेरो छेउमा आइपुगेकी थिई। मलाई अँगालो हाली। भुँडीमा बक्सिङ हान्दै बोली- "अङ्कल, एकदिन मैले हजुरको बारीको आँपको रूखमा उम्रिएको ऐँजेरू लुछेर फालिदिएकी थिएँ। ... हामी पनि मधेसको रूखमा ऐँजेरू नै रहेछौं क्यारे । ... हामी हाम्रो माटोको खोजीमा जाँदैछौं।... नबिर्सुहोला। ..." त्यो बुरूक्क उफ्रेर ट्रकमा बसी। दुर्गा माटोको मुर्ति बनेकी थिइन्। प्रभु अज्ञात यात्रामा हिँडेका जस्ता देखिन्थे। सबै टाँस्सिएर बसेका थिए। ट्रकको सिसाबाट बाहिर तीनवटा कोमल, सेता हात परपरसम्म हल्लिरहे। मेरो कानमा कल्पिताका शब्द गुञ्जिरहेका थिए। म भन्न चाहन्थें- "तिमी ऐँजेरू होइनौं कल्पिता। हामी सबै एउटै माटोका दूबो हौं। हामीलाई कसैले उखेल्न सक्तैन" तर त्यहाँ सुन्ने मानिस कोही थिएन।

(साभार : मधुपर्क, वर्ष २०६५)

आँसु र निराशामा भिजेका स्वरहरू

तीनबीस नाघेको उमेर। नेपाली उखानकै आधारमा भन्ने हो भने डाडापारिको घाम। परिवार को सङ्ख्या २८ जना पुगिसके। लालाबालाको सङ्ख्यामात्र १३ जनाको छ। परिवार ठूलो भए पनि भरथेग गर्ने सहारा भनेकी आफ्नी पत्नी मात्रै छिन्। झुप्रा खोलाको किनारामा झिङ्गटीको ओतमुनि बसेको २५ वर्ष पुगिसक्यो। मिर्मिरे उज्यालो भएदेखि साँझसम्म खोलाको वालुवा ननिकाले र गिट्टी नकुटे हातमुख पनि जोडिँदैन। वर्षायामको बाढीले भिङ्गटी र आफूहरूलाई पात पतिङ्गर झैं बगाउने पो होकि भन्ने छुट्टै चिन्ता छ। बाढीको डरले वर्षाभरिको अनिदो रात अढाई दशकदेखि उनको साथी बनेको छ । बिडम्बना, के गरुन जयबहादुर बादी ? न उनको कहीं एक धुर जग्गा छ, न त परिवारको सदस्यहरूको मजदुरी गर्नु बाहेक अन्य कुनै विकल्प।

यस्तो नियति भोग्ने जयबहादुर एकला भने होइनन्। लाटीकोईली गाविस-१ शान्तिपुर झुप्राका ५५ वर्षीय कुलबहादुर बादीको पनि यस्तै हविगत छ। उनको २३ जनाको परिवारको आशा पनि झुप्रा खोलाको बालुवा र गिट्टी नै हो। जयबहादुर र कुलबहादुरसहित झुप्रा खोलाको बगरमा ६१ घरपरिवार बादी समुदाय बसोबास गर्दछन्। त्यँहा बसोबास गर्ने पाँच वर्षका कलिलाहातदेखि ७५ वर्ष सम्मका चाउरिएका हात बालुवा निकाल्न र गिट्टी कुट्न तँछाड मछाड गर्न बाध्य छन्। यसो नगरे सबैको पेट सारङ्गी झैं खोक्रिन सक्छ । एक धुर कहीं कतै जग्गा नभएका सो समुदायको पीडा विगतका सरकारका पालामा बनेका सुकुमवासी आयोगले पनि सुनेन। बरु उल्टै उनीहरूलाई जिल्ला वन कार्यालयले पटकपटक उठाउने प्रयास पो गऱ्यो। यसको समेत सामना गरी अढाई दशकदेखि झिङ्गटीले ओगटेको जग्गाको लालपूर्जा पाइने आशामा बसेको छ - बादी समुदाय। तर यो उनीहरूको आशा भने कहिल्यै पूरा हुने देखिन्न। झण्डै ३ सय ७० जनसङ्ख्या रहेको सो समुदाय यसरी जीवन गुजारा गरेर बस्नु उनीहरूको गरिबी मात्र पनि कारण होइन। अशिक्षा अनि उनीहरूको दुखलाई शङ्खनाद गरिदिने कोही नभएर पनि हो ।

चार छोरा १२ नाति बुढोको धोक्रो काधै माथि। सबै छोरा नाति भिन्न भैसके। आफनो पेटको गुजाराको लागि आफै बालुवा निकाल्न नदीमा नभासिकन हुन्न। झरी अनि प्रचण्ड गर्मीको प्रवाह गरे भोकै बस्नुपर्छ। ०६० चैत महिनामा आफू बिरामी पर्दा पाँचदिनसम्म बुढाबुढी भोकभोकै बसेको सम्झना गर्दै ६५ वर्षीय हरिबहादुर बादी भन्छन् " खै के यस्तो कर्म लिएर जन्म लिएछु "। बालुवा निकाल्दा र गिट्टी कुटदा ठेला परेको हातखुट्टा देखाउदै उनले रसिलो आँखा पारेर थपे "युगौदेखि बादी समुदायलाई नेपाली समाजले उपेक्षा गरेको परिणाम हामीले भोगिरहेका छौं। मादल र सुल्पा बनाएर जीवन गुजारा गर्ने दिन पनि गयो। कहीं कतै यी लालाबालाहरूलाई लगेर राख्ने ठाउँ पनि छैन्। यहाँबाट पनि उठाउन मात्र खोज्छन्। एक ठाँउमा खुट्टा टेक्ने ठाँउको कसैले व्यवस्था गर्दैनन्। मर्नेबेलामा बाबु बाजेले छोडेको झिङ्गटि मात्रै देख्ने भए नाति पनातिहरूले। "खुइय गरी लामो सास तान्दै हरिबहादुरले सुस्केरा लिए "यो हामीले कुन जुनीको पाप भोग्न बाध्य भयौं। यस्तो नियती कतिसम्म हाम्रा सन्तानले भोग्नु पर्ने हो ।

झुप्रा खोलामा बसोबास गर्ने वादी समुदाय सुर्खेतका मात्र छैनन् । युगौदेखि पछाडि पारिएका र बादी समुदायको पुर्ख्यौली पेशा (मादल बनाउने विवाह पर्वमा नाच्ने र सुल्पा बनाउने) सङ्कटमा परेपछि दैलेख, अछाम, जाजरकोट र डाङबाट समेत त्यँहा आई बसेका हुन्। आफ्नो थातबास छोड्नुपूर्व पनि उनीहरूको घरले चर्चको जग्गाबाहेक केही थिएन। उनीहरू रत्न राजमार्ग निर्माण भएलगत्तै रोजगारीको लागि झुप्रामा आएका हुन्। सदरमुकाम वीरेन्द्रनगरको विकास क्रममा झुप्राको बालुवा र गिट्टीले शुरुमा राम्रै बजार पनि पाएको थियो। घरपरिवारको सङ्ख्या बढदै जानु र बढदो औद्योगिककरणले भने हाल उनीहरूको गिट्टी कुटने पेशा पनि सङ्कटमा परेको छ। सो समुदायको तीन जनाले ड्राइभर पेशा अंगालेका छन्। यसबाहेक एकजनाले पनि रोजगारी पाएका पनि छैनन्.। हालसम्म एकजनाले एसएलसी पनि गरेको छैन। त्यँहा पाँच वर्षदेखि मात्र प्राथमिक विद्यालय सञ्चालन हन थालेको हो। झुप्राखोलालाई आफ्नो कर्मथलो बनाई बसेका यो समुदायका कोही पनि हालसम्म त्यँहाबाट अन्यत्र गएका पनि छैनन्।

"यो उमेरसम्म यसरी बाँच्नु भन्दा त.....। दिन नआएपछि आफै मर्छु भनेर पनि भएन्.। छोरानातिले आफनै गुजारा गर्दै ठिक्क छ। उनीहरूले पनि के नै गरुन् ? लालाबालाहरुलाई पढ्न पठाउनसमेत सकेका छैनन्। दशैं तिहारजस्ता चाड भनेको के हो ? यी लालाबालाहरुले भनेको बेला न खान पाउछन् न त समयानुसारको लुगा नै। गुजाराको लागि टन्टलापुरे घाम नभनी निकालेको बालुवाको भनेजति मोल पनि त पाईदैन्। गिट्टीको पनि त्यही हो। यो जुनीमा आफनो घरजगा छ भन्ने कल्पना सम्मगर्न त पाइएन्। प्राण धान्नको लागि गरेको दुखको परिश्रमको ज्याला पाइए पनि आत्माले शान्ति पाउने थियो। हामी जस्ता गरिब निमुखाहरुको यस धर्तीमा त कोही हुँदा रहेनछन्। दलित पीडितहरुको उत्थान गर्ने संघसंस्थाहरु पनि कोही आउदैनन्। राज्यले उपेक्षा गरेकोले हामीले यो नियती भोगिरहेका छौं। संघसंस्थाहरुले त केही गरेनन्। सरकारले त कमसेकम सोच्नुपर्थ्यो। यस्तै हो भने अढाई दशकदेखि आगटेको झिङ्गटिलाई छोडेर जानुपर्ने पो होकि भन्ने छुट्टै चिन्ता छ। अन्यत्र गएर पनि कसरी गुजारा गर्ने?।" आसु र निरासाले भिजेको स्वरमा जयबहादुरले सोधे "कोही छ हाम्रो लागि बोलिदिने ? "

दुर्गा थापा, सुर्खेत

१. कसैले कुनै बालबालिकालाई आमाबाबु वा संरक्षकको अनुमतिबिना बल प्रयोग गरी वा धम्की दिई डर, त्रास वा अन्य कुराहरू अपनाई अपहरण गरेमा कस्तो सजाय हुन्छ ?

२. नाबालक तथा महिलालाई अपहरण गरेमा कस्तो सजाय हुन्छ ?

३. अपहरणमा संलग्न कसुरदारले पीडितलाई कस्तो क्षतिपूर्ति गराउने प्रावधान छ ?

४. बालअधिकार महासन्धिको बालबालिका बेचबिखन, बाल वेश्यावृत्ति तथा बालअश्लीलता प्रदर्शनविरुद्धका इच्छाधीन आलेख सन् २००२ मा नेपालले कहिले हस्ताक्षर गरेको हो ?

५. वेश्यावृत्तिका लागि महिला र बालबालिका बेचविखनविरुद्धको सार्क महासन्धि कहिले लागू भएको हो ?

६. संयुक्त राष्ट्रसङ्घको महासभाको सुरक्षा परिषद्मा पहिलोपटक कहिले युद्धमा बालबालिकाको संलग्नताको सवालमा छलफल र बहस भएको थियो ?

७. संयुक्त राष्ट्रसङ्घका महासचिवले सशस्त्र सङ्घर्षमा बालबालिकाहरूको विश्वस्तरीय मानवअधिकारको समीक्षा गर्न ग्रासमासललाई विशेष दूतका रूपमा कहिले नियुक्त गर्नुभएको थियो ?

८. अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि १९९९ को बुँदा नं. १८२ मा कति वर्षमुनिका बालबालिकालाई सेनामा भर्ती गराउन निकृष्ट बालश्रम भनी परिभाषित गरिएको छ।

९. न्यूनतम उमेरसम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धिको बुँदा नं. १३८ लाई नेपालले कहिले अनुमोदन गरेको हो ?

१०. नेपालमा मानव बेचविखन तथा ओसार-पसार (नियन्त्रण) ऐन कहिले जारी गरेको हो ?

११. कुनै पनि व्यक्तिले बालबालिकालाई बेच्ने वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले विदेशमा लगेमा त्यस्तो व्यक्तिलाई कस्तो सजायको व्यवस्था गरिएको छ ?

१२. कुनै पनि बालबालिकालाई बेच्ने वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले नेपालभित्र नै एक ठाउँबाट अर्को ठाउँमा लगेमा लाने व्यक्तिलाई कस्तो सजाय हुन्छ ?

१३. कुनै पनि बालबालिकालाई किन्ने वा बेच्ने गरेमा त्यस्तो व्यक्तिलाई कस्तो सजाय हुन्छ ?

१४. बालबालिकाको मुद्दालाई सम्बोधन गर्ने नेपालको पहिलो कुन योजना हो ?

१५. त्यस योजनाले बालबालिकाको के कुरालाई विकास गर्ने लक्ष्य लिएको थियो ?

१६. वैदेशिक रोजगार ऐन तेस्रो संशोधन ०६४ ले कसैले बालबालिकालाई विदेशमा रोजगारमा पठाएमा कस्तो सजायको व्यवस्था गरेको छ ?

१७. श्रम ऐन ०४८ ले कसलाई नाबालक भनी परिभाषित गरेको छ ?

१८. नेपालमा बाल न्याय (कार्यविधि) नियमावली कहिले जारी भएको हो ?

१९. चिया बगानमा, प्रतिष्ठानमा काम गर्ने नाबालक कर्मचारीको मासिक न्यूनतम पारिश्रमिक कति तोकेको छ ?

२०. बाल अदालत वा बाल इजलासले मुद्दा दायर भएको कति दिनभित्र फैसला गरिसक्नु पर्छ ?

मानवअधिकार सामान्यज्ञानको उत्तरहरू

१. सात वर्षदेखि १५ वर्षसम्म कैद र ५० हजारदेखि २ लाखसम्म जरिवाना।

२. नौ वर्षदेखि १७ वर्षसम्म कैदको सजाय हुन्छ।

३. अपहरण भएको मितिदेखि प्रतिदिन ५ सयका दरले क्षतिपूर्ति भराउने व्यवस्था विधेयकमा उल्लेख गरिएको छ।

४. सेप्टेम्बर १४, २००६। ५. सन् २००२। ६. सन् १९९६। ७. सन् १९९४। ८. १८ वर्षमुनिका।

९. ३० मे १९९७। १०. ०६४।

११. १५ वर्षदेखि २० वर्षसम्म कैद र १ लाखदेखि २ लाख रुपियाँसम्म जरिवाना।

१२. १० वर्षदेखि १२ वर्षसम्म कैद र १ लाख रुपियाँसम्म जरिवाना।

१३. २० वर्ष कैद र २ लाख रुपियाँ जरिवाना।

१४. सातौँ राष्ट्रिय योजना (१९८५ देखि १९९०)।

१५. मानसिक, शारीरिक र बौद्धिक विकास गर्ने

१६. ५ हजार रुपियाँसम्म जरिवाना हुने।

१७. १६ वर्ष उमेर पुगेका १८ वर्ष उमेर ननाघेका।

१८. ०६३।

१९. १ हजार ७ सय ५२ रुपियाँ

२०. मुद्दा दायर भएको १ सय २० दिनभित्रमा।

प्रस्तोता: शिव खकुरेल

विनय कसजू, राष्ट्रिय सूचना आयोगको प्रमुख सूचना आयुक्त हुनुहुन्छ । नेपाल सरकार (मन्त्रिपरिषद्) को ०६५ वैशाख २२ गतेको निर्णयअनुसार राष्ट्रिय सूचना आयोगमा उहाँको नियुक्ति भएको हो । वरिष्ठ पत्रकार कसजू, ग्रामीण तहका जनतासम्म सूचनाको पहुँच पुऱ्याउन विभिन्न माध्यममार्फत् लामो समयदेखि क्रियाशील हुनुहुन्छ । उहाँका एक दर्जन जति साहित्यिक कृतिका साथै आमसञ्चार सम्बन्धी पुस्तकहरू एकदर्जन भन्दा बढी सङ्ख्यामा प्रकाशित छन् । यसपटकको प्राचीमा कसजूसँग राष्ट्रिय सूचना आयोगको महत्व र यसका गतिविधिहरू समेटेर मदन पौडेलले गर्नुभएको कुराकानी प्रस्तुत गरेका छौं ।

सूचनाको हकका बारेमा सङ्क्षेपमा बताइदिनुहोस् न ?

सूचनाको हक भन्नाले ऐनको कुरा आयो। सूचनाको हकसम्बन्धी ऐनको उद्देश्य राज्यका सम्पूर्ण कामहरू, सरकारका सम्पूर्ण कामहरू पारदर्शी गर्ने भन्ने हो। यसको आशय जनतालाई शासनमा सहभागी गराउने हो। लोकतन्त्र भनेको जनताको निर्णयबाट चल्ने सत्ता हो। त्यो सत्ता चलाउन जनता सुसूचित हुनुपर्छ। कुनै पनि निर्णय गर्दा जनतालाई सूचना दिनुपर्छ। कुनै पनि निर्णय गर्दा पारदर्शी हुनुपर्‍यो, जनतालाई सूचित गर्नुपर्‍यो भनेर नै सूचनाको हकसम्बन्धी ऐन आएको हो। ऐन आउँदैमा लागू हुन्छ भन्ने होइन। यसका लागि धेरै मिहिनेत गर्नुपर्छ। नेपालको सन्दर्भमा निकै गाह्रो कुरा छ। किनभने, सूचना दिने-लिने परम्परा छँदै छैन। खासगरी राज्य, सरकार र कर्मचारीतन्त्रमा सूचना दिने परम्परै छैन। हाम्रो कर्मचारीतन्त्र राणाकालीन परम्परादेखि नै चल्दै आएको हो, त्यसमा पनि ब्रिटिस इन्डियाको औपनिवेशिक रूपको प्रभाव छ। औपनिवेशिक शासनले उदार ढङ्गले सूचना दिने व्यवस्था थिएन। बेलायतमा पनि धेरैपछि सूचनाको हक लागू भएको हो। युरोपका अन्य देशमा सूचनाको हक लागू भइसक्दा बेलायतमा भएको थिएन। त्यो प्रभाव हामी भारतमा देख्छौं। भारतमा पनि सन् २००५ मा आएर सूचनाको हक लागू भएको हो। नेपालमा राणाशासनदेखि चल्दै आएको कर्मचारीतन्त्र अहिले पनि छ। नेपालमा विभिन्न चरणमा आन्दोलन भए। सत्ता फेरियो तर कर्मचारीतन्त्र फेरिएन। अपारदर्शी कर्मचारीतन्त्र सबभन्दा ठूलो सूचनाको हकको बाधक हो।

अपारदर्शी कर्मचारीतन्त्रले कसरी सूचनाको हकलाई कुण्ठित गर्छ ?

सबै कुरा गोप्य राख्नुपर्छ भन्ने मान्यता छ। सरकारी काम गोप्य हुन्छ भन्ने मान्यताबाट कर्मचारीतन्त्र चलेको छ। गाउँमा कुलो बन्ने हो कि होइन भन्ने जान्न संसद्को जिरो आवरमा सोध्नुपर्छ। एक नागरिकले आफ्नो गाउँमा कुलो बन्ने हो कि होइन भन्ने जान्न, सोध्न पाउँदैन। सबै कुरा सरकारी फाइलमा गोप्य रहन्छ। त्यस्तै गाउँमा बाटो बन्छ। त्यो बाटो बनाउने ठेकेदारले कति रुपियाँ पाउँछ ? कति जना मजदुर काममा खटिएका छन् ? मजदुरको हाजिर राखिएको छ कि छैन ? कस्तो सामान प्रयोग गरेको छ ? यी यस्ता विषयमा जनतालाई जानकारी दिने चलन नै छैन। त्यसो हुँदा भ्रष्टाचार मौलायो। जनताका नाममा आएको कुरा, जनताका लागि आएको पैसा, जनताको नाममा खर्च हुँदैछ। तर, जनतालाई अधिकार हुँदैन यी विषयमा प्रश्न सोध्ने ! मेरो टोलमा धारो बन्दैछ, कतिओटा धारो बन्ने हो ? सडक बन्दैछ। सडक कति फराकिलो हुने हो ? यी र यस्ता विषयमा जनतालाई सोध्ने अधिकार छैन। सूचनाको अधिकार नभएसम्म यस्तो अवस्था रहिरहन्छ। लोकतन्त्रमा जनता नै देशको मालिक हो भनेपछि सबै कुरा जान्ने अधिकार त जनताको हुन्छ। वास्तवमा सूचना पाउनु जनताको अधिकार हो। त्यो जनताको सम्पत्ति हो। त्यो सूचनाको संरक्षण गरेर बसेको हुन्छ कर्मचारीतन्त्र। तर, त्यसो नभएर सूचनाको मालिक हामी हौं, यो सूचना हामीले राख्नुपर्छ, जनतालाई दिने होइन भन्ने सोच कर्मचारीतन्त्रमा रहेको छ।

तर, विश्वका अन्य देशको भन्दा सूचनाको मामलामा हामी प्रगतिशील छौं भनिन्छ नि ?

त्यसो होइन। भारतको तुलनामा हामी पछाडि नै छौं। भारतमा सूचनाको हकको कुरा उठेको सन् १९८७ देखि हो। भारतमा राजस्थानबाट सूचनाको हकको कुरा उठेको हो। कामका लागि खाद्यान्न कार्यक्रममा गाउँलेलाई नै काममा लगाएको छ, हाजिरी क-कसको छ तर गाउँलेलाई नै थाहा छैन कि क-कसलाई काममा लगाएको छ, उनीहरूले कति ज्याला पाउने हो थाहा छैन। त्यस कार्यक्रममा के भएको रहेछ भने मजदुरको ज्याला २२ रुपियाँ रहेछ तर उनीहरूले ११ रुपियाँ मात्र पाएका रहेछन्। त्यस्तै १५ जनाले काम गरेका छन्, हाजिरी १ सय जनाको छ। हाजिरी हेर्दा मरेका मान्छेको छ। काम नै नगरेका मान्छेको छ। लेख्न जान्ने मान्छेको पनि ल्याप्चे सही छ। यस्ता किसिमका

अनियमितता देखियो र त्यहाँ आन्दोलन नै चल्यो। नागरिक समाज, मजदुरद्वारा सूचनाको हकका लागि आन्दोलन नै चल्यो। सूचनाको हक नै नभने पनि मजदुरले कति तलब पाउने भनेर आन्दोलन नै भयो। कुनै विद्यालय भवन बन्दैछ भने त्यो विद्यालय भवनलाई कति बजेट आएको छ ? कति जनाले काम गर्ने, कति बोरा सिमेन्ट, ढुङ्गा आयो यी सबै जान्ने अधिकार त जनतालाई छ नि ! यसका लागि आन्दोलन गर्दा धेरै सघर्ष गर्नुपर्‍यो र सरकारले निर्णय गर्‍यो र सबै कुराको जानकारी दियो। पछि सबै कुरा जनतालाई देखाउँदा त्यहाँ ठूलो अनियमितता भएको देखियो। त्यसै समयदेखि नागरिक समाजले जनतालाई सरकारी कामकाजमा रासन कार्ड बनाउने, नागरिकता बनाउने, जग्गा पास गर्ने, रसिद लिने व्यवस्था सरकारले गरेको थियो। त्यसैले सूचनाको हक जनताको जनजीविका, जीवनशैलीसँग जोडिएको छ भन्ने हिसाबले भारतमा आन्दोलनको सुरुआत भएको हो। र, सरकारी कामकारबाही किन ढिला भयो भनी सूचना माग्न थाले। नेपालमा भने सूचनाको हकका लागि पत्रकारहरूले आन्दोलन गरेर ल्याएको हो। सूचनाको हक भन्नाले पत्रकारले सूचना पाउनुपर्छ भनेर आएको छ। पत्रकार महासङ्घ, असल शासन तथा मानवअधिकारको क्षेत्रमा काम गर्ने संस्थाले सूचनाको हक जनताको बलियो हतियार हुनसक्छ भनी आन्दोलन गरेका थिए। संसारभरि सूचनाको हकको प्रयोग पत्रकारले भन्दा जनताले बढी गरेको पाइन्छ। सूचनाको हक वास्तवमा असल शासनका लागि हो। यसकारण सूचनाको हक पत्रकारका लागि भन्दा जनताका लागि हो। नेपालको हकमा पत्रकारले जनताको प्रतिनिधि भएर माग्छन् र माग्नुपर्छ किनभने जनता सूचना माग्ने अवस्थामा छैनन्। यसरी पत्रकारले सूचना माग्ने कुरा बेग्लै हो तर सूचनाको हक जनताका लागि नै हो र जनताले नै गएर सूचना माग्नुपर्छ।

यति धेरै समस्याहरू छन् सूचना आयोगचाहिँ कहाँ छ ?

सूचना आयोगको दुई किसिमको भूमिका रहन्छ। यदि सार्वजनिक महत्त्वको सूचना माग्न जाँदा नपाएको खण्डमा कार्यालयको प्रमुखलाई उजुरी गर्नुपर्छ। उजुरी गर्दा पनि कार्यालय प्रमुखले सूचना दिएन वा चित्त बुझेन भने सूचना आयोगमा पुनरावेदन गर्न सकिन्छ। आयोगको अर्धन्यायिक भूमिका हुन्छ। आयोगले उसले मागेको सूचना उपलब्ध गराउन आदेश दिन्छ। अर्को भूमिका भनेको सूचनाको प्रभाव प्रत्येक कार्यालयले तीन-तीन महिनामा अद्यावधिक गरी प्रकाशित गर्नुपर्छ। त्यो काम भएको छ कि छैन भन्ने हेर्ने, अनुगमन गर्ने/गराउने जिम्मेवारी सूचना आयोगको हो।

यी विषयअन्तर्गतका कुनै उजुरी आयोगमा परेको छ कि छैन ?

हालसम्म परेको छैन। आयोगमा उजुरीको सरल व्यवस्था हुनुपर्‍यो, सीधै उजुरी गर्नसक्ने व्यवस्थासहितको नियमावली बनाउनुपर्‍यो भनी लेखी पठाएका छौँ। ऐन बनेपछि नियमावली त बन्नुपर्‍यो नि ! सूचना पनि सरल र सहज तरिकाले सस्तो रूपमा पाउनुपर्छ भन्ने हाम्रो मान्यता छ। जस्तो निवेदनमा पाँच रुपियाँको टिकट टाँसे पुग्ने, अहिले सूचनाप्रविधिको प्रयोग गरी कुनै पनि ढाँचामा सूचना लानसक्ने व्यवस्थासहितको नियमावली बनाउनका लागि हामीले सरकारलाई सिफारिस गरी पठाएका छौँ।

सूचना आयोगको काम-कारबाहीका बारेमा चेतना जगाउन आयोगले के काम गरिराखेको छ ?

अहिलेसम्म हाम्रो कार्यालय भवन छैन। हामी जतिसक्दो चाँडो कार्यालय भवन राख्न चाहन्छौँ। हामीसँग आवश्यक मात्रामा कार्मचारी छैनन्। पहिलो कुरा त कार्यालय स्थापना र कर्मचारीको व्यवस्था नै हो। नयाँ आर्थिक वर्ष सुरु हुन लाग्दा आयोगको स्थापना भएको र नयाँ बजेट पनि नआएका कारण समस्या परेको हो। हाम्रो सम्पर्क भनेको सञ्चार मन्त्रालयसँग हो। हामीले कर्मचारी माग्ने भनेको सञ्चार मन्त्रालयसँग हो र सञ्चार मन्त्रालयले सामान्य प्रशासन मन्त्रालयसँग हो। माग्ने प्रक्रिया नै लामो छ। हामीले कर्मचारी माग गरिसकेका छौँ। हालसम्म व्यवस्था भएको छैन। अर्को कुरा सूचना आयोगको कर्मचारीको आकर्षण देखिँदैन। सबैभन्दा गाह्रो विषय भनेको आयोग आफैँले कर्मचारी नियुक्ति गर्ने व्यवस्था ऐनमा छैन। सरकारले नै कर्मचारी उपलब्ध गराउनुपर्ने व्यवस्था ऐनले गरेको छ। आयोगको कामको प्रकृति जहिले पनि टसल गर्नैपर्ने खालको छ। आयोगमा जुन कर्मचारी आउँछ, त्यो निजामती कर्मचारी नै हो। तसर्थ, उसबाट काम-कारबाही गर्न कत्तिको सहज हुन्छ ? तसर्थ, आयोग आफैँले कर्मचारी नियुक्ति गर्ने व्यवस्था गरिनुपर्छ भनेर हामीले सिफारिस गरेका छौँ। तर, ऐनमा त्यो व्यवस्था छैन। ऐन संशोधन नगरी त्यो सम्भव पनि छैन। हामीले के भनेका छौँ भने संविधानमा नै आयोगलाई संवैधानिक अङ्गका रूपमा उल्लेख गरिनुपर्ने, संसद्प्रति आयोग उत्तरदायी हुनुपर्ने र संसद्ले नै बजेटको व्यवस्था गर्नुपर्नेलगायतका विषयमा हामीले सरकारलाई सिफारिस गरेका छौँ। हाम्रो टसल भनेको कर्मचारीतन्त्रसँग नै हो तसर्थ यो स्पष्ट छ कि त्यही कर्मचारीतन्त्रबाट आएका कर्मचारीबाट कत्तिको काम हुन्छ भनेर हेर्नुपर्ने छ। यो ऐन राजनीतिक दल, गैरसरकारी संस्था, डाक्टर, अस्पताल सबैमा लागू हुन्छ। डाक्टरले औषधिको नाम लेख्दा नबुझिने अक्षरमा लेखिराखेको हुन्छ। यदि बिरामीले त्यही कारणबाट अर्कै औषधि सेवन गरी मृत्यु भयो भने त्यहाँ सूचनाको हक लागू हुन्छ कि हुँदैन ? उसले बुझिने अक्षरमा औषधिको नाम लेख्नुपर्थ्यो कि पर्दैनथ्यो ? तसर्थ डाक्टर, वकिल तथा जनताका सरोकार भएका सबै पेसामा ऐन लागू हुन्छ। यो यति व्यापक छ कि नेपाललाई लोकतान्त्रिक बनाउने महत्त्वपूर्ण साधन हो। जिल्ला-जिल्लामा आन्दोलनका रूपमा सूचनाको हक लिने बानी बसाल्नुपर्छ। मेरो गुनासो गैससँगै हो। ऐन बन्नासाथै सबैभन्दा पहिला स्वागत गर्ने इन्सेक नै हो। त्यसपछि क-कसले गरे मलाई थाहा छैन। सूचनाको हक भनेको असल शासन र मानवअधिकारको एक क्षेत्र नै हो। तसर्थ, गैससले यसको वकालत गर्नुपर्ने हो तर त्यसो भएको छैन। यो त पत्रकारहरूको जिम्माको विषय हो भनेर छाडेको अवस्था छ।

यो आयोग पनि दलित आयोग, महिला आयोगजस्तै छायाँमा पर्ने हो कि ? यसलाई प्रमोसन गर्न के कस्ता योजनाहरू

बनाउनुभएको छ ?

हामीले अहिले सरकारका मन्त्रालय र मन्त्रालयअन्तर्गतका विभागहरूमा को को छन् त भनी नाम सङ्कलन गरिराखेका छौँ। हामी त्यसलाई सार्वजनिक रूपमा प्रकाशित गर्छौँ। त्यसैगरी प्रत्येक कार्यालयलाई तीन-तीन महिनामा कार्यालयको विवरण प्रकाशित गर भनेर भनी राखेका छौँ। कार्यालयमा भएका सूचना अधिकारीले कार्यालयमा भएका सबै कुराको जानकारी थाहा पाउनुपर्छ। सूचना अधिकार तल्लो तहको छ भने हाकिमले उसलाई सूचना नदिन पनि सक्छ। तसर्थ, ऐनमा सूचना अधिकारी कार्यालय प्रमुख भन्दा एक तह मुनिको हुनुपर्छ भनिएको छ। त्यसका लागि हामीले काम गरिराखेका छौँ। यी सबै कुरा गर्नका लागि ऐन-कानुन पर्याप्त हुनुपर्छ। सूचना विभागले उपलब्ध गराउने विज्ञापनमा बज्ने गरी दुई-तीनओटो सूचना आयोगसम्बन्धी विज्ञापन बनाएर पठाएका छौँ। अहिले नै ठूलठूलो काम गर्छु भन्ने अवस्था छैन।

कहिलेसम्म आयोग आफ्नै घरमा सर्ला ?

यो प्रक्रिया नै लामो छ। यसमा दुई-तीनओटा बाधाहरू छन्। सूचनाको हकको कुरा गर्ने आयोग भएको हुँदा घर पाउन गाह्रो छ। घरबालाले १ लाखमा घर लियो भने १० हजारको मात्र भर्पाइ बनाउँछ र घरबहाल कर तिर्छ। त्यो कारणले पनि आयोगलाई घर पाउन गाह्रो भएको हो। सरकारकै कुनै घरहरू खाली छन् भने चाँडो हुन्छ। निजी घरहरू नखोजेका होइनौँ तर सूचना आयोगका लागि भनेपछि गाह्रो भयो। हामीले कार्यालय सिंहदरबारभन्दा बाहिर नै हुनुपर्छ भनेका छौँ। सिंहदरबारभित्र बस्ने भए कोठा खाली गरिदिन्छौँ भनेका थिए तर हामीले मानेनौँ।

सूचना आयोगले नागरिक समाजलगायतसँग गर्ने अपेक्षा के छ ?

नागरिक समाजे सूचनाको हक जनताको हक हो र लोकतन्त्र, सुशासनका लागि भनेर वकालत गरोस्, कार्यक्रमहरू सञ्चालन गरिदियोस्, रूपचन्द्रले रूखरूख र भित्ताभित्तामा 'थाहा' लेखेका थिए। तसर्थ, उनको जन्मदिनलाई 'थाहा' दिवसका रूपमा मनाउन भनेर नागरिक समाजले काम गर्न सक्छ। 'थाहा' दिवस किन मनाउने भनेको भने रूपचन्द्रले जुन क्षेत्रको कामका बारेमा थाहा पाउनुपर्छ भनेर रूखरूख, भित्ताभित्तामा 'थाहा' लेखेका थिए, त्यो सूचनासँग जोडिएको छ। तसर्थ, उनको सम्झनामा र उनले गरेको काम सही थियो भनेर मैले 'थाहा' दिवस मनाउनुपर्छ भनेको हो। उनले थाहा पाउनुपर्ने अधिकारका बारेमा बोलेका थिए। अब आउने सेप्टेम्बर २८ मा उनको दिवस छ। यसमा गैससहरूले व्यापकरूपमा काम गरिदियोस् भन्ने आयोगको अपेक्षा छ।

आयोगले गरेका सिफारिस लागू हुन्छ भन्ने विषयमा कत्तिको विश्वस्त हुनुहुन्छ ?

मुख्य कुरा राजनीतिक प्रतिबद्धता नभईकन हुँदैन। राजनीतिक प्रतिबद्धता भनेको प्रधानमन्त्रीदेखि लिएर मन्त्रीहरूले आफ्ना भाषणहरूमा सूचना आयोगका चिट्ठीहरूलाई रेस्पोन्स गर्नुपर्‍यो भनेर बोल्नुपर्‍यो। हामीले २१ ओटा मन्त्रालयलाई चिट्ठी पठायौँ। पाँचओटा मन्त्रालयले राम्रो रेस्पोन्स गरे। तसर्थ, राजनीतिक प्रतिबद्धता नभईकन हुँदैन। निजामती कर्मचारीहरूमा पनि सचिवस्तरबाट सूचनाको हकलाई मान्छौँ भन्ने प्रतिबद्धता आउन आवश्यक छ। उनीहरूबाट सूचनाको हकको पालना गर्नु भनी मातहतका कार्यालयमा परिपत्र गए मात्र आयोगको सिफारिस लागू हुनसक्छ। जनतालाई देश लोकतन्त्रमा गएको अनुभूति दिलाउने माध्यम भनेको अहिलेको अवस्थामा सूचनाको हक हो। सूचना जनतालाई दिन सके लोकतन्त्रको अनुभूति दिलाउन सकिन्छ।

हार्दिक श्रद्धाञ्जली

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का साधारण सदस्य तथा प्रसिद्ध साहित्यकार एवम् वरिष्ठ पत्रकार अग्निशिखा (शुकदेव नेपाल) को ४४ वर्षको उमेरमा असोज ६ गते भएको असामयिक निधनले इन्सेक परिवार स्तब्ध भएको छ । साहित्य, पत्रकारिता र जनपक्षीय राजनीतिमार्फत जनताका अधिकार बहालीका लागि सक्रिय नेपालले प्राची संचेतना द्वैमासिकको सम्पादनका साथै अन्य प्रकाशनहरूको लामो समयसम्म सम्पादन गर्नु भई अविस्मरणीय योगदान पुऱ्याउनु भएको थियो । उहाँको असामयिक निधनबाट इन्सेकले एक जन्म असल, इमान्दार, निष्ठावान र सामाजिक न्यायमा क्रियाशील सहयोगी गुमाएको छ ।

यस घडीमा अग्निशिखाप्रति भावपूर्ण श्रद्धाञ्जलि व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

सुबोधराज प्याकुरेल, अध्यक्ष
तथा
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) परिवार



इन्सेकका केही प्रकाशनहरू





www.inseconline.org

नेपालको पहिलो

मानवअधिकार समाचार अनलाइन

नेपाली र अङ्ग्रेजी भाषामा

मानवअधिकारसम्बन्धी विविध समाचारहरु समेटिएको यस वेबसाइटमार्फत् देशको मानवअधिकार स्थितिको ताजा जानकारी लिनुहोस ।